# लामाचौरका सार्की जातिको परम्परागत पेसामा आएको परिवर्तनको समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र/मानवशास्त्र विभाग स्नातकोत्तर तह दोस्रो वर्षको समाजशास्त्र विषयको आठौँ पत्रको आंशिक आवश्यकता पुरा गर्न तयार पारिएको

**शोधपत्र**


**शोधार्थी**

ध्रुव के.सी.

क्याम्पस रोल नं. : २३/०६३

त्रि.वि. दर्ता नं. ६-१-४८-४४४-९८



त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा

२०७०


लामाचौरका सार्की जातिको परम्परागत पेसामा आएको ... ध्रुव के.सी. २०७०

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषय अन्तर्गत समाजशास्त्र तथा मानव शास्त्र विभागद्वारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तह द्वितीय वर्षको शोधपत्र परिपूर्तिका लागि शोधकर्ता छात्र **ध्रुव के.सी.**ले **लामाचौरका सार्की जातिको परम्परागत पेसामा आएको परिवर्तनको समाजशास्त्रीय अध्ययन** शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष सुझाव र निर्देशनमा तयार गर्नुभएको हो । यो शोधपत्रप्रति सन्तुष्टि प्रकट गर्दै यसको समुचित मूल्याङ्कन तथा स्वीकृतिका लागि समाजशास्त्र तथा मानवशास्त्र विभाग, शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मिति : २०७० चैत्र २६

ई.स. २०१४ अप्रिल ९

______________________

शुक्रराज अधिकारी

शोध निर्देशक

समाजशास्त्र विभाग

पृथ्वी नारायण क्याम्पस, पोखरा

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोत्तर तहको पाठ्यक्रमअनुरूप **ध्रुव के.सी.**द्वारा तयार गरिएको **लामाचौरका सार्की जातिको परम्परागत पेसामा आएको परिवर्तनको समाजशास्त्रीय अध्ययन** शीर्षकको यस शोधपत्रलाई देहायको मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

.....................................

शुक्रराज अधिकारी

शोध निर्देशक

...............................................

डा. विकास के.सी.

बाह्य परीक्षक

.........................................

शान्ति भुसाल

विभागीय प्रमुख

मिति : वि.सं. २०७०

# कृतज्ञता ज्ञापन

नेपालमा विभन्नि जातजाति, भाषाभाषी तथा संस्कृति भएका मानिसहरू परापूर्व कालदेखि बसोबास गर्दै आएका छन् । नेपाली समाजमा रहेका दलित जातिमध्ये सार्की जातिको बारेमा अध्ययन गर्ने मेरो रुचि थियो । यसै क्रममा त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रमको सेरोफेरोमा रही गण्डकी अञ्चल कास्की जिल्ला लामाचौर गाउँ विकास समिति वडा नं. ३ खत्रीडहर, भक्तिपथमा रहेका सार्की जातिको परम्परागत पेसामा आएका परिवर्तनको समाजशास्त्रीय अध्ययन अन्तर्गत समाजशास्त्र तथा मानवशास्त्र विभाग सनातकोत्तर तह द्वितीय वर्षको आठौँ पत्रको प्रयोजनका लागि तयार गरेको छु । सर्वप्रथम म यस शोधपत्र लेखनका प्रारम्भदेखि अन्त्यसम्म आवश्यक सहयोग सल्लाह, सुझाव प्रदान गर्नुहुने व्यक्ति सङ्घ संस्था एवम् लामाचौर गा.वि.स. कार्यालयप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधपत्र तयारीका क्रममा आफ्नो राय सल्लाह र सुझाव प्रदान गर्नुहुने र हौसला प्रदान गर्नु हुने शोध निर्देशक आदरणीय गुरु शुक्रराज अधिकारीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै अध्ययनको कार्यमा सहयोग गर्ने मेरा घर परिवार जीवन साथी मान कुमारी केसी प्रति आभार व्यक्त गर्दछु । साथै अध्ययनको सिलसिलामा मलाई सहयोग गर्नु हुने यस पृथ्वीनारायण क्याम्पस पोखरा, समाजशास्त्र, मानवशास्त्र विभागका विभागीय प्रमुख लगायत गुरुजनहरू, कर्मचारीहरू, पुस्तकालयका कर्मचारीहरू, अध्ययन क्षेत्रका सम्पूर्ण सार्की दाजुभाईहरू, गा.वि.स. का मुखिया सूर्य नेपाली, लामाचौर राजनैतिक दलका प्रतिनिधिहरू लगायत सार्की जातिका बारेमा जानकारी दिनुहुने देवबहादुर नेपाली एवम् लालबहादुर नेपाली, विनोद नेपाली लगायत सम्पूर्ण महानुभावहरूप्रति समेत आभार व्यक्त गर्दछु ।

अन्त्यमा शोधपत्रको लागि टङ्कन तथा प्रिन्टमा सहयोग गर्नुहुने श्रेष्ठ कम्प्युटर सर्भिस, नदीपुरप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

ध्रुव के.सी.

शोधार्थी

# शोधसार

नेपाल सामाजिक सांस्कृतिक तथा भौगोलिक विविधताले भरिपूर्ण राष्ट्र हो । यहाँ विभिन्न जातजाति र भाषभाषीको बसोबास रहेको छ । यहाँका १०२ जातजातिहरूमध्येमा सीमान्तकृत अल्पसंख्यक पेशागत सार्की पनि पेसागत जाति हो । सार्की जातिलाई पहिला पहिला देखिनै सार्की भनिन्थ्यो भने आजकल युवापिढीहरू नेपाली, बस्याल, चर्मकार, रोक्का, मिजार आदि लेख्ने गरेको पाइन्छ । सार्की जातिको परम्परागत पेशामा आएको परिवर्तनको कारण समाजशास्त्रीय अध्ययनको विषयभित्र हुँदा र यस अध्ययनले आधुनिकीकरणसँगै परम्परागत पेशाहरूलाई विस्थापन गर्ने प्रवृत्तिको अध्ययन गरिएको छ । यो अध्ययनमा कास्की जिल्ला निर्वाचन क्षेत्र नम्बर २ मा पर्ने लामाचौर गाविस वडा नं. ३ को दुई गाउँ खत्रीडहर/भक्तीनाथमा रहेका सार्की समुदायलाई छनोट गरिएको छ । यस अध्ययनबाट सार्की लगायत अन्य पेसागत जातिको परम्परागत पेशामा आएको परिवर्तन प्रवृत्ति बुझ्न अध्ययनले सहयोग पुऱ्याएको छ ।

२०५८ सालको राष्ट्रिय जनगणना अनुसार नेपालभर सार्की जातिको जनसङ्ख्या ३१८९८ रहेको छ । जुन कुल आँकडाको १.४०% हुन आउँछ भने शोधपत्र तयारीका क्रममा लामाचौर गाविस वडा नं. ३ खत्रीडहर, भक्तीपथमा गरिएको अध्ययन अनुसार ३७ घर धुरीको जनसङ्ख्या १६१ रहेको छ । जसमा महिला ८० जना र पुरुष ८१ जना रहेका छन् । जसमध्येबाट २० घरधुरीबाट प्रत्येक घरबाट १ जना पर्ने गरी २० जना सार्की मध्येबाट परम्परागत पेसा र परिवर्तित पेसा अपनाएका विद्यार्थी युवापिढी, राजनैतिक कार्यकर्ताको बारेमा वैयक्तिक अध्ययन गरिएको छ । सार्की जातिले परम्परागत पेशाका रूपमा छालाको काम गर्ने/जुत्ता सिलाउने, हलि बस्ने, मजुरी, कृषि पेशा अपनाएको पाइयो । परम्परागत रूपमा साकीर्ं जातिहरू छालाको काम गर्ने/जुत्ता सिलाउने मादल बनाउने र चाडपर्व मेलामा लगेर टाढासम्म पुगेर बेच्ने गर्दथे । मुजुरीको रूपमा वार्षिक अन्न धान पाउने गरी साहु महाजनकहाँ हलो जोत्ने गरेको गर्दथे । हिन्दु धर्मालम्बि सार्की जाति समय क्रममा यही पेश ागर्ने जातिका रूपमा परिचित छन् । तर यिनीहरूलाई सामाजिक धार्मिक हिसाबले अछुत जातिमा राखी छुवाछुतको भेदभावपूर्ण व्यवहार गर्दै आएको पाइयो । सार्की जातिमा परम्परागत पेसाहरूबाट जीवन निर्वाह नहुने महसुस गरी आधुनिकीकरणसँगै विभिन्न पेसा अपनाउने लहर चल्यो रोजगारी, व्यापार, वैदेशिक

रोजगारी, स्वदेशी जागिर ज्याला मजदुरी जस्ता अवसरहरू प्राप्त हुने अवस्थामा परम्परागत पेशा छाड्दै गएको र आधुनिक पेशा अपनाउँदै गएको पाइन्छ । आधुनिकीकरण सँगै परम्परागत पेसा विस्थापन भई नयाँनयाँ पेसाको सृजना हुँदै गएका छन् ।

यसले समाजशास्त्रीय अध्ययनकर्ता र योजनाकारहरूलाई सार्की जाति लगायत अन्य पेशागत जातिका उत्थानमा कार्यक्रम तय गर्न र नीति बनाउन सहयोग पुग्ने आशा लिइएको छ । भने समाज र परिवार गरी त्यस अन्तर्गत देखिएका परिवर्तनको अध्ययन गर्दै सार्की समुदायको जीवनस्तर पेसा परिवर्तनमा केन्द्रित रही प्रस्तुत अध्ययनले विश्लेषणात्मक अवधारणात्मक योजना बनाएको छ । सार्की समुदायले परम्परागत पेशाबाट जीवन निर्वाहमा कठिनाई भएको समाजले हेलत्वको दृष्टिले हेरेको, नियमित आम्म्दानी नहुनु, ज्यालामा कमी भएको कारणले र आधुनिकतासँगै परम्परागत पेसा छाड्ने र आधुनिक पेसा अँगाल्ने परिपाटीको विकास तीव्र रूपमा बढेको पाइयो । साथै स्वदेशी रोजगारी, व्यापार, वैदेशिक रोजगार, कृषि मजदुर, औद्योगिक मजदुरी, आदिमा आबद्धताले उनीहरूको जीवनस्तर केही माथि उठेको र सुधारोन्मुख रहेका र जसले गर्दा नियमित आम्दानीको स्रोत सामाजिक मर्यादा बढेको आम्दानी बढेको हुने गरेको देखिन्छ ।

सार्की समुदायमा रोजगारीमूलक तालिम दिने, शिक्षामा पहुँच वृद्धि गर्ने र रोजगार नभएका परिवारमा पनि रोजगारीको विकास गर्दै, मर्यादित बनाउँदै उनीहरूको सर्वाङ्गीण विकासमा ध्यान दिनुपर्ने र जुत्ता सिलाउने पेसालाई कारखानाका रूपमा विकास गर्नु पर्ने देखिन्छ । सार्की समुदायले विगतमा अपनाएका परम्परागत पेसाले उनीहरूको आवश्यकता पुरा गर्न नसकेकोले र उनीहरूको स्तर समाजमा तल्लो रूपमा रहेको र वैकल्पिक पेशामा संलग्न रहेका मानिस र निजको घर परिवारको समेत आम्दानीको स्तर राम्रो र समाजमा प्रतिष्ठित रूपमा बस्दै आएको पाइन्छ । उनीहरूले परम्परागत पेशा परिवर्तन गर्नु पर्नाका र पेशा परिवर्तन गर्न बाध्य पार्ने विभिन्न कारण रहेका छन् जसले गर्दा जातिले आफ्नो परम्परागत पेसा एवं संस्कृतिको जगेर्ना गर्न चाहँदा चाहँदै पनि नसकिरहेको पाइन्छ ।

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| सिफारिस पत्र | | II |
| स्वीकृति पत्र | | III |
| कृतज्ञता ज्ञापन | | IV |
| शोधसार | | V |
| विषय सूची | | VI |
| सङ्क्षिप्त रूप | | X |
| अध्ययनमा प्रयोग भएका पारिभाषिक शब्दहरू | | XI |
| **अध्याय एक : शोध अध्ययनको परिचय** | | **१-८** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनका उद्देश्यहरू | ५ |
| | १.३.१ सामान्य उद्देश्य | ५ |
| | १.३.२ विशिष्ट उद्देश्य | ५ |
| १.४ | अध्ययनको महत्व तथा औचित्य | ५ |
| १.५ | अवधारणागत ढाँचा | ६ |
| १.६ | अध्ययनको सीमा | ८ |
| १.७ | अध्ययनको सङ्गठन | ८ |
| **अध्याय दुई : पूर्व अध्ययनको समीक्षा** | | **९-१७** |
| २.१ | सैद्धान्तिक समीक्षा | ९ |
| | २.१.१ उद्विकासवादी सिद्धान्त | ९ |
| | २.१.२ संरचनात्मक प्रकार्यवादी सिद्धान्त | १० |
| | २.१.३ आधुनिकीकरण सिद्धान्त | ११ |
| | २.१.४ मार्क्सवादी सिद्धान्त | १२ |
| | २.१.५ विश्व व्यवस्था सिद्धान्त | १३ |
| २.२ | व्यावहारिक अनुसन्धानको समीक्षा | १४ |

**अध्याय तीन : अनुसन्धान विधि** **१८-२२**

३.१ अध्ययन क्षेत्रको छनोट १८

३.२ अध्ययन क्षेत्रको परिचय १८

३.३ अध्ययनको ढाँचा २०

३.४ तथ्याङ्कको स्रोत तथा प्रकृति २०

३.५ अध्ययन विधि २०

३.५.१ अवलोकन २०

३.५.२ वैयक्तिक अध्ययन २१

३.५.३ समूह केन्द्रित छलफल २१

३.६ अध्ययनको विश्लेषण र प्रस्तुतीकरण २२

**अध्याय चार : वैयक्तिक अध्ययन** **२३-६१**

**अध्याय पाँच : सार्की जातिका परम्परागत पेसाहरू र पेसाप्रतिको धारणा** **६२-६९**

५.१ परम्परागत पेसाहरू ६२

५.१.१ छालाको काम गर्ने ६२

५.१.२ हली बस्ने/मुजुरी ६४

५.१.३ मेलापात/पर्म ६४

५.१.४ कृषि पेसा, खेतीपाती, पशुपालन ६५

५.२ सार्की जातिको परम्परागत पेसाप्रतिको धारणा ६६

५.२.१ पेसाप्रतिको सकारात्मक धारणा ६६

५.२.२ पेसाप्रतिको सुधारात्मक धारणा ६८

**अध्याय छ : परिवर्तित पेसाहरू र परिवर्तनका कारणहरू** **७०-७९**

६.१ परिवर्तित पेसाहरू ७०

६.१.१ वैदेशिक रोजगार ७०

६.१.२ व्यापार ७१

| | | | |
|---|---|---|---|
| | ६.१.३ | स्वदेशी रोजगार | ७१ |
| | ६.१.३.१ | सरकारी तथा गैरसरकारी | ७१ |
| | ६.१.३.२ | औद्योगिक नोकरी | ७२ |
| | ६.१.४ | होटल | ७२ |
| | ६.१.५ | निर्माण मजदुर | ७२ |
| | ६.१.६ | कृषि पेसा | ७२ |
| | ६.१.७ | यातायात मजदुर | ७३ |
| | ६.१.८ | छालाको काम गर्ने | ७३ |
| | ६.१.९ | हली बस्ने/मुजुरी उठाउने | ७४ |
| ६.२ | पेसा परिवर्तनका कारणहरू | | ७४ |
| | ६.२.१ | वैदेशिक रोजगारीको अवसर | ७४ |
| | ६.२.२ | स्वदेशी रोजगारी | ७५ |
| | ६.२.३ | कृषिमा आधुनिकीकरण | ७५ |
| | ६.२.४ | जीवन स्तरमा आएको परिवर्तन | ७६ |
| | ६.२.५ | सामाजिक प्रतिष्ठा | ७६ |
| | ६.२.६ | शैक्षिक जागरण | ७६ |
| | ६.२.७ | सूचना र प्रविधिको विकास | ७७ |
| | ६.२.८ | पूँजीवादको प्रभाव | ७७ |
| | ६.२.९ | सहरीकरण | ७८ |
| | ६.२.१० | सामाजिक सुरक्षा | ७८ |

**अध्याय सात : सारांश, निष्कर्ष र सुझावहरू** **८०-८५**

| | | |
|---|---|---|
| ७.१ | अध्ययनको सारांश | ८० |
| ७.२ | निष्कर्ष | ८२ |
| ७.३ | सुझावहरू | ८५ |

सन्दर्भ सामग्री

# सङ्क्षिप्त रूप

| | | |
|---|---|---|
| गा.वि.स. | : | गाउँ विकास समिति |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| वि.सं. | : | विक्रम संवत् |
| इ.सं. | : | इस्वी संवत् |
| टि.भी. | : | टेलिभिजन |
| एफ.एम. | : | फ्रिक्वेन्सी मोडुलेसन रेडियो |

## अध्ययनमा प्रयोग भएका पारिभाषिक शब्दहरू

| | | |
|---|---|---|
| अछुत | : | हिन्दु वर्णानुक्रम अनुसार तल्लो जात |
| बराजु | : | जग्गाको मालिक |
| मुजुरी | : | परम्परागत पेसाबाट पाइने अन्न |
| अधिया | : | जग्गा कमाउनेले पाउने आधा हिस्सा अन्न |
| हली बस्ने | : | वार्षिक रूपमा जोत्ने/एकै ठाउँमा जोत्ने |

## अध्याय एक

# शोधअध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामाजिक सांस्कृतिक तथा भौगोलिक विविधताले भरिपूर्ण नेपाल विभिन्न विशेषताहरूले विश्व सामु चिनिएको छ। यहाँ विभिन्न जातजाति भाषाभाषी तथा संस्कृति भएका मानिसहरू परापूर्व कालदेखि नै बसोबास गर्दै आएको पाइन्छ। मंगोल/आर्य/किराँतहरू, विभिन्न जातजाति भाषाभाषी विभिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्दै आएका छन्। नेपालमा १०१ जातजाति ५ भन्दा बढी धार्मिक सम्प्रदाय र ९२ मातृभाषा, बोल्ने मानिसहरू बसोबास गर्दछन् (स्थानीय विकास मन्त्रालयको प्रतिवेदन, २०६३)।

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म जहाँ पनि विभिन्न जातजातिका मानिसहरू देख्न सकिन्छ। भौगोलिक वनावटले गर्दा हिमाली क्षेत्रमा शेर्पा, भोटेहरू, पहाड तथा मध्य पहाडी क्षेत्रमा ब्राह्मण, क्षेत्री, राई गुरुङ, मगर, तामाङ्ग, नेवार, कामी, सार्की, गाइने आदि जातिहरू र तराइमा तराइका ब्राह्मण, थारु, यादव, राजवंशी, कोचे, मेचे आदि जातिहरू बसोबास गर्दछन्।

यहाँका सार्कीलाई प्रायः जसो मिजार भनेर चिनिन्छ। उनीहरूको विगत पुस्ताको मुख्य पेसा भनेको छालाको काम गर्नु र हली बस्नु हो। लामो समयसम्म अपनाउँदै आएको हलिया प्रथामा वर्षभरि उपल्ला जातिको घर बाली लगाइदिए बापत वार्षिक रूपमा केही अन्न, ज्याला स्वरूप पाउने प्रथालाई 'बालीघरे' प्रथा भनिन्छ। जहाँ यी जातिहरू लामो समयसम्म शोषणको मारमा परेको अवस्था देखिन्छ। हाल जागिर, ज्याला, मजदुरी, व्यापार, अर्मपर्म, वैदेशिक रोजगार, स्वदेशी रोजगारी आदिमा आबद्ध रहेका छन्। जसले गर्दा उनीहरूको जीवन स्तर पनि सुधारोन्मुख हुँदै नियमित आम्दानी हुने, सामाजिक मर्यादा बढ्ने, आम्दानी स्तर बढ्ने हुँदा जीवन स्तर पनि माथि उठेको छ। छालाको

काममा छुट्टै सिप भएको जाति जसले छालाबाट निर्माणरत जुत्ता, चप्पल, पेटी, मादल आदि निर्माण गर्दथे ।

प्राचीनकालको सुरुमा परिवारका विभिन्न सदस्यहरूले पेसाको आधारमा फरक फरक पेसामा संलग्न हुन पाउँथे । तर समयको परिवर्तनसँगै मध्ययुगमा आएर जन्म नै पेसा चयनको मुख्य आधार हुन पुग्यो । जातिवादको सुरुवात परापूर्वकालदेखि भएको हो । जसको विभिन्न धार्मिक ग्रन्थ एवं इतिहासबाट जानकारी पाउन सकिन्छ । विगतमा पेसाका आधारमा जातिको कार्यविभाजन गरिएको थियो । जातजातिहरूले आआफ्नै जीवनशैली र अलगअलग संस्कृतिको अवलम्बन गरिरहेका थिए । जस्तै दमै जातिले कपडा सिलाउने, कामीले फलामको काम गर्ने, सार्कीले छालाका सामान बनाउने, कुमालले माटाका भाँडा बनाउने गर्दथे । यिनै अहिलेका पेसागत जाति समूह हुन् ।

सार्की एक पेसागत जाति हो । जसको छालाका सामान बनाउने र हलो जोत्ने एवं कृषि कार्य गर्ने परम्परागत पेसा थियो । चाहे नालापानीको लडाइँमा होस्, चाहे जनआन्दोलन एवं लोकतान्त्रिक आन्दोलनमा होस् सबैले प्रयोग गर्ने सामानमा सार्की जातिको योगदान देखिन्छ । वि.सं. २०४६ पछि उनीहरूमा सामाजिक चेतना विकास भएको पाइन्छ । जसले गर्दा परम्परागत पेसामा परिवर्तन गर्दै वैदेशिक रोजगारी, व्यापार एवं वैकल्पिक पेसामा आबद्ध भए । यसबाट उनीहरूको जीवनस्तरमा सुधार र थप आर्थिक सुधार भएको पाइन्छ ।

सार्की जाति छालाको काम गर्ने पेसागत जातिको रूपमा विश्व प्रसिद्ध छ । विभिन्न राजा महाराजाहरूले लडाइँको बेलामा सुरक्षाको लागि प्रयोग गर्ने खुकुरी, तरबार,सामानको विड, पेटी र सामान राख्ने खोल यिनैले निर्माण गर्दथे । हाल सार्की नेपालका विभिन्न भागमा बसोबास गर्दै आएको पाइन्छ । केही सार्कीहरू अवसरको खोजीमा पुरानो बस्तीबाट बसाइसराई गर्दै अन्यत्र सरेका छन् । नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म धेरैथोरै रूपमा यी जाति छरिएर रहेका छन् । छालाको काम गरी विभिन्न सामानको निर्माण गरी बाँच्ने सार्की जातिको बारेमा जानकारी लिन समयको माग रहेको छ । छालाका सामान बनाउँदै गाउँ, टोल बस्तीमा मात्र नभएर देश विदेशमा

निर्यात गर्ने र छरछिमेकमा परम्परागत रूपमा (बालीघरे प्रथा) अन्नपातबाट जीवन निर्वाह गर्दै आएको जाति सार्की जाति हो ।

परम्परागत रूपमा स्कुलदेखि विश्वविद्यालयदेखि दिएर सैनिकसम्मको जुत्ता पेटी निर्माण गर्ने र गाउँदेखि बजारसम्म बिक्री वितरण गर्ने यो जातिले नेपाली सँस्कृति, सामाजिक रीतिरिवाज संरक्षण गर्ने कार्यमा अहम् भूमिका रहेको छ। चाडपर्व सडक मेला पर्वहरूमा छालाका निर्मित सामान बेच्ने विशिष्ट जाति सार्की जाति नेपालको गहना हो । सार्की जाति समयको परिवर्तनसँगै आर्थिक र सामाजिक शोषणको जालोभित्र फस्न पुगेको छ। जातीय छुवाछुत जस्तो सामाजिक कुसंस्कारको सार्की जातिलाई अछुत जातिको रूपमा व्यवहार गरिँदै आएको छ। पहिलेको तुलनामा अहिले सार्की समुदाय चेतनशील हुँदैछ। वैदेशिक रोजगारी एवं अन्य पेसामा नलाग्दा पहिला अरूको घरमा हलो जोतेर, बालीघरे प्रथामा आश्रित रहेर जीविका चलाउने उनीहरू अहिले स्वतन्त्र रूपमा पेसा गरी जीवन चलाउन पाएकोमा खुशी महसुस गर्दछन्। परिवर्तनशील युगमा सबैमा परिवर्तन आउनु र छुवाछुतको परम्परा क्रमशः हट्दै जानुलाई राम्रो मानिन्छ ।

त्यसकारण यस अध्ययनमा पेसालाई नै केन्द्र मानेर सार्की जातिको परम्परागत पेसाहरू के के हुन् ? ती पेसाको हालको अवस्था कस्तो रहेको छ ? सार्की जातिका मानिसहरू हाल के कस्ता परिवर्तित पेसा अँगाल्न पुगेका छन् र पेसा परिवर्तनका विविध कारणहरूको बारेमा समेत अध्ययन केन्द्रित गरिएको छ ।

## १.२ समस्याको कथन

नेपाल बहुजातीय, बहुभाषिक मुलुक हो। प्राचीनकालदेखि आर्य, द्रविण र मंगोलियन जातिहरूको समिश्रणबाट नेपाली समाजको निर्माण भएको छ। ऐतिहासिक कालक्रमलाई हेर्ने हो भने पनि नेपाली समाजमा पेसाको आधारमा जातीय विभाजन भएको पाइन्छ । मुख्यतया दलित र पेसागत जातिहरूको आर्थिक सामाजिक आधारमा समस्या भोगिरहेका छन्। सार्की जातिको परम्परागत पेसा छालाको काम गर्ने, हलो जोत्ने काम हालसम्म रहँदै आएका छन्। सार्की जातिका मानिसहरू घर एवं मेला पर्वमा जुत्ता सिलाउँदै बेचबिखन गर्दथे। यसबाट उनीहरूको आर्थिक र सामाजिक अवस्था ज्यादै

कमजोर रहेको बुझिन्छ। आधुनिक संरचनाका साधनहरूको विकास नभएको बेलामा सार्की जातिको पेसामा परिवर्तनमा स्थिरता आएको देखिन्छ। नेपालमा मुख्यतया अल्पसंख्यक जनजाति, दलित र परम्परागत पेसाका जातिहरूले आर्थिक र सामाजिक समस्थाहरू भोगिरहेका छन्। उत्पीडित र पेसागत जाति सार्कीको परम्परागत पेसा छालाको काम गर्ने/जुत्ता सिलाउने, हलो जोत्ने पेसा संकटमा पर्दै आएको छ। यस पेसाबाट उनीहरूको आर्थिक अवस्थमा सुधार आउनुभन्दा झन् गाह्रो भएको छ। आर्थिक अभावको कारण अधिकांश सार्की जातिका मानिसहरू गुणस्तरीय उच्च शिक्षा हासिल गर्न सकेका छैनन्। सार्की जातिले परम्परागत पेसा छालाको काम गर्ने र हलो जोत्ने कामबाट आफ्नै दैनिक गुजारा चलाउन र बालबच्चाको शिक्षा, स्वास्थ्य सम्बन्धी खर्च जुटाउन नसक्दा यी पेसा छाडेर अन्य पेसातर्फ आकर्षित हुन थालेका छन्। उनीहरू कष्टपूर्ण जीवन जिउँदै बाँच्नका लागि दैनिक संघर्ष गरिरहेका छन्। अन्य वैकल्पिक पेसाले छालाको काम गर्ने र हलि बस्ने कार्यमा असर पारेको छ। लामाचौरका सार्कीहरू परम्परागत पेसा छाडेर जागिर व्यापार र कृषि पेसा संलग्न भएको पाइन्छ। उनीहरूसँग कृषि पेसामा गर्न पर्याप्त जमिनको अभाव छ। परम्परागत पेसाबाट परिवर्तित पेसामा सार्की जातिहरू प्रवेश हुँदै गएका छन् तर

- सार्की जाति आफ्नो परम्परागत पेसामा नै रहिरहन चाहन्छन् कि अन्य पेसामा जान चाहन्छन् ?
- किन सार्की समुदाय परम्परागत पेसा छाडी अन्य पेसातर्फ आकर्षित हुँदै छन् ?
- यसका के के कारणहरू होलान् ?
- किन युवापिढी अन्य पेसातर्फ आकर्षित हुँदै छन् ?
- कसरी परम्परागत पेसा संरक्षण गर्न सकिन्छ त ?
- हाल सार्की जातिहरू के कस्ता पेसातर्फ आकर्षित भएका छन् ?
- अन्य पेसामा उनीहरूको पहुँच कस्तो छ ?
- परम्परागत पेसा र अन्य पेसा गर्नेहरूमा आर्थिक अवस्था कस्तो छ ?

- त्यस्तै परम्परागत पेसाबाट उनीहरूका आधारभूत आवश्यकता पूरा भएको छ कि छैन ?
- उनीहरूको बाँच्ने आयका स्रोतहरू के के हुन् ?

यी र यस्तै प्रश्नहरूको उत्तर खोज्दै वास्तविकता पत्ता लगाउन र उनीहरूको जीवनस्तर वृद्धि गर्न टेवा पुऱ्याउने उद्देश्यले सार्की जातिको परम्परागत पेसामा आएको परिवर्तनको अध्ययन गरी एउटा दस्तावेज पेश गर्नु यस शोधपत्रको समस्या हो जसका लागि प्रयास गरिएको छ ।

## १.३ अध्ययनका उद्देश्यहरू

यस अध्ययन लामाचौर गाविसका सार्की जातिका परम्परागत पेसामा आएको परिवर्तनको प्रवृत्ति बारेमा समाजशास्त्रीय अध्ययन गर्नु रहेको छ । अध्ययनलाई सरल र सहज बनाउने उद्देश्यले यस अध्ययनमा निम्न २ वटा उद्देश्यहरू राखिएको छ ।

### १.३.१ सामान्य उद्देश्य

सार्की जातिको परम्परागत पेसामा आएको परिवर्तनको प्रवृत्ति बारेमा समाजशास्त्रीय अध्ययन गर्नु रहेको छ ।

### १.३.२ विशिष्ट उद्देश्य

क) सार्की जातिको परम्परागत पेसा र पेसाप्रतिको धारणाको विश्लेषण गर्ने ।

ख) सार्की जातिका हाल परिवर्तित पेसाहरू र पेसा परिवर्तनका कारणहरूको विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व तथा औचित्य


सार्की जातिको आफ्नै जातीय पहिचान र मौलिक विशेषताहरू रहेका छन् । तर पनि नेपालको पिछडिएको अल्पसंख्यक जाति भएकोले यस अध्ययनमा सार्की जातिको पेसामा आएको परिवर्तनका बारेमा अध्ययन विश्लेषण गरी समस्या समाधानको उपायको

बारेमा लिन सकिने हुँदा आधुनिकीकरण सँगसँगै परम्परागत पेसामा आएको परिवर्तनको प्रवृत्ति जान्ने र त्यस जातिको उत्थानमा टेवा पुऱ्याउने यस शोध अध्ययनको व्यावहारिक महत्व रहेको छ। सार्की जातिको परम्परागत पेसामा आएको परिवर्तनको प्रवृत्ति अध्ययनको अन्य जातिगत पेसा अपनाउँदै आएका दमाई, कामी, कुमाल जातिको परम्परागत पेसामा आएको परिवर्तनको प्रवृत्ति समेत अध्ययन गर्न सहयोग पुऱ्याउनेछ। साथै अन्य पछाडि परेका पेसागत जातजातिलाई माथि उठाउन कार्यक्रम बनाउन सचेत गराउने छ।

समाजशास्त्रीय दृष्टिकोणबाट सार्की जातिको पेसाका बारेमा जान्न चाहने जोसुकै बौद्धिक क्षेत्रका व्यक्तिहरू, अनुसन्धानकर्ता, योजनाविद, शिक्षक, विद्यार्थी सबैलाई फाइदा पुग्ने विश्वास लिइएको छ। जसबाट सार्की जातिलाई कसरी राष्ट्रिय मूल प्रवाहमा ल्याउन सकिन्छ भन्ने विषयमा छलफल गर्न समेत सहयोगी हुनेछ भन्ने आशा राखिएको छ। नेपालमा जातीय अध्ययन अनुसन्धान विभिन्न विद्वान् तथा अनुसन्धान कर्ताले गरे तापनि यस लामाचौर गा.वि.स. का सार्की जातिको अध्ययन हालसम्म नभएकोले र साकीृ जातिको पेसा परिवर्तनको सेरोफेरोमा रही अध्ययन गर्नु यस अध्ययनको महत्त्व रहेको छ।

## १.५ अवधारणागत ढाँचा

यस अध्ययनमा सार्की जातिको परम्परागत पेसा परिवर्तन हुनका कारणहरूलाई केन्द्रित राखी परम्परागत पेसाहरू, हालका परिवर्तित पेसाहरू, परम्परागत पेसा र परिवर्तित पेसाका बारेमा अध्ययन गरियो। साथै परम्परागत पेसा परिवर्तनले सार्की समाजमा र उनीहरूको आर्थिक अवस्थामा कस्तो प्रकारको परिवर्तन ल्यायो।


सार्की जातिका पेसाहरू
परम्परागत पेसाहरू
हलो जोत्ने/मुजुरी
छालाको काम गर्ने
कृषि पेसा/खेतीपाती र पशुपालन
परिवर्तित पेसाहरू
वैदेशिक रोजगारी
व्यापार
निर्माण मजदुर
कृषि मजदुर
यातायात मजदुर
नयाँ किसिमका जुत्ता, पेटी बनाउने र विक्री गर्ने
परम्परागत पेसा प्रतिको धारणा
सकारात्मक
संस्कृतिको जगेर्ना
सामाजिक एकता
भाइचारा
आत्मसन्तुष्टि
सामाजिक सचेतना
परिवर्तनको शक्ति
पहिचान
सुधारात्मक
अपमान
सामाजिक सुरक्षाको कमी
हेला, राज्यको संरक्षण नभएको
समयको बर्बादी
प्रतिस्पर्धा नहुनु
बाध्यताको पेसा
जातीय भेदभाव
पहिचानको समस्या
पेसामा परिवर्तन आउनु
वैदेशिक रोजगारी
स्वदेशी रोजगारी
शैक्षिक चेतना
सामाजिक प्रतिष्ठा
कृषिमा आधुनिकीकरण
सूचना प्रविधिको विकास
पुँजीवादको प्रभाव
आधुनिकीकरण
चेतनाको विकास
सहरीकरण
गरिबी
सामाजिक सुरक्षा

## १.६ अध्ययनको सीमा

कुनै पनि अध्ययन अनुसन्धानका आफ्नै सीमा परिधि रहेका हुन्छन् । यो अध्ययन विशुद्ध शैक्षिक प्रयोजनका लागि स्नातकोत्तर तह अन्तर्गत समाजशास्को विद्यार्थीको हैसियतले गर्न लागिएको हो । जसमा सिमित स्रोत साधनको प्रयोग गरिएको छ । यस अध्ययन गण्डकी अञ्चल कास्की जिल्ला लामाचौर, ३ (खत्रीडहर एवम् भक्तिपथ) गाउँमा रहेका दलित जाति मध्ये सार्की जातिका ३७ घर धुरीका मानिसहरूका परम्परागत पेसा, हाल परिवर्तित पेसा र पेसा परिवर्तनका कारणहरूको विश्लेषण गरिएको छ । यसले यस क्षेत्र बाहेक अन्य क्षेत्रलाई सम्बोधन गरेको छैन ।

## १.७ अध्ययनको सङ्गठन

प्रस्तुत शोधपत्रलाई सात अध्यायमा विभाजन गरिएको छ :

अध्याय एक : परिचय

अध्याय दुई : पूर्व अध्यनयको समीक्षा

अध्याय तीन : अनुसन्धान विधि

अध्याय चार : वैयक्तिक अध्ययन

अध्याय पाँच : सार्की जातिका परम्परागत पेसाहरू र पेसाप्रतिको धारणा

अध्याय छ : परिवर्तित पेसाहरू

अध्याय सात : सारांश, निष्कर्ष र सुझावहरू

सन्दर्भ सूची

# अध्याय दुई
# पूर्व अध्ययनको समीक्षा

शोधपत्रको अध्ययन एवम् अनुसन्धान गर्दा विषयगत अन्य सन्दर्भ सामग्रीहरूको अध्ययन गरी विस्तृत जानकारी हासिल गर्नुपर्दछ । सार्की जातिका बारेमा केही अध्ययन अनुसन्धान भएका छन् । छुट्टै पेसागत परिवर्तन सम्बन्धी विस्तृत अध्ययन हुन नसके तापनि स्वदेशी एवम् विदेशी विद्वान्हरूले आफ्नो अध्ययन साहित्यमा उल्लेख गरेका कुराहरूको आधारमा सन्दर्भ सामग्रीहरू प्रस्तुत गरिएको छ र सार्कीको सामाजिक आर्थिक अवस्था एवम् पेसामा आएको परिवर्तनका बारेमा चर्चा गरिएको छ । साथै समाजशास्त्रीय सिद्धान्तहरूको सैद्धान्तिक समीक्षा गर्दै पूर्व साहित्यको समीक्षा गरिएको छ ।

## २.१ सैद्धान्तिक समीक्षा

समाजशास्त्री/मानवशास्त्रीहरूले कुनै पनि विषयको अध्ययन अनुसन्धान गर्दा अनुसन्धानको विषयलाई समाजशास्त्र/मानवशास्त्रमा विकसित सिद्धान्तहरू मध्ये सम्बन्धित एक वा बढी सिद्धान्तसँग सम्बन्धित गरेर अनुसन्धान गर्न आवश्यक हुन्छ । त्यही सिद्धान्तलाई आधार मान्दै परम्परागत पेसामा आएको परिवर्तन र त्यसले सामाजिक आर्थिक अवस्थामा समेत पारेको प्रभावको बारेमा समीक्षा गरिएको छ । यहाँ खास गरी उद्विकासवादी सिद्धान्त, आधुनिकीकरणको सिद्धान्त, मार्क्सवादी सिद्धान्त र विश्वव्यवस्था सिद्धान्तलाई मुख्य आधार मानिएको छ ।

### २.१.१ उद्विकासवादी सिद्धान्त

वास्तवमा उद्विकासवादी सिद्धन्त समाजशास्त्र मानवशास्त्रमा डार्विनको प्राणीशास्त्रीय, जीवविकासको "प्राकृतिक छनोटको सिद्धान्त" को अवधारणाबाट लिइएको हो । स्पेन्सरले मानव विकास क्रम साधारणबाट जटिल र एक रूपबाट विशिष्टतर्फ उन्मुख हुन्छ भनेका छन् । यस प्रक्रियामा समस्त परिवर्तन भन्नाले सामाजिक संरचना भित्रका

एकाइहरूमा हुने परिवर्तनहरूलाई जनाउँछ । जहाँ एउटा साधारण वा परम्परागत कृषि समाज जटिल वा औद्योगिक समाजमा परिवर्तन हुन्छ ।

हर्वट स्पेन्सरले समाजलाई परिवर्तनको अवस्थितिका आधारमा सिकारी अवस्था, पशुपालन अवस्था, कृषि अवस्था र औद्योगिक गरी चारभागमा विभाजन गरेका छन् । सरल अवस्थामा रहेको समाज परिवर्तन हुँदै जटिल तथा औद्योगिक विकासको तहसम्म पुग्न सक्ने बताएका छन् । यहाँ मानिसका विचार र चिन्तनमा परिवर्तन आउँछ । परम्परागत पेसामा परिवर्तन आउँछ । सामाजिक संस्कार, प्रविधि, परम्परागत सामाजिक संस्कारप्रतिको पुरातन मान्यता र तिनको कृषि कार्य प्रणालीमा परिवर्तन आउँछ । यसले परिवर्तनको कारण एउटा मान्यतामा स्थापित समाज अर्को ढाँचामा रूपान्तरण हुने प्रक्रियालाई उद्विकासवादी सिद्धान्त भनिन्छ (रिट्जर्ज, २०००) । यस शोधपत्रमा यस सिद्धान्तलाई पनि अवलम्बन गरिने छ । जसले पेसा परिवर्तन अध्ययनमा महत्त्वपूर्ण भूमिका खेल्ने छ । यस सिद्धान्त अनुसार मानिसको पेसागत स्थितिमा क्रमिक विकास तथा परिवर्तन हुँदै जान्छ भन्ने बुझिन्छ ।

### २.१.२ संरचनात्मक प्रकार्यवादी सिद्धान्त

यो दृष्टिकोण सन् १९३०-१९४० को दशकमा विकास भएको हो । यो सिद्धान्तअनुसार सामाजिक र सांस्कृतिक विकास विभिन्न एकाइहरूको प्रक्रियाबाट हुने गर्दछ । यस्ता एकाइसँग मानिसको प्रत्यक्ष सम्बन्ध हुन्छ । एकाइहरूले सामाजिक तथा सांस्कृतिक प्रणालीलाई निरन्तरता दिने क्रममा प्रकार्य गर्दछन् । यही प्रकार्यबाट समाज र मानिसले आआफ्ना आवश्यकता पुरा गर्दछन् । सामाजिक तथा सांस्कृतिक एकाइहरूको संरचना र प्रकार्यको पद्धतीय ढङ्गले अध्ययन गर्ने दृष्टिकोणनै संरचनावादी प्रकार्यवादी हो । एकाइहरूको अन्तरसम्बन्धबाट नै संरचनाको अस्तित्व हुन्छ । संरचना भनेको बाह्य स्वरूप हो, एकाइहरूको प्रकार्यात्मक संयोजनबाट संरचना बन्दछ । रेडक्लिफ ब्राउन, हर्वट स्पेन्सर, मेलीनोस्की, इमाइल दुर्खिम जस्ता विद्वान्हरूको यसमा महत्त्वपूर्ण योगदान रहेको छ । मेलिनोस्कीको व्यक्तिवादी प्रकार्यवादमा संस्कृतिलाई मानिसका जैविक चाहना परा गर्ने उद्देश्यले जन्मेका हुन्छन् भनी प्रकाश पारेका छन् । दुर्खिमको सामाजिक प्रक्रियावादले सामाजिक व्यवस्था पुरा गर्न विभिन्न अङ्गहरूका वा एकाइहरूका बिचमा प्रकार्य

हुनुपर्दछ। समाजलाई प्रकार्यत्मक ढङ्गबाट एकतामा राख्न धर्म तथा श्रम विभाजनले महत्त्वपूर्ण भूमिका खेल्दछ भन्ने मान्यता राखेका छन् (रिटजर्ज, २०००)।

यसप्रकार सामाजिक साँस्कृतिक संस्थाहरूको संरचना सम्बन्ध अन्तर्क्रिया अनि भूमिकाको अध्ययन अनुसन्धान तथा व्याख्या गर्ने दृष्टिकोण नै संरचनात्मक प्रकार्यवाद हो। यस शोधकार्यमा यो अध्ययनलाई पनि मध्यनजर गर्दै परम्परागत पेसामा आएका परिवर्तनका बारेमा सार्की समुदायको अध्ययन गरिएको छ। यसमा सार्की समुदाय एकाइ हो भने समाज समग्र हो। यसरी समाजमा विभिन्न जातजातिका मानिसहरू एक आपसमा मिलेर काम गर्दै आएका छन्। लामाचौर गा.वि.स. मा रहेका ब्राह्मण, क्षेत्री, गुरुङ, परियार, मगर, विश्वकर्मा जातिका मानिसहरू एकआपसमा मिलेर समाज कार्य गरेका छन्। सार्की परिवारलाई एकाइभन्दा सार्की समुदाय समग्र स्वरूप हो। समग्र संरचनाका बिच प्रकार्य भएर नै समाज अगाडि बढ्छ र विकास हुन्छ। सार्की समाजका अभिन्न अङ्ग थिए। जसले समाजमा साहु मुखियाको जग्गा जोत्ने गर्दथे। बजार प्रबर्द्धन गर्दथे भने अन्य जातजातिले पनि समाजमा मिलेर काम गरेको पाइन्छ।

### २.१.३ आधुनिकीकरण सिद्धान्त

वास्तवमा आधुनिकीकरण सिद्धान्त सन् १९५० देखि १९६० को दशकमा देखा परेको सिद्धान्त हो। यसको मूल मान्यता भनेको समाज, पेसा र संस्कृति परिवर्तनशील छ। स्वयम् मानिस पनि परिवर्तनगामी छ। प्रत्येक समाज परिवर्तन र विकास हुँदै अगाडि बढेको छ। समाज प्रारम्भिक चरणभन्दा वर्तमान चरण बढी परिवर्तनशील छ। समाज सधैँ आधुनिकतातर्फ उन्मुख छ भन्ने तथ्यमा यो सिद्धान्त आधारित छ। आधुनिकता भनेकै समाज एक परम्परागत र रुढीवादी ढाँचाबाट आधुनिक कुशल र औद्योगिक तवरमा पुग्ने प्रक्रिया हो। यस प्रक्रियामा समाज प्रारम्भिक, मध्यम र उच्च तह पार गर्दै समाज भित्रका आर्थिक सामाजिक धार्मिक, भौतिक, राजनैतिक लगायत मानवीय मनोवृत्तिमा पनि बढी कुशल तथा उदारतातर्फ लक्षित समाजको विकास प्रक्रिया अगाडि बढ्दछ।

आधुनिकीकरणले उत्पादन प्रणालीमा सरल ग्रामीणमुखीबाट आधुनिक प्रविधियुक्त बनाउँदै जान्छ। पेसाहरू पनि परम्परागत पेसाको ठाउँमा आधुनिक विशिष्टीकरण हुँदै जान्छ। सामाजिक चालचलन, रीतिरिवाज, धार्मिक कुराहरूमा परिवर्तन हुँदै आधुनिकता तर्फ लम्किन्छ। सहरीकरणतर्फ उन्मुख हुन्छ। आधुनिक कुराले परम्परागत पेसा

रीतिरिवाज, संस्कारलाई विस्थापित गर्छ । आर्थिक सामाजिक अवस्था आधुनिकतातर्फ लम्किरहन्छ । पुरातन परम्परागत ग्रामीण समाज आधुनिक प्रविधियुक्त सहरी समाजतर्फ लम्कन्छ । यो आधुनिकीकरण प्रक्रिया मानव उपयोगमा विकल्पको प्रयोगबाट आर्थिक सामाजिक एवम् साँस्कृतिक परिवर्तन ल्याउने आधार खडा गर्दछ । आधुनिकीकरण सम्बन्धमा आधुनिकीकरण कुनै पनि कुराहरूलाई नवीकरण गर्दै विकास एवम् सामाजिक विकाससँग सम्बन्धी हुन्छ (रिट्जर्ज, १९९६) । त्यसैले सार्की समुदायको परम्परागत पेसामा आएका परिवर्तनका बारेमा अध्ययन गरिने छ ।

### २.१.४ मार्क्सवादी सिद्धान्त

मार्क्सले समाज परिवर्तनशील छ, यसमा उत्पादन प्रणालीमा आउने परिवर्तनले सामाजिक आर्थिक परिवर्तनमा टेवा पुऱ्याउँछ भन्ने विचार अगाडि सारेका छन् । वर्गीय समाजमा शोषक र शोषित बिच वर्ग सङ्घर्ष हुन्छ । शोषक र शोषित बीचको वर्ग सङ्घर्षबाट नै समाज विकास हुँदै अगाडि बढ्छ भन्ने मान्यता हुन्छ । यसमा काल मार्क्सले समाज विकासको चरणबारे ऐतिहासिक भौतिकवादी व्याख्या गरेका छन् ।

१. आदिम साम्यवादी युग र जङ्गली युग
२. दास युग
३. सामन्ती युग
४. पुँजीवादी युग
५. समाजवादी युग
६. वैज्ञानिक साम्यवादी युग

यसरी समाज परिवर्तनशील छ । अविकसितबाट विकसिततर्फ समाज अगाडि बढ्छ । समाज पुरानो घुमन्ते जङ्गली युगबाट क्रमशः पशुपालन, कृषि, अर्थतन्त्रमा प्रवेश गर्छ । कृषि अर्थतन्त्रमा उत्पादनमा जोड दिनाले बसोबासमा स्थायित्व आयो । बहु ईश्वरवादी सामाजिक विश्वास विकास भयो, उत्पादन प्रविधि र उत्पादन ढाँचाको परिवर्तनले सामाजिक परिवर्तन ल्याउँछ । सामन्तीयुगमा सामन्त र भूदास, पुँजीवादमा पुँजीपति र मजदुर बिच सङ्घर्ष हुन्छ । यसले सामाजिक, राजनैतिक र आर्थिक उत्पादन ढाँचामा परिवर्तन ल्याउँछ भनेका छन् । दास र सामन्तीयुग, रुढीवादी र ईश्वरवादी हुन्छ भन्ने पुँजीवादी युगमा प्रविधिको विकासले परम्परागत उत्पादन ढाँचा मात्र होइन

सामाजिक मूल्य मान्यता धर्म संस्कारहरूमा पनि व्यापक परिवर्तन आउाछ । पेसामा पनि नयाँ औद्योगिक विकाससँगै नयाँ धेरै सम्भावना देखा पर्छन् । तर सामन्ती युगमा जातीय प्रथा, जातिगत परम्परागत पेसा, छुवाछुत अन्धविश्वास धार्मिक संस्कार रहन्छन् । ग्रामीण चरित्रको समाजमा कृषि प्रधान र हस्त निर्मित उत्पादन प्रणाली हुन्छ भने पुँजीवादी युगमा औद्योगिक विकास र भौतिकवादी दृष्टिकोण हुन्छ । जब समाज पुँजीवादमा प्रवेश गर्छ, पुराना पेसा र खेती प्रणाली जस्ता उत्पादन ढाँचा, जातिगत पेसाहरू छोडेर आधुनिक औद्योगिक मजदुरी, व्यापार रोजगारी, वैदेशिक रोजगारी जस्ता पेसाहरू पुँजीवादीकरण सँगै आउने गर्दछन् । पुँजीवादमा पुँजीपति र मजदुर वर्ग बिच सङ्घर्ष हुन्छ । यही सङ्घर्षले पुँजीवादी युग अर्को समाजवादी युगमा परिणत हुन्छ । यो ऐतिहासिक भौतिकवादी दृष्टिकोण हो (रिट्जर्ज, २०००) ।

यसमा मार्क्सवादी दृष्टिकोणबाट हेर्दा सार्की समुदाय सामन्तवादी शोषणको जाँतोमा पिल्सिएर नै विपन्न रुढीवादी भएका र पुँजीवादी प्रभावसँगै परम्परागत पेसा छोडेर नयाँ आधुनिक विभिन्न रोजगारीका अवसरहरूतर्फ लागेको देखिन्छ । सामन्ती उत्पादनका ढाँचामा परिवर्तनसँगै अपनाइने पेसाहरूमा परिवर्तनहरू हुँदै गएका छन् । पुँजीवादी व्यवस्थामा औद्योगिक उत्पादन ढाँचा, सहरीकरण र आधुनिकीकरण प्रक्रियाबाट त्यसै अनुरूपका रोजगारीका अवसरहरू देखा पर्दै जान्छन् । प्रस्तुत शोध लेखनमा यस सिद्धान्तलाई अनुसरण गरिएको छ ।

### २.१.५ विश्व व्यवस्था सिद्धान्त

सन् १९७० को दशकसँगै समाजशास्त्रमा यो सिद्धान्तको विकास भएको हो । जसमा वालेस्टाइन, अमिर, समिन, वारान, ए.जी. फ्रैङ्कले विश्व व्यवस्थाका बारेमा चर्चा गरेका छन् । विकासमा आधुनिकीकरण र आर्थिक वृद्धिको सिद्धान्त अनुरूप अगाडि बढिरहेको विश्व व्यवस्थामा आर्थिक विभेद व्यापक बनी सकेको छ । असमानता, गरिबी, अभाव, पछौटेपन जस्ता अवस्थाका कारण असमान आर्थिक सम्बन्ध बाहेक केही होइनन् । कुनै देशका जात जाति स्वयम् आफ्नै कारणले गरिब र अविकसित भएका होइनन् । वर्तमान अवस्थालाई विगतको सन्दर्भसँग समेत तुलना गरी अध्ययन गर्नपर्दछ ।

यस सिद्धान्तअनुसार सार्की जातिको सामाजिक आर्थिक अवस्थामा आएको परिवर्तन र परम्परागत पेसामा आएको परिवर्तन समेतको विश्लेषण गरिने छ । सन्

१९५० को दशकभन्दा अगाडि नेपालको अर्थतन्त्र गुजारा प्रणालीको रूपमा परिचित रहेको निर्धारण भएका थिए। परम्परागत कृषि प्रणाली र परम्परागत पेसाद्वारा मानिसहरूले जीवन निर्वाह गरेका थिए। कृषि तथा व्यवसायिक पेसाका अतिरिक्त कामको खोजीका सिलसिलामा भारतसम्म पुगेका थिए। जब नेपालमा प्रजातन्त्रको आगमन भयो सार्की जाति विश्वका विभिन्न देशमा गएर वैदेशिक रोजगारीमा लागेका छन्। जसले गर्दा परनिर्भता कायम भएको छ।

कृषि विकास वा कृषिमा आधुनिकीकरण गर्ने नाममा अवलम्बन गरिएका विभिन्न क्रियाकलापले कृषिमा नकरात्मक असर पारेको छ। उन्नत विउ, विजन, प्रविधि, रासायनिक मलको प्रयोगले माटोको गुणस्तरमा एवम् उत्पादनमा ह्रास ल्यायो, वास्तवमा यस्ता कृषि साधनहरू पुँजीवाद राष्ट्रहरूबाट नै आयात गरिएको थियो। श्रमिकको स्थान प्राविधिकले लिँदै गयो। गुजारामुखी व्यापारिक उत्पादन, बजारमुखी अर्थतन्त्रको स्वरूप लियो। सार्की जातिको सम्बन्ध भूमिसँग रहेकोमा उनीहरूको नाममा पर्याप्त मात्रामा जमिन टुक्रिएको अवस्थामा परनिर्भरता बढेर गएको देखिन्छ।

## २.२ व्यावहारिक अनुसन्धानको समीक्षा

समाज विकासको सुरुवातमा मानिससँग आफू बाहेक आफ्नो भन्नु केही थिएन। परिवार, जायजेथा जस्ता कुराहरू माथि समाजको कुनै पनि सदस्यको कुनै प्रकारको निजी स्वामित्वको प्रचलन थिएन। त्यसैले त्यस युगमा तेरो, मेरो, धनि, गरिब, शोषित र छुवाछुत जस्ता कुराको गन्ध समेत थिएन। सामुहिक रूपमा एक ठाउँमा बसेर आफ्नो सुरक्षा गर्ने सामुहिक श्रमद्वारा खाद्य सामग्री खोजी बाडेर खाई जीवन धान्नुको अतिरिक्त त्यस समाजले अरू कुनै पनि कार्य गरिरहनु आवश्यकता थिएन (के.सी., २०५६ : ५५)।

संसारको इतिहासलाई नियाल्दा जन्म एवम् व्यवसायमा आधारित जाति व्यवस्था प्राचीन युनान, फ्रान्स, रोम, चीन, जापान आदि मुलकुहरूमा पनि थियो तर हाम्रो नेपालको जस्तो जातीय भेदभाव र छुवाछुत केही पनि थिएन। यसरी संसारमा अन्यत्र कही कतै यस्तो व्यवस्था नरहेको र हाम्रो देशमा देशको सामाजिक, राजनैतिक, सांस्कृतिक आदि पक्ष पनि अरू मुलुकहरूको भन्दा भिन्न रहेको देखिन्छ (इन्सेक, १९९३ : २०)।

नेपाल सरकार अन्तर्गत राष्ट्रिय दलित आयोगको बुलेटिन २०६० मा उल्लेखभए अनुसार नेपालका दलित जातिहरूमा कामी, दमाई, ढोली, सार्की, चमार, हरिजन,

राममुसहर, दुसाध, पासवान, र्वातर, चिडियार, डोम, खन्वे धोवी, सतार, पन्थरकट्टर र केही पहिचान नभएका दलितहरू छन् ।

मानव अधिकार वर्ष पुस्तक (१९९३) ले नेपालका केही अछुत जातिहरू सार्की, दमाई, कामी, गाइने, बाढी, पोडे, ज्यामे, कुमाल आदिको बारेमा सङ्क्षिप्त रूपले चिनारी गरेको पाइन्छ । जसमा ऐतिहासिक पृष्ठभूमि वर्तमान अवस्थाका बारेमा वर्णन र यसका अतिरिक्त उपरोक्त जातिहरूको बसोबास क्षेत्रको बारेमा पनि उल्लेख भएको पाइन्छ ( रावल, २०५९ : २१) ।

सन् १९५० को राजनैतिक परिवर्तनपछि नेपालको सम्बन्ध अन्तर्राष्ट्रियस्तरमा विकास भयो भने आन्तरिक रूपमा पनि मौद्रक तथा आर्थिक गतिविधिमा चहलपहल सुरु भयो । यसपछि थोरै ज्यालामा भए पनि तल्ला जात र कमजोर आर्थिक अवस्था भएका मानिसहरू भारत तर्फ काम गर्न जान थाले । अर्कोतर्फ आफूसँग भएको थोरै जग्गा पनि उपल्लो जातकालाई दिएपछि उनीहरूको परनिर्भरता उपल्लो जातकासँग अझै बढ्दै गयो । यसरी उपल्ला जातका हुने खाने र तल्ला जात दलित र नहुने वर्गमा परिणत भए ( कोप्लान, १९७२ : ५०) ।

समाजका उपल्ला जातिका मानिसहरूले तल्ला जातका मानिसहरूलाई जग्गा अधियाँ कमाउन दिने ऋणको व्याजको अलावा श्रमको कमिसन लिने, पशुपालन सामान्य र जग्गामा स्वामित्व नाम मात्रको भएकोले यिनीहरूमा परनिर्भरता बढ्दै गएको तथा उपल्ला जातिबाट लिएको ऋण बापतको पैसा तिर्न नसकि उनीहरूलाई नै आफ्नो सम्पूर्ण जग्गा जमिन विक्री गरी भूमिहीन अवस्थामा परिणत भएकोले अधिकांशले अदक्ष मजदुरीको कार्य गर्दछन् जसको ज्याला निकै कम हुन्छ (कप्लान, १९७२ : ५१) ।

लिच्छवि कालदेखि नै नेपालमा जातीय विभाजन रहँदै आएको र मध्यकालीन समाजमा राजा जयस्थिति मल्लले समाजलाई हिन्दू धर्म अनुसार संरचना गरी जातीय आधारमा जन्मजात भूमिकाको निर्धारण गरे । यो प्रक्रियाले हिन्दूवादी र ब्राह्मणवादी सोचलाई बढावा दियो । यसलाई हिन्दु धर्मवादीहरूले भाग्यवादी शैलीमा व्याख्या गरी 'लेखेको पाइन्छ देखेको पाइँदैन' तथा भाग्य कर्म र जातमा मात्र पाइन्छ भन्ने जस्ता शब्द उखानबाट भाग्यवादी सोचको विकास भएको पाइन्छ (विष्ट, १९९१ : ५३) ।

दलित समस्या सामाजिक भेदभाव, हेयता र उत्पीडितले पैदा गरेको सामाजिक समस्या हो । हिन्दू वर्णाश्रमको आधारमा गरिएको उच्च निच वर्ण तथा जाति धार्मिक र

सांस्कृतिक समस्या पनि हो । राज्यबाट प्राप्त हुने आर्थिक सुविधा र अवसरहरूबाट वन्चित तथा शासक र शोषकहरूबाट गरिँदै आएको चर्को आर्थिक शोषणका कारण उत्पन्न आर्थिक विपन्नताको समस्या हो । गरिबी र सामाजिक हेयताका कारण शिक्षा आर्जनको अवसरबाट वञ्चितताले सिर्जित अशिक्षा र गरिब यी दुवै सँगसँगै आउने एउटै सिक्काका दुई पाटा हुन् । शोषणले वर्गीय स्वरूप सिर्जना गरेको छ । वास्तवमा यो समस्या वर्गीय समस्या पनि हो (गुरुङ, २०६२ : ७०) ।

एउटै कसुरमा दलित र गैर दलित माथि देभावपूर्ण सजायको विरोधमा २००३ 'विश्व सर्वजित सङ्घ' गठन भई बाग्लुङका सर्वजनहरू १३ हिँडेर काठमाडौँ पुगे, जसले अधिकार बहालीमा ठूलो परिवर्तन ल्यायो (बराइल, २०६४ : ४०) ।

नेपाल खुल्ला अर्थतन्त्रमा प्रवेश गरेपश्चात् नेपाली बजारमा बहुराष्ट्रिय कम्पनीका उत्पादनहरूले प्रभुत्व जमाएका छन् । मौलिक र हस्तकलाका परम्परागत उत्पादनहरू विस्थापित भएकोले सामान्य गुजारा चलाउने पेसातर्फ उनीहरू मोडिन पुग्नुले उनीहरूको आर्थिक अवस्था थप जटिल र कष्टकर भइरहेको छ (पौडेल, २०६५ : २२) ।

नेपालमा दलितहरूले आफूहरूलाई गौतम, कोइराला, घिमिरे, निरौला, नेपाल, पन्थी, पराजुली, पोखरेल, पौडेल, भट्टराई, भुसाल, खतिवडा, बस्ताकोटी, बोगटी, लम्साल, हमाल, शाही, अधिकारी, विष्ट, उपाध्याय, धिताल, पराल, बास्कोटा, आचार्य, कैनी, खड्का जस्ता ब्राह्मण, क्षेत्री, ठकुरीका थरद्वारा चिनाउन थालेका छन् र वि.सं. २०६१ सालदेखि त यिनै थरबाट नागरिकता नै पाउन पनि थालिसकेका छन् । यसरी दलित जातिले थर लेख्न लाज मान्ने तर आरक्षणको माग गर्ने र दलित छात्रवृत्तिका लागि कोटा आउँदा त्यमसा प्रतिस्पर्धा पनि गर्ने प्रवृत्ति दलितहरूमा देखिएको छ । जबसम्म दलितहरूले जात छिपाउँछन्, तबसम्म उनीहरूमाथि संक्रमणको तरबार झुण्डिइरहन्छ । उनीहरूको त्यस्तो कार्यबाट दुई वटा खतरा छन् । एउटा जातीय सङ्क्रमणको खतरा र दोस्रो पहिचानको सङ्कट (पाण्डे, २०६३ : ५५) ।

सार्कीलाई मिजार भनेर पनि भन्ने गरिन्छ । उनीहरूको विगत पुस्ताको मुख्य पेसा हलो जोत्ने, छालाका आधुनिक सामान, जुत्ता, व्याग, पेटी, खुकुरीका खोल निर्माण गरी चाडपर्वमा मेला, बजार हुँदै लगेर बेच्नु थियो । परम्परागत पेसा भावी पुस्तालाई सिकाउनु थियो । हाल जागिर, ज्याला, मजदुरी, व्यापार, अर्म पर्म, विभिन्न सरसफाइका काम, यातायात मजदुर, निर्माण मजदुर, वैदेशिक रोजगार, सरकारी कर्मचारी आदिमा आबद्ध

भएका छन् । जसले गर्दा उनीहरूको जीवन स्तरमा पनि सुधारोन्मुख हुँदै नियमित आम्दानी हुने, सामाजिक मर्यादा बढ्ने, आम्दानी स्तर बढ्ने हुँदा जीवनस्तर पनि माथि उठ्ने बताउँछन् र सिलाई पेसामा छुट्टै विशेषता भएको जाति जसले आधुनिक सामानहरू निर्माण गरी आफ्नो संस्कृतिको पहिचान दिन्छन् । उनीहरूको मुख्य काम हलो फाली र विभिन्न डिजाइनका जुत्ता, ब्याग, पेटी निर्माण गर्नु प्रमुख विशेषता भनिन्छ ।

त्यसैगरी लामाचौरका सार्की जातिको सामाजिक आर्थिक अवस्थाका बारेमा अध्ययन गर्दै लामाचौरका सार्कीहरूको आर्थिक अवस्था कमजोर रहेको, दैनिक जीवन कष्टकर भएको जसले गर्दा उनीहरूको परम्परागत सामाजिक सांस्कृतिक गतिविधिलाई निरन्तरता दिन असमर्थ भएको उल्ले खगरिउको छ । उनीहरूको सिप, कला अनुसार महत्त्वपूर्ण स्थान पाउन नसकेको आधुनिकतासँगै परम्परागत पेसा हलो जोत्ने, सिलाइलाई प्रतिकूल प्रभाव परेको छ । प्रतिकूल असर पार्नेमा आधुनिक किसिमका सिलाई मेसिन नहुनु, आर्थिक रूपमा कमजोर हुनु, जुनसुकै जातिले पनि हलो जोत्ने र सिलाई पेसा अवलम्बन गरेकाले उनीहरू मारमा परेका छन् ।

लामाचौर कास्की जिल्लाको एउटा ऐतिहासिक स्थल हो । यस थलोमा पनि सार्की जातिको घरघडेरी देखिन्छ । यहाँका सार्की जातिले अझै पनि हलो जोत्ने तथा सिलाई पेसा अपनाएको देखिन्छ । परम्परागत रूपमा हलि बस्ने यी समुदाय आजकल भने दैनिक रूपमा हलो जोत्ने मार्फत उचित रकम असुल्ने गर्दछन् ।

उपरोक्त पूर्व साहित्यको अध्ययनबाट मूलतः दलित एवम् सार्की समुदायको सामाजिक, सांस्कृतिक पहिचान गराउन मात्र गरेको पाइयो । सामान्य रूपमा सार्कीहरूको पेसाका बारेमा चर्चा गरिए तापनि परम्परागत पेसा छाडी आधुनिक पेसा अँगाल्ने प्रवृत्तिको बारेमा कम अध्ययन गरेको पाइन्छ । परम्परागत पेसाहरू किन लोप हुँदै गएका छन् त्यसको अध्ययन गर्नु जरुरी महसुस गरी लामाचौरका सार्कीको पेसामा आएको परिवर्तनको बारेमा अध्ययन नभएकोले त्यो अभाव पुरा गर्ने प्रयास स्वरूप यो शोधकार्य गर्नु पर्ने आवश्यक देखिएको छ ।

माथिको अध्ययन समीक्षाबाट लामाचौरका सार्की जातिको बारेमा अध्ययन अनुसन्धान भएको देखाउँदैन भने अर्कोतर्फ पेसागत स्थिति परिवर्तित स्वरूप, त्यसका कारणहरूका बारेमा खोज समेत भएको देखिँदैन । त्यसैले यस अध्ययनलाई सार्कीहरूको पेसा परिवर्तन एवम् पेसा परिवर्तनका कारणहरू खोजीमा केन्द्रित गरिएको छ ।

# अध्याय तीन
# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनोट

नेपाल राज्यको अधिकांश क्षेत्रमा सार्की समुदाय छरिएर रहेको अवस्था छ। जसमध्ये यो शोधपत्र गण्डकी अञ्चल कास्की जिल्ला लामाचौर गा.वि.स. ३ खत्रीडहर भक्तिपथमा बसोबास गर्ने सार्की जातिको अध्ययनमा केन्द्रित छ। उक्त अध्ययन क्षेत्र छनोटका कारणहरू निम्न छन् :

क) सार्की जाति एक सिमान्तकृत अल्पसङ्ख्यक दलित जाति भएको र कास्की जिल्लामा समेत उनीहरूको बसोबास भएकोले।

ख) यस क्षेत्रमा बसोबास गर्ने अन्य दलित भन्दा सङ्ख्याको आधारमा समेत बढी भएकोले।

ग) यहाँका सार्कीको सामाजिक तथा आर्थिक, सांस्कृतिक, शैक्षिक र राजनैतिक अवस्था एवम् पेसा परिवर्तनका बारेमा समाजशास्त्रीय अध्ययन हालसम्म नभएको र आफ्नो अध्ययनको रुचि भएकोले।

घ) सार्कीहरूको बारेमा प्रारम्भिक स्रोतबाट नै तथ्याङ्क सङ्कलन गर्न सम्भव भएकोले।

## ३.२ अध्ययन क्षेत्रको परिचय

२०५८ को जनगणना अनुसार नेपालमा रहेका विभिन्न दलित वर्गभित्र पर्ने सार्की जातिको जनसङ्ख्या ३,१८,९८९ रहेको छ (राष्ट्रिय जनगणना २०५८)। जुन कुल आँकडाको १.४० प्रतिशत हुन आउँछ। जसमध्ये लामाचौर गा.वि.स. ३ का ३७ घर परिवारको १६१ जनसङ्ख्यालाई अध्यनयको केन्द्रबिन्दु मानिएको छ (स्थलगत अध्ययन, २०७०)।

कास्की जिल्लामा २ नगरपालिका र ४३ गा.वि.स. रहेका छन् । यस शोधपत्रमा सार्की जातिको अध्ययन क्षेत्र गण्डकी अञ्चल कास्की जिल्ला निर्वाचन क्षेत्र नं. २ अन्तर्गत लामाचौर गा.वि.स. ३ का सार्की जातिलाई लिइएको छ । यस गा.वि.स.को पूर्वतर्फ पोखरा उपमहानगरपालिका उत्तर तर्फ अर्मला गा.वि.स., पश्चिमतर्फ पुरुन्चौर गा.वि.स. र दक्षिणतर्फ हेमजा गा.वि.स. रहेका छन् । पर्यटकीय नगर पोखरा उपमहानगरपालिकाको उत्तर पश्चिम तर्फ रहेको यस गा.वि.स. क्षेत्रलाई नगर यातायातले समेत जोडेको छ । समुद्री सतहबाट ९२६ मिटर (सेतीनदी गोस्तेघाट) देखि १३२१ मिटर (भुमेपुन्जे डाँडा) सम्म उचाइमा रहेको छ (लामाचौर गा.वि.स. प्रोफाइल, २०६८) ।

लामाचौर गा.वि.स. को आधारभूत तथ्याङ्क तालिका अनुसार लामाचौर गा.वि.स. को कुल जनसङ्ख्या ६५५४ रहेकोमा महिला ३२८० (५०.०५%) पुरुष ३२६४ (४९.९५%) र जम्मा परिवार सङ्ख्या १२६० रहेको छ (घरधुरी सर्वेक्षण, २०७०, लामाचौर गा.वि.स. को प्रोफाइल) ।

यस गा.वि.स. मा ब्राह्मण, क्षत्री, मगर, गुरुङ्ग, वि.क., परियार, सार्की, नेवार, घर्ती, तामाङ्ग लगायत जातिको बसोबास रहेको छ । जातिगत रूपमा हेर्दा सबैभन्दा बढी ब्राह्मण १७७८ बसोबास गर्दछन् भने क्षेत्री १४०१, मगर ६९२, गुरङ ११४०, वि.क. ५६१, दमाई २३०, सार्की ३७०, नेवार १०१, घर्ती १२२, तामाङ्ग ३२, अन्य नखुलेका ६६ जना रहेका छन् (लामाचौर गा.वि.स. को प्रोफाइल, २०६८) ।

लामाचौर गाउँ विकास समितिको मैदानी भाग वडा नं. १-५ समथर भएको भए पनि बढ्दो सहरीकरणले खेतीयोग्य जमिनलाई बस्तीमा परिणत गरेको छ । क्षेत्रफलको दृष्टिले सानो भए पनि घना आवादी र पोखरा उपमहानगरपालिकासँग जोडिएको कारण आधुनिक सुविधामा पहुँच देखिएको छ । यस गा.वि.स. क्षेत्रको करिब एक तिहाई भाग वन जङ्गलले ढाकेको भए पनि उक्त वन पनि निर्वाह मुखीको रूपमा रहेको छ ।

यस लामाचौर गा.वि.स. को एकतर्फ पोखरा महानगरपालिका रहेको र तीनतर्फ अन्य (सेती, भोटीखोला, घार्मी खोला) खोला नदीले सिमानामा क्षति पुऱ्याएकोले जोखिम पूर्ण अवस्थामा रहेको छ । यस गा.वि.स. मा रहेको अकलादेवीको मन्दिर हिन्दू धर्मावलम्बीको लागि आस्थाको केन्द्रको रूपमा रहेको छ ।

## ३.३ अध्ययनको ढाँचा

प्रस्तुत शोधपत्रमा वर्णनात्मक ढाँचाद्वारा अध्ययन गरिएको छ। सार्की जातिका बारेमा गरिएको वैयक्तिक अध्ययनबाट प्राप्त तथ्य र विभिन्न सूचना वर्णन एवम् विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

## ३.४ तथ्याङ्कको स्रोत तथा प्रकृति

यस अध्ययनमा तथ्य प्राथमिक र द्वितीय दुई तरिकाबाट नै आवश्यक रुमपा तथ्याङकको प्रयोग गरिएको छ।

### क) प्राथमिक स्रोत

वैयक्तिक अध्ययन अवलोकन सामुहिक छलफल आदिबाट प्राप्त विवरण, जानकारी, तथ्याङ्कहरू

### ख) तथ्याङ्कको द्वितीय स्रोत

स्वदेशी तथा विदेशी विद्वान् तथा समाजशास्त्री, मानवशास्त्री, अर्थशास्त्री इतिहासकार तथा विभिन्न सङ्घ संस्थाहरूबाट प्रकाशित पुस्तक लेख, रचना, जर्नल, शोधपत्र, प्रतिवेदन आदिको सहयोग लिइएको छ। साथै लामाचौर गा.वि.स. को कार्यालयबाट समेत जानकारी सङ्कलन गरी विश्लेषण गरिएको छ।

## ३.५ अध्ययन विधि

सार्की जातिको परम्परागत पेसामा आएको परिवर्तनका बारेमा अध्ययनका लागि निम्न विधि अवलम्बन गरिएको छ।

### ३.५.१ अवलोकन

सार्की जातिको घरको वनावट, घरको सङ्ख्या, पारिवारिक स्थिति, शिक्षा, स्वास्थ्य, खानेपानी, राजनैतिक, सामाजिक, सांस्कृतिक सम्बन्ध प्रतिनिधित्व सहभागिता तथा

समावेशीकरण, जीविकोपार्जन आदिको बारेमा समेत जानकारी लिने र उनीहरूले अपनाएका पेसाका बारेमा स्थलगत अध्ययन गरियो ।

### ३.५.२ वैयक्तिक अध्ययन

सार्की समुदायमा रहेका ३७ घरधुरीबाट सबै उमेर समूहबाट विभन्न परम्परागत पेसा अपनाएका, हाल परिवर्तन पेसा अपनाएका राजनैतिक कार्यकर्ता, विद्यार्थी अन्तर जातीय विवाह गरेका विभिन्न समूहका पदमा रहेका आदिबाट उद्देश्यमूलक तरिकाले २० घरधुरी छनोट गरी उनीहरूका व्यक्तिगत, वाल्यकाल, युवा अवस्था, वैवाहिक, घरायसी अवस्था, पेसा अपनाउनुका कारण लगायत विविध विषयमा अध्ययन गरिएको छ ।

महिला ६ जना, पुरुष १४ जना रहेका छन् । भिन्दाभिन्दै उमेर समूहका व्यक्ति समावेश गरिएको छ । १५ वर्षदेखि ३० वर्षसम्मका २ जना महिला, २ जना पुरुष, ३१ वर्ष देखि ४५ वर्षसम्मका १ जना महिला ६ जना पुरुष, ४६ वर्षदेखि ६० वर्षसम्मका १ जना महिला ४ जना पुरुष, ६१ वर्षदेखि ८० वर्षसम्मका १ जना महिला ३ जना पुरुष, ८० वर्षदेखि माथिका १ जना महिला मात्रको वैयक्तिक अध्ययन गरिएको छ ।

अनुसन्धानको क्रममा कुनै पनि व्यक्तिलाई बाध्यतामा पारिएको छैन । पूर्व स्वीकृतिमा आवश्यक जानकारी लिइएको छ । जानकारी दिने व्यक्तिको नाम गोपय राखिएको छ । केवल वर्ष मात्र उल्लेख गरिएको छ । कसैको व्यक्तिगत जविन वा प्रतिष्ठामा आँच आउने खालका सूचना जानकारी उल्लेख गरिएको छैन ।

### ३.५.३ समूह केन्द्रित छलफल

गैरीपिप्ले मिजार, झाँक्री कुलदेवता व्यवस्थापन मूल समितिको आयोजनामा हिन्दुहरूको महान् पर्व विजयादशमी तथा शुभ दिपावलीको अवसरमा वडा दसैं फूलपातीको दिन समाजसेवी पुष्पा के.सी. भण्डारीको अध्यक्षतामा वंशावली अभिलेख स्मारिका २०६९ उद्घाटन कार्यक्रम आयोजना भएको थियो । झण्डै १०० जना मानिस संलगन रहेका थिए । सार्की समुदायको चाडपर्व, संस्कार, पेसा परिवर्तनका विषयमा छलफल केन्द्रित थियो । झण्डै ९० प्रतिशत मानिसहरू परिवर्तित पेसा आजका लागि आवश्यक रहेका बताएका थिए ।

सो कार्यक्रममा वक्ताहरूले सार्की समुदायको चाडपर्व, संस्कार, पेसा परिवर्तनका प्रवृत्तिका बारेमा जानकारी प्राप्त भएको थियो । परम्परागत पेसाको जगेर्नाका लागि छालाको काम गर्नेलाई निःशुल्क सिप सम्बन्धी तालिम र वार्षिक रूपमा गा.वि.स. बाट प्राप्त हुने वडा स्तरीय बजेटमा सार्की जातिका लागि छुट्टै कोष सहितको रकम छुट्याइनु पर्ने कुरालाई सबैबाट जोड दिइएको थियो ।

## ३.६ अध्ययनको विश्लेषण र प्रस्तुतीकरण

माथि उल्लेखित विभिन्न विधि, स्रोतसहित अध्ययन गरिएका २० जना व्यक्ति अध्ययनबाट प्राप्त भएको सार्की जातिको परम्परागत पेसाहरू र परिवर्तित पेसासम्बन्धी अध्ययन र द्वितीय स्रोतबाट स्रोतबाट जानकारी हुन आएका सार्की जातिका परम्परागत पेसाहरू र सो पेसाप्रतिको धारणा, परिवर्तित पेसाहरू र पेसा परिवर्तन गर्नु पर्नाका कारणहरूको विश्लेषण गरी प्राप्त जानकारीलाई व्याख्यात्मक रूपमा प्रस्तुतीकरण गरिएको छ ।

# अध्याय चार
# वैयक्तिक अध्ययन

सार्की जाति परम्परागत पेसाबाट जीवन निर्वाह नचल्ने महसुस गरी आधुनिकीकरण सँगै अन्य, पेसा अपनाउन थाले। रोजगारी, व्यापार, वैदेशिक रोजगारी, स्वदेशी जागिर, ज्याला मजदुरी जस्ता अवसर प्राप्त हुनाले परमपरागत पेसा छाड्दै गएको र आधुनिक खालका पेसामा संलगन भएको पाइन्छ। अन्ततः परम्परागत पेसाहरू विस्थापित भई नयाँ किसिमका पेसाका सिर्जना हुँदै गएको पाइन्छ। यस्तो अवस्थामा सार्की जातिको अध्ययन जानकारीका लागि निम्नानुसार प्रश्नहरूमा केन्द्रित रही वैयक्तिक अध्ययन गरिएको छ।

- सार्की जातिका परम्परागत पोसहरू के कस्ता थिए, छन् ?
- परम्परागत पेसाबाट उनहिरूको आधारभूत आवश्यकता पुरा भएको छ कि छैन ?
- किन सार्की जातिका युवाहरू परम्परागत पेसा छाडी आधुनिक पेसा अपनाउन अग्रसर भएका होलान् ?
- सार्की जातिका उत्तरदाता र परिवारको पारिवारिक पृष्ठभूमि कस्तो रहेको छ ?
- वर्तमान समयमा कस्ता पेसा अपनाएका छन् ?
- परम्परागत पेसाप्रति विचलन भई वर्तमान समयमा गैर परम्परागत पेसा अँगाल्नुका कारणहरू के के होलान् ?
- सार्की जातिको विगत र वर्तमानमा सामाजिक आर्थिक अवस्था कस्तो छ ? यदि परिवर्तन आएको भए के कारणले परिवर्तन भयो ?
- छिमेकी जातिसँगको अन्तर सम्बन्ध कस्तो रहेको छ ?
- शिक्षा, स्वास्थ्य, भूमि, प्राकृतिक स्रोत र जीविकोपार्जन सामाजिक प्रतिनिधित्व, सहभागिता कस्तो रहेको छ ?

सम्पूर्ण उल्लेखित प्रश्नहरूको अतिरिक्त समय, परिस्थिति र उत्तरदाताको योग्यता, जानकारीका आधारमा वैयक्तिक अध्ययन गरिएको छ ।

**वैयक्तिक अध्ययन - १**

वि. सं. २००७ सालमा लामाचौर ३ भक्तिपथमा जीत बहादुर सार्कीको जन्म भएको हो । उनको बाल्यवस्था अत्यन्त कमजोर आर्थिक अवस्थामा व्यतित भएको बताउँछन् । बाबुको कलिलो उमेरमा नै मृत्यु भएकोले आमाले मेलापात अर्मपर्म गरी आफुलाई हुर्काएको बताउँछन् ।

बाल्यकालदेखि नै यिनले हलो जोत्ने कार्यलाई पेसा बनाएका छन् । ११ वर्षको कलिलो उमेरदेखि नै क्षेत्री जमदारको घरमा झण्डै वयालिस वर्ष हलो जोतेका उनले स्वयम् हलो जोत्न जमदारले नै सिकाएको बताउँछन् । छालाको काम भने बाबुले पनि नगरेकोले आफुले पनि नगरेको बताउँछन् । सुरुको समयको स्मरण गर्दै पहिला पहिला बर्षभरि मकै, कोदो, धान, जुनसुकै बाली लगाए पनि बार्षिक रूपमा ३।४ मुरी धान पाइन्थ्यो । बिहान बेलुका खाएर १ माना चामल पाइने बताउँछन् । तरकारीको रूपमा गुन्द्रुक, भट्ट, मस्यौरा, खुर्सानी दिने गर्दथे । जग्गा धेरै भएको जोत्ने घर परे वार्षिक अन्न धेरै नै पाइने नत्र कम जग्गा भए थोरै पाइने बताउँछन् । शुरुमा बार्षिक ३।४ मुरीमा हलो जोतेका जीत बहादुरले अन्तिममा बार्षिक १०,१२ मुरीसम्म पाएको बताउँछन् । वर्षको एक पटक जमदारसँग भेडा, च्याङ्ग्रा लिन जानुपर्दथ्यो । बर्षेनी नाफाको पैसाले जग्गा थप्दै जाने हुनाले पछिल्लो समयमा धेरै बाली लगाउनु पर्नाले पनि धेरै अन्न पाएको बताउँछन् । श्रीमती पनि मेलापात गरी सहयोग गर्थिन् । खेतालाको भने आफ्नो घरमा खेताला सट्टि आउने बढी खेतालाको पैसा नगद दिन्थे त्यसैले छोराछोरीको पढाइ खर्च हुने बताउँछन् । वर्षभरि साहु, मुखियाको हलो जोत्ने, हिउँदमा भने सिकर्मी काम गर्दथे । विशेषगरी हलो, जुवा, लिडुल्को आफैले बनाउने र उक्त सामग्री चिलाउने कटुसको काठ प्रयोग गर्ने गरेको बताउँछन् ।

परम्परागत पेसा हलो जोत्ने हाम्रो समाजमा राम्रै थियो । दुई छोरालाई कक्षा १० र ८ सम्म पढाएका उनले छोरा छोरी हुर्काउन खासै गाह्रो नभएको बताउँछन् । छोराहरूले भने हलो जोत्ने पेसाको बारेमा केही थाहा नभएको । जेठा छोराले सिकर्मी काम आफुसँगै सिकेर जानेको र अहिले विदेश गएको । कान्छा छोराले प्लम्बिङ्ग र इलोक्ट्रोनिक्स तालिम

लिई काम गर्न थालेको बताउँछन् । आफ्नो पालामा हलो जोत्ने पेसाको स्थिति राम्रो भएपनि आजकल उक्त पेसाले बाच्न गाह्रो भएको महशुस गर्दछन् । अहिले गोरु पाल्ने मान्छे नै पाइदैन, कसका गोरुले जोत्ने, प्रति प्रश्न गर्दछन् । ५३ वर्षको उमेरमा ३ वर्ष हलो जोत्न छाडि कतार पुगे । मासिक ८ हजारले खान लाउन, बचत गर्न नसकेपछि पुन नेपालमै फर्केका उनले पुन हलो नै जोत्न थालेको बताउँछन् । हलो जोत्नेलाई पछिल्लो समयमा ज्याला राम्रो भएको बताउँदै दिनगन्ती हलो जोत्दा अहिले दैनिक नौ सयसम्म आम्दानी हुने बताउँछन् । ६३ वर्षको उमेरमा अझै पनि हेलो जोत्दै गरेको बताउँछन् । सार्की जातिको परम्परागत पेसाप्रति लक्षित गर्दै उच्च स्तरिय मेशिनबाट सिलाई बुनाई गर्न सके छालाको कामबाट जिविका चलाउन सजिलो हुने र पुर्खाहरूको पुर्ख्यौली पेसा पनि संरक्षण हुने ताउँछन् । पहिला पहिलाका बुढापाकाले छोइछिटो गर्ने गर्दथे । हलो जोत्ने घरमा खरानी लगाएर भाडा माज्नु पर्ने, भाडा सुकेपछि मात्र भित्र लाने चलन थियो तर आजकल त्यस्तो नभएको बताउँछन् । आजकल आफू जोत्न गएको ठाउँमा केही पनि भाँडा पखाल्न नपरेको बताउँछन् ।

सिकर्मी काम गरी घर फर्कदा रक्सी पिएर आउने बानीले गर्दा श्रीमती छोराछोरीले गाली गर्ने गरेको बताउँछन् । १० वर्ष अघिदेखि रक्सी, चुरोट सबै छाडेर कान्छो छोरासँग बसेको बताउँछन् । रक्सी पिउनाले घरमा गाली खाने, सामाजिक मान मर्यादामा कमी आएको महसुस गरी आफूले रक्सी खान छाडेको बताउँछन् ।

### वैयक्तिक अध्ययन २

वि.सं. २०३६ सालमा लामाचौर ३ भक्तिपथमा जन्मिएका देवबहादुर नेपाली चार दाजुमध्ये जेठा दाजु हलो जोत्ने, सिकर्मी डकर्मी काम गर्न सिपालु छन् । माहिला दाजु ठेकेदार हुन् भने साहिला दजा नेपाल सरकारको निजामति सेवा मुखिया पद (लामाचौर गा.वि.स.) मा रहेको बताउँछन् । उनले कक्षा सातसम्मको अध्ययन गरेका छन् ।

२२ वर्षको उमेर हुँदा बाग्लुङ नगरपालिकामा मागी विवाह गरेका उनका हाल एक छोरा र एक छोरी रहेको र जेठा छोरा बोर्डिङ स्कुलमा कक्षा तिनमा पढ्दै गरेको बताउँछन् । हजुरबुबा र बुवाले जुत्ता सिलाउने र हली बाउसे काम गर्ने गरेको बताउँछन् । बाबुको पालामा आफू सानो छँदा बाबुले हलो जोत्न जाँदा आफूलाई पनि सँगै लिएर जाने र आफू खनजोत बाउसे काम गरेको बताउँछन् । तर जोत्न कहिल्यै नसकिेको

र बाबुले पनि नसिकाएको बताउँछन् । हजुरबुबाको पालामा जुत्ता सिलाए बापत परिश्रम अन्न अनाजसँग पनि साट्ने गरेको तर बुबाले भने नगदमा नै ट्याङ्की पसल थापेर बसेको बताउँछन् । कक्षा दससम्म अध्ययन गरेका उनले बाबुको मृत्युपछि निकै दुःख भएको बताउँछन् । जेठा दाजु जोत्ने, सिकर्मी र डकर्मी काममा पनि सिपालु थिए । उनलाई भने दुवै काम गर्न नआउने बताउँछन् । उनी २०६२ सालदेखि ०६४ सालसम्म रोजगारीका लागि कतार गएको तर सोही अनुरूप विदेशमा राम्रो नभएको सिप नभइ विदेशमा काम गर्न गाह्रो भई बिरामी परेको हुँदा स्वदेशमा नै केही गर्नु पर्छ भनी नेपाल फर्की आइ एक वर्ष खेती किसानी गरेको बताउँछन् । २ वर्ष घरमा नै स्नोकर हाउस राखी व्यस्त भएको र पछि खराब सङ्गतका केटाहरूको प्रवेशले बेचिदिएको बताउँछन् । काम गरेर खानु पर्दछ, कामले मानिस सानो ठूलो हुँदैन भनीसिप अनुसारको आफ्नो परम्परागत सिलाउने पेसा नै अँगालेको बताउँछन् ।

२०६७ सालदेखि पेसालाई निरन्तरता दिँदै आएका उनले एक छोरा बोर्डिङ स्कुलमा पढाएको बताउँछन् । छोराको मासिक खर्च किताब कापी घर खर्च सबै पेसाले धानेको बताउँछन् । श्रीमतीले घरमा बङ्गुर पालन व्यवसाय गरेको र राम्रो फाइदा लिएकाले मासिक रूपमा सहकारी संस्थामा दैनिक ३ सय रूपैयाका दरले वचत गरेको बताउँछन् । सापटी पनि सहकारीबाटै लिने गरेको साहु महाजनबाट लिने नगरेको बताउँछन् । बङ्गुरको अलावा घरका लागि कुखुरा पाल्दै आएको बताउँछन् । श्रीमतीले गरेको घर व्यवहार, व्यापारले वार्षिक ३०।४० हजारको आम्दानीले आफूलाई सहानुभूति मिलेको बताउँछन् ।

जुत्ता चप्पल, व्याग, मादल, जुत्ताको सोल फेर्ने, छाता बनाउने काममा निपूर्ण छन् । चोकमा भनेजस्तो कोठाको असुविधा रहेको बताउँछन् । यदि कोठा पाइ हाले पनि प्रतिस्पर्धा र खिचातानीले दर्गा कोठा पाउन गाह्रो भई काम गर्न गाह्रो भएको बताउँछन् । घर धनीलाई सुरुमै सटर भाडाका एकमुष्ट रकम दुई तिन वर्षको दिनु पर्ने नियमले गर्दा ट्याङ्की मै निर्वाह गरेको र यसले व्यापारलाई घाटा बनाएको दुखेसो व्यक्त गर्दछन् । विदेश जानेहरूका लागि सकेसम्म विदेश नगई आफ्नै ठाउँमा सिपको विकास गर्नु पर्दछ । यदि जाने हो भने आधुनिक सिप सिकेर जान आग्रह गर्दछन् । काममा सानो ठूलो नहुने समय चिनेर काम गर्नुपर्ने बताउँछन् । हिजो बाबुको पालामा बनाएका सामान बेच्न टाढा जानुपर्थ्यो, विक्री गर्न मेलापर्व कुर्नु पर्थ्यो, अन्नसँग साट्नुपर्थ्यो । अहिले सजिलैसँग

बेचबिखन पनि हुने र मर्मतका लागि विशेष काम पाइनुले पनि पेसाप्रति सन्तुष्ट भएको बताउँछन् । एउटा गाउँमा दुई चारजनालाई यो पेसाले रोजगार राम्रो दिने तर बढी भएमा गाह्रो पर्ने बताउँछन् । नगद रूपमा कारोबार हुने भएकाले उक्त पेसामा रही आएको तर बालिघरे जस्तो पेसामा कसैले काम गर्न नहुने र गराउन समेत नहुने बताउँन् । दैनिक ज्यालामा हलो जोत्ने पेसा पनि राम्रै भएको बताउँछन् । आफ्नो छोराछोरीलाई दुःख गरी पढाएकाले भविष्यमा व्यवसाय नोकरी गरुन् भनी बताउँछन् ।

३ आना जग्गा जमिनमा ब्लकको गाह्रो र टिनको छाना भएको दुई कोठे घरमा बस्दै आएको, घरमा विद्युत र पानी अरूकै घरबाट जडान गरेको, शौचालय भने भएको बताउँछन् । यहाँका सार्की समुदाय वास्तविक रूपमा परापूर्वकालदेखि जग्गा जमिन केही मात्रामा भएको तर अत्याधिक जाडरक्सी खाने र वचतको बानी नभएकाले पछि परेको बताउँछन् । प्रसङ्ग उल्लेख गर्दै आजभन्दा करिब २० वर्ष अघि लामाचौर चोक वरिपरि सम्पूर्ण सार्की जातिको बासस्थान रहेकोमा हाल बेच बिखन गरी लामाचौर गा.वि.स. कै कम मूल्य पर्ने जमिनमा बासस्थान सरेको बताउँछन् ।

छोइछिटोको सन्दर्भमा क्षेत्री दाजुभाइसँग बढी सङ्गत गरेको र उनीहरूले कहिल्यै हेलत्वको भावनाले नहेरेको बताउँछन् । एक आपसमा सँगै मिलेर खाजा खाने गरेको बताउँछन् । बुढाबुढीलाई भने आफूले पनि तर्की दिने बानीले गर्दा उनीहरूप्रतिको दृष्टिकोण थाहा नभएको बताउँछन् । पेय पदार्थ आफूले पनि सेवन गर्ने बताउँछन् । चाडपर्वमा श्रीमान् श्रीमतीसँगै बसेर खाने कुरा व्यक्त गर्दछन् । ब्राह्मण क्षेत्रीले जस्तै गरी नागपुजा, भगेर, झाँक्री, पूजा गर्ने गरेको दसैं तिहार माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति मान्ने बताउँछन् । चुडाकर्म भने बाह्र घरे सार्की जातिमा ब्राह्मण (ज्वाइ अथवा भानिज) बाट विवाहको दिन हुने बताउँछन् । क्रियाकाज ११ दिने, सुत्केरी ९ दिनमा चोखिने बताउँछन् ।

**वैयक्तिक अध्ययन ३**

वि.सं. २०५० सालमा कान्छा छोराको रूपमा सुमन नेपालीको जन्म भएको हो । सुमन श्री इन्द्रराज्यलक्ष्मी उच्च मा.वि. मा कक्षा १२ मा अध्ययनरत छन् । स्कुल जीवन छिमेकी निजी विद्यालयमा अध्ययन गरेको बताउँछन् । बाबु भारतीय सेनाबाट निवृत्ति पेन्सन बसेको बताउँछन् । आमा खेती किसान कृषि मजदुर, वैदेशिक रोजगारीका लागि

जेठा दाइ साउदी अरब गएको माहिला भारतमा सिविल काम गरेको साइला नेपाली सैनिकमा कार्यरत रहेको, काइला दाजु स्नातक तह पढ्दै गरेको बताउँछन् । हाल दाजु पढ्नका लागि आयरल्याण्डमा छन् ।

घरपरिवारबाट सहयोग पाएर नै आफू कक्षा १२ सम्म पढ्न सकेको बताउँछन् । हालसम्म सधैँ राम्रो नम्बर ल्याएर पास हुँदै आएको बताउने सुमन भविष्यमा लाहुरे बन्ने योजनामा रहेको बताउँछन् । बृहत् परिवारमा हुर्केका उनलाई स्कुले जीवन बाबुले पढाएको र मृत्युपश्चात् दाजुहरूले हेरविचार गर्दै आएको बताउँछन् ।

बाबुले १४ वर्षमा पहिलो विवाह गरी सन्तान नभएकाले पुनः २५ वर्षमा दोस्रो विवाह गरेको बताउँछन् । बाबुले पेन्सनपछि केही समय लामाचौर चोकमा जुत्ता पसल गरेको र दाजुभाइले बाबुसँगै जुत्ता सिलाउन सिकेको बताउँछन् । ५९ वर्षको उमेरमा बुबाको निधन भएको कसैले पनि उहाँको पेसा नअपनाएको तर आफ्नो जुत्ता घरमा आफैले सिलाउने गरेको बताउँछन् । सबै दाजुभाइ सँगै रहेको आमालाई धेरै थोरै पैसा सबै दाजुभाइले पठाउने हुँदा घर धान्न अहिलेको समयमा गाह्रो नभएको बताउँछन् । साहिला दाजुले अन्तरजाति मगरको छोरी विवाह गरे पनि परिवारमा राम्रै सम्बन्ध भएको बताउँछन् ।

सबै दाजुभाइले लाहुरे देखाएको, साहिला दाजु मात्र भर्ती हुन सफल भएको बताउँछन् । आमाको रक्सी खाने बानीले गर्दा कहिलेकाहीँ टेन्सनमा कचकच गर्ने गरेको देख्दा उनलाई दुःखी बनाउँछ । समाजमा हुने झैझगडा कलहले गर्दा उनलाई दुःखी बनाउँछ । गरिबी अशिक्षा अज्ञानताको कारण समाजमा विकृति आएको बताउँछन् । जबसम्म घर समाज शिक्षित हुँदैन तबसम्म समाजमा केही गर्न नसकिने बताउँछन् ।

सरकार र सङ्घ संस्थाबाट केही पाएनौं भन्नुको सट्टा हामीले के गऱ्यौ भन्ने तर्फ सोच्नु पर्ने बताउँछन् । जबसम्म हामी एक आपसमा सङ्गठित हुन सक्दैनौं तबसम्म हामीलाई सबैले प्रयोग गर्ने बताउँछन् । छुवाछुत प्रथाको अन्त्यका लागि सरकारले आर्थिक वर्ष २०६६।६७ को बजेटमा दलितको उपल्ला जातको केटा वा केटीसँग विवाह गरेमा रु. १ लाख नगद उपलब्ध गराउने नीति घोषणा गरी लागू गरे तपानि दाजुले अहिलेसम्म नपाएको गुनासो गर्दछन् ।

सामाजिक संस्कारले गर्दा आफूसँग सिप भएर पनि काम नगरेको बताउँछन् । विगत र वर्तमानको जुत्ता सिलाईमा सार्की जातिले फरक विधि नअपनाएकोले पनि

आफ्नो मन नगएको बताउँछन् । सामान्य मेसिन मात्र उपलब्ध भएको अन्य काम गर्ने तकिरा समान नभएको बताउँछन् । अहिले उनी प्लम्बर र इलोक्ट्रोनिक्स काम सिक्दै समय वचत गरेको बताउँछन् ।

६ आना जग्गा पुरानो घरमा नौ जनाको संयुक्त परिवार रहेको बताउँछन् । सँगै बस्दा काममा सहयोग हुने तर व्यक्ति विकास नहुने कुरा बताउँछन् । आजका युवा विद्यार्थीले गाउँ टोल समाजमा सामाजिक चेतना अधिकारका बारेमा चासो राख्न पर्ने गाउँ टोल समाजमा हुने विवादका बारेमा जानकारी लिनुपर्ने बताउँछन् । दलित जाति अन्तर्गत सार्की जातिका मानिसको जीवन स्तर कमजोर हुनुमा चेतनाको कमी हुनु हो भन्छन् ।

परम्परागत पेसाको बारेमा सार्की युवा एवम् विद्यार्थीले पुरानो पेसा गर्दा आफू हेपिएको महसुस हुँदा अब फेरि त्यही पेसा अनाएर हेपिन्छ कि भनेर नै त्यही पेसा ( छालाका काम) गर्न इच्छा नगरेको बताउँछन् । तर व्यवस्थित समय सापेक्ष बनाएर मर्यादित तरिकाबाट उद्योगको रूपमा विकास गर्न सकेमा राम्रो हुने धारणा व्यक्त गर्दछन् । परम्परागत पेसालाई जविन निर्वाहको प्रमुख पेसा छाडेर रोजगारी पाउन पाए हुन्थ्यो भन्ने धारणा रहेको बताउँछन् । जब जीवन स्तर सुखी र मर्यादित हुन्छ त्यसपछि संस्कृति बचाउनका लागि छालाको काम र पेसालाई जगेर्ना गर्न सकिन्छ । परम्परागत पेसालाई छाडेर रोजगारी गर्ने पसल व्यापार गर्ने, वैदेशिक रोजगारमा जानेले जीवन स्तर माथि उठाएको एवम् छोराछोरीलाई निजी स्कुलमा पढाउने, विवाह व्रतबन्धमा आफ्नो समुदायको अतिरिक्त ब्राह्मण, क्षेत्री स्थानीय जातिलाई आमन्त्रण गर्ने गरेको पाइन्छ । उनीहरू प्रतिष्ठित रूपमा चिनिन चाहन्छन् जसले गर्दा सार्की जातिमा न्यास्रोपन भएको बताउँछन् । नयाँ पिढीमा परम्परागत पेसा छाड्ने मानसिकता रहेको बताउँछन् । कक्षा १ देखि १० सम निःशुल्क छात्रवृत्ति, पोशाक र पोषण भत्ताको व्यवस्था मिलाउनुपर्ने बताउँछन् । गाउँसमाजमा पेसा जगेर्नाका लागि एकजुट भएर लाग्नुपर्ने र जातीय एकता र पहिचानको लागि समेत लाग्नुपर्ने बताउँछन् ।

**वैयक्तिक अध्ययन ४**

लक्ष्मण नेपालीको वि.सं. १९९३ सालमा लामाचौर ३ खत्रीडहरमा जन्म भएको हो । आफ्नो वाल्यकाल बाबुले हलो जोतेर जुत्ता सिलाएर प्राप्त वार्षिक अन्नबाट जीविकोपार्जन भएको बताउँछन् । विशेषगरी बाबुले जुत्ता सिलाउने, घोडामा माथि

विछ्याउने काठी सिलाउन मायुर थिए। बाबुको नामै काटेर आज हाट बजार, मेला पर्व लाग्दैछ नेपालीले बनाएको काठी किन्न हिँडेको भनेर मानिसले भन्ने गरेको बताउँछन्।

१ छोरा बुहारी १ नाति र एक नातिनी ५ जनाको परिवार छ। भर्खरै मात्र श्रीमतीको मृत्यु भएको बताउँछन्। नाति कक्षा ९ मा निजी विद्यालयमा अध्ययन गर्दछन् भने नातिनी कक्षा ११ मा अध्ययन गर्दै गरेको बताउँछन्। वंशावली कहाँबाट आएको भन्ने यकिन नभएको तर बाटुलेचौरमा दाजुभाइ खलक भएकोले त्यहीबाट सरेको हुन सक्ने बताउँछन्।

उहाँले कृषि पेसा, जुत्ता सिलाउने काम गर्नुभयो घरमा सबेर जुत्ता सिलाएको र मेला पर्वमा बेचन लगेको बताउनुहुन्छ। एकचोटि इण्डिया गएको तर ६ महिनामा आएर जुत्ता सिलाउने मर्मत गर्ने कार्य गरेको बताउँछन् झण्डै २५-३० वर्षको उमेरमा जुत्ता सिलाएका उनले ५।७ वर्ष पछि सिलाउन छाडे। वार्षिक मुरीका रूपमा लिने चलन थियो। अन्य दररमा जोतेको भन्दा कम मूल्य पर्ने गरी कम अन्न दिने गर्थे। तर दैनिक जोत्दाका दिनमा होस् या काम नहुँदाको दिनमा पनि मानो चामल अन्न दिने गरेको जाँड रक्सी पिउने बानी भएकाले दश रूपैयाँ पनि दिने गरेको बताउँछन्।

उनी पनि हलो जोत्दा मुजुरीको रूपमा झण्डै १० वर्ष काम गरेको बताउँछन्। बाँकी ५ वर्ष भने ज्यालाको रूपमा काम गरेको बताउँछन्। ज्यालाको दरमा जोत्दा भने अलि पैसा धेरै हुने र जीवन निर्वाह गर्न सजिलो हुने गरेको बताउँछन्। श्रीमतीले खेताला अर्म पर्म गरेर आफूलाई सहयोग गरेको बताउँछन्।

बाबु बाजेको पालामा कृषिमा निर्भर रहेर पनि सजिलै जीविकोपार्जन हुन्थ्यो। बाबुले कृषि पेसा गरेर, हलो जोतेर आफ्नो जीवन धानेको र जुत्ता सिलाएर आएको आम्दानीले केही वचत गरेको र बाँकी छोराछोरीको लालनपालनमा खर्चे। बाबुले मुजुरीका रूपमा वार्षिक अन्न लिने गरी हलो जोतेको बताउँछन्। त्यतिबेला साहु महाजनकहाँ बाँझो खन्ने, खनजोत गर्ने, बालि थन्काउने काम गर्नुपर्ने तर त्यसको मूल्य निर्धारण नभएको बताउँछन्।

आफू हलो जोतेर भए पनि छोरालाई कुनै काम गराएनन्। छोराले पढ्न पनि धेरै सकेनन्। सात पढी बिचैमा छाडिदिए। दस वर्ष अघिदेखि छोरा वैदेशिक रोजगारमा साउदी अरब आउँदै जाँदै गरेका छन्। नाति नातिनाको मासिक रूपमा ३ हजार पढाइ खर्च आउने, खानामा ७८ हजार थोरैमा पनि लाग्ने गरेको बताउँछन्। बुहारीले ३००

कुखुरा पालेकी छन् । उनले पनि राम्रै आम्दानी गर्ने गरेको र दुवै छोरा बुहारीले घर धानेको बताउँछन् ।

आफू ५।६ वर्षदेखि दमको बिरामी परेका छन् । एक महिनासम्म अस्पताल बसेर धन्न बाँचेको बताउँछन् । ब्लड प्रेसरले झण्डै मर्नबाट जोगिएका उनले आज अपाङ्गता जीवन बिताएका छन् । पैसाले मात्र हुँदो रहेनछ । बिरामी हुँदा साथ दिएकी श्रीमती भर्खर मात्र बितेको बताउँछन् । श्रीमान् श्रीमतीबाट पाए जस्तो सहयोग पाउन अरूबाट गाह्रो हुने बताउँछन् । श्रीमतीको क्रिया खर्च, नियमित खाने औषधी सबै छोरा बुहारीले तिरेको बताउँछन् ।

आफैको पालामा बनेको कच्ची घरमा सबै परिवार बस्दै आएको बताउँछन् । दिन उमेरमा जाँड रक्सी खाने गरेको र श्रीमतीले पनि खाने गरेको बताउँछन् । उनको विचारमा सार्की समुदाय दिनभरि हलो जोत्ने, कृषि काम गर्ने हुनाले थकाइ मेट्न सुरुमा रक्सी खाने गरेको पछि बानी नै परेको बताउँछन् । उनी अहिले त्यस्तो केही खाँदैनन् ।

आफू परम्परागत पेसामा अलमलिएकाले केही गर्न नसकेको बुढेसकालमा छोराबुहारीको आस गर्नु परेको बताउँछन् । दिन उमेरमा बचत नगरकोले आज जे खान मन लागे पनि छोरा बुहारीसँग भन्नु पर्दा अप्ठ्यारो लाग्ने बताउँछन् । छोराले आधुनिक पेसा अपनाएकोले बुढेसकालमा आफूलाई पनि बाँच्न सजिलो भएको बताउँछन् ।

सार्की समुदायमा आज कमाउँदै आजै खाने प्रवृत्ति भएकोले बुढेस कालमा दुःख पाउने गरेको बताउँछन् । तसर्थ दलित समुदायका बुढाबुढी उमेरका व्यक्तिहरूलाई सरकारले छुट्टै स्याहार केन्द्र खोलिदिनु पर्ने बताउँछन् ।

**वैयक्तिक अध्ययन ५**

अर्जुन रोकाको वि.सं. २०२६ सालमा भारतको लखनऊमा जन्म भएको हो । २ वर्षका उमेरमा आमाले माइत लामाचौर ल्याएर छोडेको २ वर्षपछि आमा वितेको बताउँछन् । मामा घरको हजुरआमाले दुखसुखको साथ मेलापात गरी हुर्काएको बताउँछन् । भारतीय सेनामा जागिरे बुबाको पनि चाडै नै मृत्यु भएको र जेठा दाजुको पनि छ महिनामै मृत्यु भएको हजुरआमाले भनेको बताउँछन् । ५ वर्षको हुँदा बाबुले छाडेकाले बाबुआमाको माया सानैबाट पाउन नसकेको बताउँछन् ।

कक्षा पाँचसम्म अध्ययन गरेको ज्यालादारीको रूपमा गण्डकी हस्पिटलमा एक वर्ष काम गरेको बताउँछन् । २०४७ सालमा लेकसाइड बैदाममा बाबु लालबहादुर तथा नन्दकली नेपालीकी छोरीसँग मागी विवाह गरेको बताउँछन् । विवाह लगत्तै २०४७ सालमा थोरै लगानीबाट साइकल पसल खोलेको बताउँछन् । पहिला गाडीहरूको आपतजावत थिएन, नोकरी गर्नेले साइकल बढी चड्दथे त्यसैले भाडामा साइकल बढी बिक्ने गरेको बताउँछन् । श्रीमतीले घरको भन्दा मेलापात गर्ने गरेको बताउँछन् ।

२ छोरी १ छोराको बाबुसमेत रहेका उनी सानैदेखि जीवन सुखका साथ बितेको बताउँछन् । जेठी छोरी प्लस २ को अध्ययनपछि इन्जिनियर पढ्न रसिया गएको, कान्छी छोरी स्टाफ नर्स पढ्दै गरेको र छोरा निजी स्कुलमा कक्षा ७ मा अध्ययन गरिरहेको बताउँछन् । जतिसुकै राम्रो नम्बरले पास गरेको भएपनि कहीँ कतैबाट छात्रवृत्ति नपाएको गुनासो गर्दछन् ।

साइकल पसलबाट मासिक १५।१६ हजारको भरमा आफूलाई यतिबेला घर धान्न छोराछोरीको शैक्षिक शुल्क तिर्न धौंधौ परेको बताउँछन् । लामाचौर वरपर एक मात्र साइकल पसल भएर पनि होला विगत २३ वर्षदेखि एकनासको चलेको बताउँछन् । दैनिक रूपमा आम्दानी दलित संस्थामा राख्ने गरेको विभिन्न सहकारीमा जम्मा गर्ने गरेको आफू बताउँछन् । आफु सके दैनिक जम्मा गरेकाले यत्तिनै भन्ने नभएको तर ऋण पनि त्यहीबाट झिक्ने गरेको बताउँछन् । गाउँका साहु महाजन साथीभाईसँग ऋण लिने नगरेको बताउँछन् ।

ठुला साना छोइछिटो आफूलाई राम्रो नलाग्ने ब्राह्मण क्षेत्रीले आफूलाई खाएको भाडा माझ नभनेको तर आफूले नमाझ्नेनै गरेको बताउँछन् । आफुले नेपाली लेख्नुपर्ने ठाउँमा नागरिकता नै रोका भनी निकालेका छन् । छोराछोरीलाई स्कुलमा यो बच्चा कुन जातिको हो भनेर स्कलले जीवनमा कसैलाइ थाहा नभएको छोराछोरीले भन्ने गरेको कुरा व्यक्त गर्दछन् । लामो समय यही बसेको भएर पनि होला सबै दाजुभाई सरह व्यवहार सम्मानजनक नै छ भन्दछन् ।

महिला पुरुष दुवैले प्राय जाँडरक्सी चुरोट सेवन गर्ने हुनाले समुदायको बानीमा परिवर्तन आउनुपर्ने बताउँछन् । कोही महिला बिहानबाट रक्सी खाई बाटोमा हल्लिदै हिँडेको देख्दा आफूलाई नरमाइलो लाग्ने गरेको बताउँछन् । महिलाले स्वयम् महिलाको लागि सामाजिक चेतना जगाउनुपर्ने देखिन्छ । दलित दलित बिचको छोइछिटो हटाउन

स्वयम् दलितभित्रै ज्ञान आउनुपर्ने बताउँछन् । लामाचौर भेगमा रहेका जुनसुकै सार्की समुदायसँग पनि आफ्नो बिहेबारी गर्न मिल्ने बताउँछन् ।

**वैयक्तिक अध्ययन - ६**

वि.सं. २०३४ सालमा लामाचौर-३, खत्रीडहरमा क्षेत्र बहादुर नेपालीको जन्म भएको हो । टोल सुधार समिति लामाचौर-३ का सहसचिव हुन् । परिवारमा अहिले श्रीमती १ छोरा र १ छोरी गरी ४ जनाको सानो परिवार रहेको छ । बोर्डिङ्ग स्कुलमा छोरा सात कक्षा अध्ययन गरेको र कान्छी छोरी ३ कक्षामा अध्ययन गरेको बताउँछिन् । कक्षा १० सम आफूले अध्ययन गरेको बताउँछन् ।

बाबुले परम्परागत पेसाका रूपमा हलो जोत्ने गरेको बताउँछन् । आमाले पनि खेती किसानी गरी अर्म पर्मबाट खेताला ल्याउने र आफ्नो खेती गर्न सजिलो भएको बताउँछन् । वार्षिक रूपमा अन्न लिएर पनि बाबुले हलो जोत्ने मुजुरीको काम गरेको बताउँछन् । चार दाजुभाइका कान्छा भाइ यिनले आफूले कुनै काम नगरेको बताउँछन् । एक जेठा दाजुले दैनिक ज्यालामा हलो जोत्ने गरेको दुई दाजु लाहुरे भएकाले जोत्ने काम नगरेको बताउँछन् ।

घरमा श्रीमतीले बंगुरपालन गरेको बताउँछन् । कम्तीमा पनि १२ देखि १५ वटा बंगुर पाल्दै आएको ६ महिनामा ३० देखि ३५ हजार फाइदा हुने गरेको बताउँछन् । लामाचौर चोकमा दुई तले घर छ उनको । मासिक घरभाडा २५ देखि ३० हजार आउने गरेको बताउँछन् । जसले दुई छोराको पढाइ खर्च, खाना खर्च, लत्ता कपडा, औषधि उपचार धानेको बताउँछन् ।

मासिक रूपमा दलित संस्थामा बचत गर्ने गरेको ठूला सहकारीमा मासिक तथा दैनिक रूपमा जम्मा गरेको बताउँछन् । श्रीमतीले मासु पसल घरमा नै खोलेकोले दैनिक बचत गर्न सजिलो भएको छ । सार्की समुदायमा आर्थिक अवस्था राम्रो भएकोमा उनी पर्दछन् ।

बाबु बाजेको परम्परागत पेसा अपनाएर अबको जमानामा जीवन निर्वाह गर्न गाह्रो पर्दछ, वैदेशिक रोजगारी र आधुनिक पेसा सिकर्मी, शिक्षक, कर्मचारी, व्यापारी हुनुपर्ने बताउँछन् । बंगुरपालनलाई समय अनुकूल व्यवसायीकरण गर्नुपर्ने र घर एकै ठाउँमा भएकोले दुर्गन्ध बढेको छ । तसर्थ पेसा धरापमा परेको बताउँछन् ।

म पुर्ख्यौली पेसामा लागिरहेको भए आज यो अवस्थामा पुग्न सक्ने थिइन। क्षेत्रबहादुरको सम्पत्ति भनेकै छोराहरूलाई राम्रो शिक्षा दिनु हो। आफूले सानोमा नपढेको हुनाले आज छोराहरूलाई राम्रो शिक्षा दिनु हो। आफूले सानोमा नपढेको हुनाले आज छोराछोरीले पढ्नुपर्छ भन्ने चेतना आएको बताउँछन्। छोराहरूको समेत पढाई राम्रो भएकोले भविष्यमा सफल व्यक्ति बन्नेमा ढुक्क देखिन्छन्।

आफूमा केही राजनैतिक चेतना भएको बताउने उनी राजनैतिक पार्टीको सक्रिय सदस्य समेत रहेको बताउँछन्। तर दलित पिछडिएका वर्गलाई भोट बैंक ठान्ने प्रवृत्ति र सार्कीहरूको उत्थानमा कसैले केही नगरेकोमा दुखेसो व्यक्त गर्छन्। सबैले दलितको उत्थान गर्छु भन्छन् तर दलितको अवस्थामा खासै परिवर्तन नभएको बताउँछन्। देशमा समय समयमा परिवर्तन आएको तर सार्की जातिमा परिवर्तन नआएको बताउँछन्। जब मानिसलाई बिहान बेलुका हातमुख जोर्ने समस्या पर्दछ र महङ्गी बढ्दछ। त्यतिबेला मानिस विकल्पको पेसाको खोजीमा लाग्ने रहेछ। आश्वासन र सान्त्वनाले मात्र पेट भरिँदोरहेनछ। पेट भर्न खानै पर्ने रहेछ। तपाईंहरू आफ्नो पुर्ख्यौली पेसा छालाको काम गर्न नछाड्नुस् भनी विभिन्न निकायबाट सुझाव आउँछ। तर सार्कीको लागि कसैले पनि सामान्य सहयोग र बाटो नदेखाएको बताउँछन्। अर्ती र उपदेशका भरमा जीवन नचल्दो रहेछ, वास्तविक पीडा, पीडा भोग्नेलाइ थाहा हुँदो रहेछ। हाल सार्की समुदायको जीवन कसरी निर्वाह भएको छ। युवा पुस्ता कुलतमा फस्ने देखिएको छ। हिजो परम्परागत पेसा गर्ने बुढाबुढीको अवस्था कष्टकर रहेको छ। हिजो बचत गर्ने र भविष्यका बारेमा नसोचेकाले आज देलान् र खाउँला भनी बस्नु परेको बताउँछन्। आजकल वृद्ध आमा बुबा हामीले गरेको जस्तो परम्परागत पेसा तिमीले नगर भन्छन्। छाला जुत्ता कारखानाको व्यवस्थित विकास हुन सके युवा पुस्ता रोजगारी पाउनुको साथै आकर्षित हुन्थे।

बाबु आमाको पालामा जस्तो छोइछिटोको चलन समाजमा नभएको बताउँछन्। अकला देवी (मन्दिर) धार्मिक क्षेत्रमा प्रवेश पनि सजिलै गर्ने गरेको, पूजाआजा गर्ने गरेको बताउँछन्। बुढाबुढीले भने भान्छामा जान नदिने अलि छुवाछुतको दृष्टिले हेर्ने गरेको बताउँछन्। चेतनाको कमीले गर्दा त्यसो गरेको बताउँछन्।

**वैयक्तिक अध्ययन - ७**

सन्तुमाया नेपालीको जन्म आजभन्दा ८२ वर्ष पहिला तिलाहर दरगामा जन्म भएको हो । उनका माइतमा एक दाई र आफू मात्र भएको बताउँछिन् । बाबुले माइतमा जग्गा धेरै भएकोले आफ्नो मात्र जग्गा जमिन जोत्ने गरेको बताउँछिन् । भारतमा ग्वाटी दाई बाबुसँगै गएको र उतै बितेको बताउँछिन् । बाबु बित्नुभन्दा अगाडि आफ्नो विवाह भइसकेको बताउँछिन् । हाल परिवारमा २ छोरा, २ बुहारी, ६ नातिनातिना भएको बताउँछिन् । २ छोरीको विवाह भइसकेको र छोरा छुट्टाछुट्टै बसेको बताउँछिन् ।

विवाह भएर आउँदा श्रीमान्ले छालाको काम गरेको, हलो जोतेको बताउँछिन् । श्रीमान् विवाह गरी छोराछोरी पाइसकेपछि लाहुरे भएको र त्यो बेलामा आफूले २ हजार ऋण खोजेर ल्याएको र भारतीय सेनामा भर्ती भएको बताउँछिन् । दुवै छोरालाई बाबुले नै भर्ती गरेका जेठा छोरा भारतमा जुत्ता सिलाउने पेसामा भर्ती भएको तर १५ वर्षमा नाम काटी आएकाले पेन्सन नपाउने बताउँछिन् । कान्छो छोरा पेन्सन आइ सेक्रेटरीका रूपमा विदेश जाँदै आउँदै गरेको बताउँछिन् । जेठो छोरा भने हाल वर्षायाममा हलो जोत्न र हिउँदमा जुत्ता सिलाउने काम गर्दछन् । बाटुलेचौरमा जुत्ता पसल गरी परिवारको पालन पोषण गर्दै आएको कुरा व्यक्त गर्छिन् । बुहारी खेती किसानी मेला पात जाने गरेको बताउँछिन् । दुवै छोरा सामान्य पाँच सात कक्षा पढेको बताउँछिन् ।

८२ वर्षको बुढेसकालको उमेरमा अझै एक्लै बसी खान पकाउने र खाने गरेको बताउँछिन् । अरूले पकाएको साह्रो हुन्छ, समयमा खान पाइँदैन, त्यही भएर छोरा नातिले बोलाए पनि नजाने गरेको बताउँछिन् । पेन्सनले आफूलाई खान पुगेको र हात खुट्टा चलुन्जेल किन छोराको घरमा जाने भन्छिन् । हात खुट्टा चल्न छोडे पछि हेरविचार गर्लान् भनि बताउँछिन् ।

जेठा छोरा परम्परागत पेसा अपनाउँदै आएको, भारतमा जुत्ता सिलाउने सैनिक पेसा (जागिर) छोड्नाले पुनः पेसा अपनाउन परेको बताउँछिन् । काम नगरी खान पुग्दैन, छोराछोरी पढाउनु पर्ने, सिप अनुसार काम गर्नु परेको बताउँछिन् । श्रीमान्को पालामा सस्तो साहु महाजन कहाँ हलो जोत्न पर्ने वार्षिक अन्न पाउने चलन नभएको दैनिक ज्याला पाउने गरेको बताउँछिन् । आजकल एकदिनमा हलो जोतेको ८ सय देखि ९ सय सम्म पाउने गरेको बताउँछिन् ।

हाम्रो जातको पेसा आज हाल सार्कीहरूका लागि नौला पेसा भएका छन् । अधिकांशले हलो जोत्न, जुत्ता सिलाउन जान्दैनन्, आफ्नो इतिहास आज मेटिन गई रहेकोमा आफूलाई दुःख लागेको, गाउँले छोरानातिहरूलाई दिनभरि डुल्नु भन्दा सिलाउन सिकेको भए हुन्थ्यो भनी बारम्बार गाली गरेको सम्झाउने गरेको बताउँछिन् ।

सार्की जातिका जेष्ठ नागरिकको अवस्था कष्टकर रहेको छ । वैसमा हलो जोतेर सिलाई पेसा गरेर मेलापात गरेर हिडियो आज वृद्ध अवस्थामा औषधी खान समेत कठिनाइ भएका बताउँछिन् । सुरुबाट क्षेत्री जातिका छिद्धमेकी भई बसेकाले पनि छोइछिटो गरेको, हेलाको दृष्टिकोणले हेरेको थाहा नभएको बताउँछिन् । पहिला पहिला आफ्नो पालामा भने छुवाछुतको दृष्टिले बुढापाकाले हेर्दथे । माया पनि मान्ने गरेको बताउँछिन् । यति बेला साहु महाजनकहाँ हलो जोति जीवन निर्वाह गर्नु पर्ने र मेलापात नगइ दैनिक गुजारा नटर्ने भएकलो पनि सही बस्नु पर्ने अवस्था थियो, भन्दछिन् । आजकल त्यस्तो अवस्था नभएको गाउँका छोराछोरी नातिनातिना विदेश गएको नोकरी गरेको व्यापारमा लागेकोले आर्थिक अवस्था राम्रो भएको बताउँछिन् । आखिर छुवाछुत भन्ने कुरा अशिक्षा र गरिबीले महसुस गरेको बताउँछिन् । पहिला पहिला गरिबीको कारण मरेका गाई गोरुको मासु खाने र छाला तारेर मादल आदि बनाउने गरेको बताउँछिन् । साथै गैर दलित जातिले हेला गरेको बताउँछिन् । आजकल मरेका, बिरामी परेका र राम्रै गोरु गाइका मासु कसैले नखाने र खाएमा सरकारलाई जरिवाना तिर्नुपर्ने भएकोले यसता कार्य हटेका बताउँछिन् । एक वर्ष अघि चौरासीको पूजा सम्पन्न भएको गाउँका सम्पूर्ण जातजातिका दाजुभाइहरूलाई बोलाएको र सबैले खान खाई जय जय गर्दै लामाचौर घुमाएको बताउँछिन् ।

सार्कीहरूको सामाजिक परम्परा संस्कारको बारेमा जानकारी लिन क्रममा उनले आफ्ना जातिमा गरिने संस्एकार ब्राह्मण क्षेत्रीको जस्तै भएको बताउँछिन् । हिन्दू धर्मवालम्बी भएकाले उनीहरूको आफ्नो संस्कार मिल्ने बताउँछिन् । बच्चा पेटमा रहँदा देखि नै विभन्न विधि अपनाउने गर्भवती महिलाका श्रीमान्ले काटमार नगर्ने, देवी स्थल मन्दिरको दर्शन नगर्ने गर्दछन् । बच्चाको न्वारन ९ दिनमा गरिने, अन्न प्रासन ६ महिनामा, ब्रतबन्धन ७ वा ११ वर्षसम्म गरिन्छ । विवाह संस्कार अन्तर्गत बाजा बजाउने केटी माग्न जाने लगन जुराउने, विवाह आट्ने आदि परम्परा रहेको बताउँछिन् । विवाहको दिन दुलाहा दुलहीलाई गहना लगाई शृङ्गार पटार गरी राखिन्छ । जग्गिए लगाउने सिन्दुर हाल्ने, कन्यादान दिने, नजिकका नातेदार भोकै बस्ने, गच्छे अनुसार दाइजो दिने चलन

छ । विवाहमा राँगो काट्ने, खसी काट्ने चामल दाल तरकारी गरी कम्तीमा खानपिनमा ६० देखि ८० हजार खर्च हुने बताउँछिन् । मृत्यु संस्कार मृत्यु शरीरलाई नजिकको नदीमा लगी जलाउने छोराछोरी श्रीमती क्रिया बस्ने, दागबत्ती दिने चलन छ, मृतकको नाममा भेटी ल्याउने, ११ दिनमा बाहुन, भानिज, ज्वाइलाई सहयाका रूपमा विस्तारा लुगा, कपडा, भाडाकुडा, दान गर्ने चलन रहेको बताउँछिन् । वार्षिक पिण्ड दिने मर्या तिथिमा र सोह्र श्रद्धामा समेत श्राद्ध गरिने र श्राद्ध गर्दा कुखुराको रगत र पानी प्रयोग गर्ने, कुनैले सिद्रा माछाको प्रयोग गर्ने, कुनैले गाइको दुध र पानीको प्रयोग गर्ने गरेको बताउँछिन् । समाजमा केही मानिसको मृत्यु भएमा मलामी गैर दलितमा समेत जाने र अरू पनि आफ्नो जातिकोमा आउने गरेको बताउँछिन् ।

**वैयक्तिक अध्ययन ८**

किसान नेपालीको जन्म वि.सं. २०२८ सालमा भएको हो । परिवारमा २ बहिनी विवाह भइसकेको एक अविवाहित भाइ भएको बताउँछन् । हाल छुट्टै दुई कोठाको घर बनाएर बस्दै आएका उनका श्रीमती एक छोरा नौ कक्षामा र एक छोरी गरी दुवै निजी विद्यायलमा पढ्दै आएको बताउँछन् ।

परापूर्वकालदेखि बाबुहरूले बसेल लेख्ने गरेको र आफ्नो गोत्र नै बसेल भएको बताउँछन् । ढुङ्गे घरका भनेर चिनिने पहिला एकघर मात्र थियो । अहिले ६ घर भएको बताउँछन् । हजुरबुबा कृषि पेसामा संलगन रहेको, जुत्ता सिलाउने काम गरेको बताउँछन् । हलो जोत्ने काम वार्षिक रूपमा बालिघरे का रूपमा गर्ने गरकों साहुको जग्गा जमिन अनुसार वार्षिक ५।७ मुरी धान दिने गरेको बताउँछन् । जुत्ता भने घरमा नै बनाउने र हाटबजार, चाडपर्व मेलामा तनहुँसम्म लगेर बेच्ने गरेको बाबुले भनेको बताउँछन् ।

उनका बाबु भारतीय सेना हुन् । २००४ सालमा जन्मेका बाबु गैरेपिप्ले बाह्रघरे भनिने कोशिला गोत्रीय परिवारमा विवाह भएको बताउँछन् । बाबुले भर्ती हुनुभन्दा अगाडि हलो जोत्ने काम मुजुरीको रूपमा गरेको बताउँछन् । जुत्ता सिलाउने पेसा भने नगरेको बताउँछन् । २२ वर्षको उमेरमा भर्ती भएपछि हलो जोत्ने नगरेको तर आफ्नो कमाउने गरेको जग्गा आफैँले गोरु मागेर जोत्ने गरेको बताउँछन् ।

दाजुभाइ दुवैले एसएलसी पास गरेको, आमा मेलापात, कृषि कार्य गर्ने गरेको बताउँछन् । दुई बहिनी मध्ये जेठी बहिनी १० पढेको, कान्छी बहिनी बि.एड. पास घरैबाट गरको सम्पूर्ण खर्च बाबुको जागिर र आमाले मेलापातबाट धानेको बताउँछन् ।

हाल दुई छोराछोरीका बाबु उनलाई छोराछोरी पढाउन गाह्रो परेको छ । श्रीमतीले तरकारी लगाउने, अरूको जग्गा कमाउने काम गरेको बताउँछन् । पढ्नमा तेज हुनाले हलो जोत्न, जुत्ता सिलाउन मनै नगएको तर बिचमा पढाइ छाडेकाले, प्रशस्त जग्गा जमिन पनि नभएकाले ३० वर्षको उमेरमा दुबई गएको र ३ वर्ष बसी नेपाल आएको फेरि जाने तयारीमा रहेको बताउँछन् । छोराछोरी पढाउन पऱ्यो । यहाँ बसेर के गर्ने भन्दछन् ।

श्रीमतीले गोलभेडा र तरकारी खेती लगाउन सुरु गरेकाले वार्षिक ६० देखि ७० हजार कमाउने गरेका बताउँछन् । घरधन्दा छोराछोरीको पढाइमा श्रीमतीले सहयोग गरेको बताउँछन् । जग्गा अधिया लिएर तरकारी एवं खेती लगाएको बताउँछन् ।

आधुनिक जमानामा हलो जोतेर के गर्ने, आफ्नो जग्गाजमिन छैन । सम्म परेका खेत सबैले ट्याक्टरको प्रयोग गर्ने गरेकाले अब केही वर्षपछि जोत्ने मानिस पनि नपाइने र जोत्दै गरेका मानिसको पेसा पनि संकटमा पर्ने देखिन्छ । खनजोत गऱ्यो, बाउसे गयो, यहाँ बसेर काम गर्दा पैसाको बचत गर्न गाह्रो पर्ने बताउँछन् । घरायसी कामकाज भन्दा एकमुष्ट पैसाको जोगावटका लागि पनि विदेश नै जानु उचित लागेको बताउँछन् । छोराको मासिक खर्च १३५० आउने र खाना खर्चमा पनि मासिक ७८ हजार खर्च हुने हुनाले घर खर्च चल्न गाह्रो भएको बताउँछन् । छोरी पढ्न सिपालु (प्रथम) भएकाले विद्यालयले नै निःशुल्क गरेको बताउँछन् ।

वचत रकम मासिक रूपमा सहकारीमा खाता खोली राख्ने गरेको बताउँछन् । विदेश जानुभन्दा पहिले घरमा आमाले सधैँ कराउने गरेको, छिमेकी घरमा बहालमा बस्नु परेको बताउँछन् । विदेशबाट आएपछि घरमा नै सानो दुइ कोठे घर बनाइ बसेको बताउँछन् । काम नगरी बस्दा घर परिवारले समेत हेप्ने रहेछन् । त्यसैले विदेश जाने आउने गरेको बताउँछन् ।

समाजका दलित एवं गैर दलित क्षेत्री दाजुभाइसँग सम्बन्ध राम्रे भएको बताउँछन् । समाजमा जातीय छुवाछुतको चलनमा परिवर्तन आएको छ । स्थानीय चिया पसलमा चिया खाँदा गिलास नमाझ्केको बताउँछन् । पहिलाका धनीमानी साहु महाजन ब्राह्मण क्षेत्रीको छोइछिटो चल्न त्यति बेलाको लागि राम्रै थियो । दलितहरू उनीहरूको

भर पर्नु पर्दथ्यो । तर समाज परिवर्तन छ, आधुनिकतासँगै विभिन्न रोजगारी खुलेका छन् अब किन डराउने भन्दछन् । हाम्रा दलित आमाबाबुले दलित भित्र पनि छोइछिटो गर्ने गरेको आफूलाई राम्रो नलाग्ने बताउँछनत् । तर दलित युवापिढीले सहजतापूर्वक हातेमालो गरेको बताउँछन् । आफ्नो घरमा देखेको घटना बताउँछन् ।

दमाइ महिला घरमा डसना, कपडा सिलाउन आउँदा चिया खाना खाएको भाडा पखालेर जाने गरेको देख्दा हामी दलितभित्र कहिलेसम्म यो छोइछिटो हट्ला जसले आफूलाई सोच्न बाध्य बनाएको महसुस गर्छन् । उनी भन्दछन् । सर्वप्रथम जातीय छुवाछुत, छोइछिटो सम्बन्धी स्वयम् दलितले दलितका लागि चेतना गराउनु पर्ने बताउँछन् ।

लामाचौरको परिप्रेक्षमा ३ थरीका सार्की जाति रहेको बताउँछन् । कौसिला गोत्रका मिजार मानिने बाह्रघरे दाजुभाइ र पाँचघरे दाजुभाइका रूपमा चिनिने हिताङ गोत्रका दाजुभाइको बसोबास रहेको बताउँछन् । सबैको एक आपसमा बिहेबारी चल्ने बताउँछन् । ब्रतबन्ध भने बसेल गोत्रकाले बिहेको दिनमै गर्ने गरेको बताउँछन् । अन्य दाजुभाइले भने ५।७ वर्षदेखि १३।१४ वर्षभित्र गर्ने गरेको बताउँछन् । ब्राह्मण, क्षेत्री दाजुभाइको जस्तै झाँक्री अगेर भँगेर, नाग मनाउने बताउँछन् ।

**वैयक्तिक अध्ययन ९**

स्यान्नानी नेपालीको वि.सं. २०२१ सालमा लामाचौर-३, खत्रीडहरमा जन्म भएको हो । हिताङ दुई वटा दाइको एक्ली बहिनीका रूपमा जन्मेकी उनी १६ वर्षको उमेरमा हिताङ गोत्रका १८ वर्षको केटासँग मागी विवाह भएको बताउँछिन् । बाबु आमाले दिएपछि मात्र विवाह भएको थाहा भएको सामान्य पढाइ लेखाइ गरेको बताउँछिन् । माइतमा बाबु जुत्ता सिलाउने पेसा गरेको बताउँदै हालको भैरव टोलमा बाबुले २०।२५ वर्ष जुत्ता सिलाएको बताउँछिन् । आफ्नो माइतमा पुर्ख्यौली जग्गा जमिन प्रशसत भएकाले घरको मात्र हलो जोत्ने गरेको बताउँछिन् । खेताला आएका घरमा भने अर्मपर्म तिर्न जाने गरेको बताउँछिन् । आमाले खेताला जाने र पर्म लाउने गरेको बताउँछिन् ।

पहिला श्रीमान् २ छोरा ३ छोरी गरी ७ जनाको परिवार रहेकोमा ७ वर्ष अघि श्रीमान्को मृत्यु भइसकेको, एकछोरीको गैरपिप्ले मिजार केटासँग गाउँमै विवाह भएको छ । श्रीमान् भारतीय सैनिक भएको र आफू सामान्य मेलापात हिँड्ने गरेको बताउँछिन् ।

२१ वर्ष लाहुरे जीवन बिताइ पेन्सन आएका श्रमिान्ले सात वर्ष बम्बइमा सेक्रेटरी गार्डका रूपमा काम गरेको र बाँकी ६।७ वर्ष गाउँमै दैनिक ज्यालामा हलो जोतेको बताउँछिन् । श्रीमन्का दाजुभाइ भने हलो जोत्ने सिकर्मी, डकर्मी पेसामा संलग्न रहेको बताउँछिन् ।

आफ्नो पुर्ख्यौली सम्पत्ति पनि राम्रै भएको र जागिर पनि भएकाले छोराछोरीलाई राम्रैसँग पढाएको श्रीमान्को मृत्युपछि भने एक्लैले घर धान्न गाह्रो भएको बताउँछिन् । पेन्सनले मात्र छोराछोरीको पढाइ, बिहेबारी, खाना खर्च, लत्ता कपडा जुटाउन गाह्रो परेको बताउँछिन् ।

माहिली छोरी स्नातक सकेको र कान्छी छोरीले १ २ कक्षा सकेर स्टाफ नर्स पढ्दै गरेको बताउँछिन् । जसो तसो निर्वाह गर्दै आएकी उनले बङ्गुरपालन गरेकी छिन् । ५ वटा बङ्गुर पालिरहेको र ६ महिनाको बिस हजार जति नाफा हुने गरेको बताउँछिन् । सानो छोरा कक्षा ९ मा ओभरसियर निजी विद्यालयमा अध्ययनरत छ। पेन्सन र व्यवसायले छोराछोरीलाई पढाउन नसकेपछि जग्गाजमिन बेच्नु परेकोल अहिले ११ आना जग्गा र पाखो ३ रोपनी खेत मात्र भएको बताउँछिन्। सबै बेचेर सकियो के गर्ने छोराछोरीको लागि नै त आखिर सम्पत्ति जोडेको यिनैका लागि खर्च गर्न पाउँदा भने चित्र बुझेको बताउँदछिन् । उच्च शिक्षा हासिल गरेर छोराछोरी राम्रो रोजगार पाएको आफूले हेर्न चाहेको बताउँछिन् । अबको जमानामा पुर्ख्यौली पेसा राम्रो नभएको बताउँछिन् । खेती किसानीबाट ६ महिनाभन्दा बढी खान नपुग्ने बताउँछिन् ।

दलित संस्थामा आबद्ध भएको र टोल विकास संस्थाबाट वचत गर्ने ऋण लिने गरेको बताउँछिन् । गाउँका सहकारी देखि लिएर मुक्तिनाथ विकास बैङ्क, कृषि विकास बैंकबाट समेत ऋण लिएको बताउँछिन् । श्रीमन् पुर्ख्यौली पेसामा मात्र अल्मलिएको भए आज छोराछोरी यो अवस्थामा पुग्न सक्ने थिएनन् । आफूले सनोमा पढ्न नपाएको पीडाले गर्दा आज छोराछोरीलाई पढाउनु पर्छ भन्ने चेतना अएको बताउँछिन् ।

जातीय छुवाछुत प्रथा हाल खुला रूपमा देख्न नसके पनि छुवाछुतको जरा समाजमा गाडिरहेको जातीय भेदभाव रही रहेको धारणा व्यक्त गर्दछिन् । उनी भन्छिन् जातीय छुवाछुत प्रथा निर्मूल पार्नका लागि शैषिक जागरण अगाडि बढाउनु पर्दछ । छुवाछुत प्रथा सामन्ती प्रथा हो ।

सार्की जातिहरूको खानपानमा त्यति ध्यान नदिएको बताउँछिन् । ताजा र सफा खानेकुरा नखाने, घर वरिपरि सफा नराख्ने, मरेका पशुको मासु अझै पनि लुकिछिपी खाने

गरेको, चुरोट खैनी, सुर्ती, मदिरा सेवन गर्ने गरेको, औषधी उपचारको सट्टा फुकफाकमा विश्वास गर्ने गरेको बताउँछिन्। आफू पनि बेला बेलामा जाड रक्सी खाने गरेको बताउँछिन्।

**वैयक्तिक अध्ययन १०**

सन्देश गैरेको जन्म २०५२ सालमा लामाचौर ३ भक्तिपथमा भएको हो। उनका घरमा बाबुआमा दिदी गरी ४ जना रहेको र १२ कक्षामा अध्ययनरत गरेको बताउँछन्। बाबु भारतीय सेनामा भर्ती भएको बताउँछन्। दिदी हाल सृजना चोकमा स्नातक तह अन्तर्गत बि.ए. पब्लिक हेल्थ पढ्दै गरेको र पढाइमा तेज रहेको बताउँछन्। निजी स्कुलमा छँदा आफूले पनि जेहेन्दार हैसियतले ५० प्रतिशत छात्रवृत्ति पाउने गरेको बताउँछन्। कलेजमा दिदीले पनि छात्रवृत्ति पाएको बताउँछन्।

५ आना जग्गामा पक्की घर रहेको धारा पानीको सुधिवा रहेको बताउँछन्। आमाले खाना पकाउने काम गरेको र मेलापात नजाने बताउँछन्। इण्डिया मनिपुरमा बाबुसँग बसेको हुनाले खासै खेती किसानीतर्फ ध्यान नदिएको बताउँछन्। बाबु पेन्सन आई पुन विदेश जाने आउने गरेको र दिदीको वार्षिक ५५ हजार र ७ लाख शुल्क मासिक किस्ताको रूपमा बाबुले तिर्दै आएको बताउँछन्। बाबुको आम्दानी राम्रो भएकाले मात्रै दिदी भाइ पढ्न पाएको बताउँछन्। हजुरबाले पहिला हलो जोत्ने, जुत्ता सिलाउने गरेको कुरा गाउँका दाजुभाइबाट थाहा पाएको बताउँछन्। बाबु सानै देखि लाहुरे भएकाले अरू काम नगरेको जग्गा जमिन प्रशस्त नभएकाले पनि काम नगरेको बताउँछन्।

बाबुले सानैबाट पढ् भन्ने गरेको कुनै काम नसकिएकाले अन्य काम गर्न नजानेको बताउँछन्। पछि गएर परम्परागत पेसा होइन विद्यार्थी भिसामा बाहिर पढ्न जाने सोच बनाउँछन्। नेपालमा पढेर के गर्ने, जागिर पाउन गाह्रो हुने कुरा व्यक्त गर्दछन्। परम्परागत पेसा पनि अब आधुनिक जमानामा अपनाएर जीविकोपार्जन गर्न गाह्रो हुने बताउँछन्।

२०४६।०४७ को आन्दोलन पछि बहिष्कारमा परेका दलितका समेत आशा पलाएको त्यसैले उनीहरूले आज मुर्खित गरेको बताउँछन्। हाल सम्म उक जना पनि सार्की जाति राज्यको प्रमुख निकयमा पुग्न नसकेको बताउँछन्। सरकारी निकया संवैधानिक नियकामा समेत सहभागिता भएको छैन तर हाल विस्तारै बढ्न थालेको छ।

सुरक्षा नियका सेना प्रहरी सशस्त्र प्रहरी, अस्पताल ड्राइभर आदि पेसामा उल्लेख्य सहभागिता रहेको छ ।

छुवाछुत प्रथाका बारेमा धारणा राख्दै हाम्रो समजमा आज पनि जातीय छुवाछुत नहटेको बताउँछन् । समाजमा आँखामा गाग्री छोएको निहुँमा मानिस पिटिन्छन् भने यस्तो अवस्थामा हामी प्रतिरोध गर्न सक्दैनौँ । आखिर हामी किन बिर्सन्छौँ । मानवताको भवना ? अनि किन सक्देनौँ हामी सबैको रगत रातो हुन्छ । किन कल्पना गर्न सक्दैनौँ रिसमा गरेको काम गलत हुन्छ ? तर हामीलाई सोच्ने फुर्सद छैन जाति नै सबै कुरा होइन, उदारदिलको आवश्यकता पर्दछ। दलितलाई मुलधारमा ल्याउनुपर्छ। जसले गर्दा दलित जातिमा मनोवैज्ञानिक असर परेको र अघि बढ्न नसकेको बतउाँछन् । कागजमा मात्र छुवाछुत प्रथाको अन्त्यका लागि व्यावहारिक रूपमा कार्यान्वयन हुन पर्दछ ।

विगतमा सार्की जातिमा आर्थिक विपन्नता भएको कमाइ खाने जग्गा जमिन नभएका कारणले गर्दा शिक्षा आर्जनबाट बन्चित हुनु परेको बताउँछन् । खेतीपाती गर्ने जमिन नहुनु, जागिर खानलाई पढे लेखेको नहुनु उनीहरूलाई हलो जोत्नु पर्ने, सिलाइ पेसा गर्नु पर्ने बाध्यता थियो तर आजकल पेसामा विविधीकरण आएको छ । शिक्षाको उज्यालो पनि पुग्न थालेपछि रोजगारकि लागि सरकारी एवं निजी क्षेत्रमा आकर्षण बढेको बताउँछन् ।

शिक्षितलाई सिप क्षमता अनुसार रोजगारी दिनुपर्ने र सार्की समुदायलाई टेक्निकल विषयमा तालिम दिएर रोजगारीको अवसर सिर्जना गरी जीविकोपार्जन गर्न सक्ने गरी सक्षम बनाएर परम्परागत पेसाको संरक्षण र सम्बर्द्धन गर्नुपर्दछ ।

**वैयक्तिक अध्ययन - ११**

उजेली नेपालीको जन्म वि.सं. १९९३ सालमा लामाचौर ३ भक्तीपथमा भएको हो । १५ वर्षको सानै उमेरमा १८ वर्षका केटासँग बिहे भयो । उनका बाबुले छालाको काम गर्ने, हलो जोत्ने गरेको बताउँछिन् । वर्षा यामभरि क्षेत्री काजीको घरमा मुजुरी स्वरूप वार्षिक अन्न लिएर हलो जोत्ने तथा हिउँदमा घर बसी छालाबाट जुत्ता, पेटी, मादल बनाई चाडपर्वको बेलामा लगेर बेच्ने गर्दथे । आमाले मेलापात गरी बाबुलाई सघाउने गरेको बताउँछिन् । माइतमा आफू खेतीपाती गरेको पढ्न नपाएको बताउँछिन् ।

लामाचौर-३ खत्रीडहर निवासी गैरीपिप्ले भनिने कौशिला गोत्रका केटासँग सानै उमेरमा मागी विवाह भएको बताउँछिन् । घरमा पनि ससुराले हलो जोत्ने, छालाको काम गर्ने गरेको बताउँछिन् ।

परिवारमा हाल २ छोरा, दुई बुहारी, ३ नाति, १ नातिनी रहेको बताउँछिन् । छोरीहरूको बिहेवारी भएको र नाति नातिना भइसकेको बताउँछिन् । अहिले श्रीमान्को मृत्यु भइसकेकाले जेठा छोरा बुहारीसँग सहारा लिई बसेको बताउँछिन् । श्रीमान् लामाचौर गाउँ विकास समितिमा १५ वर्षसम्म वडा अध्यक्ष रहेको बताउँछिन् । कक्षा २ सम्म पढेका श्रीमान् ५/७ वर्ष हलो जोतेको बताउँदै आफ्नो घरमा जोत्ने गरेको र अर्मपर्ममा मात्र अरूको घरमा जोत्ने गरेको बताउँछिन् । आफू दिन उमेरमा मेलापात जाने र श्रीमान्लाई सघाउने गरेको बताउँछिन् । ठूलो छोरा १० कक्षासम्म पढेको, कान्छो छोरा एस.एल.सी. पास गरेको बताउँछिन् ।

श्रीमान्ले हलो जोत्न छोडेर हालको गण्डकी आवासीय उच्च मा.वि.मा ७/८ वर्ष डकर्मी काम गरेको बताउँछिन् । छोराछोरीको बिहे भएपछि डकर्मी पेसालाई छाडी सिकर्मी पेसा गर्नुभयो । जेठा छोराले कुनै परम्परागत पेसा नजानेको बताउँछिन् । आफैँले केही गर्नुपर्छ भनी आजभन्दा ३० वर्ष अघिदेखिबाट घरमै काठ मेसिन राखी चलाएको बताउँछिन् । कान्छा छोराले भने घरैमा सिकर्मी काम सिकेको र पाण्डे स:मिलमा २ वर्ष काम गरेको बताउँछिन् । हाल बाबुको मृत्यु भइसकेको छ, आफू उमेरले बूढो भएकाले केही गर्न नसक्ने बताउँछिन् ।

आफूलाई मोतिया बिन्दु लागेर ५ वर्ष जति संसार देख्न नसकेको, खानेकुरा छामेर खाने गरेको बताउँछिन् । अहिले मोतिया बिन्दुको जालो अपरेशन गरेपछि आँखा जस्ताको तस्तै भई हिँड्डुल गरेको बताउँछिन् ।

कान्छो छोरा विदेश गएको घरको काठमिल उसैको नाममा गरिदिएको बताउँछिन् । जेठा छोरा पनि विदेश गएको आफू जेठा बुहारीसँग बस्दै आएकी छिन् ।

हिजो बाबुले अपनाएको परम्परागत पेसाले जीवन धान्न गाह्रो भएकोले पछिल्लो समय बाबुले नै पेसा परिवर्तन गरेको बताउँछिन् । छोराहरूले वैदेशिक रोजगार नै रोजे । उनीहरूले छोराछोरी निजी स्कुलमा पढाएको आर्थिक अवस्था राम्रो भएको बताउँछिन् । जेठातिरका नाति दुवै एस.एल.सी. पास गरेका छन् । कान्छा छोरातिर जेठी नातिनी १२

कक्षा पढ्दै गरेको छोरा निजी विद्यालयमा ३ कक्षामा अध्ययन गरेको बताउँछिन् । सम्पूर्ण खर्च वैदेशिक रोजगारीले धानेको बताउँछिन् ।

सार्की समुदायका महिलाहरू पहिले घरमा नै बच्चा जन्माउने गरेको पाइन्थ्यो । आजकल हेल्थपोष्ट, मातृशिशु कार्यालय/स्वास्थ्य संस्थामा जाने गरेको बताउँछिन् । आफूले सबैलाई घरमै जन्म दिएको बताउँछिन् । समाजमा चेतनाको कमीले गर्दा सामाजिक कुरीति र अन्धविश्वास ऐन कानुनमा मात्र सीमित रहेको व्यवहारमा लागू नभएको बताउँछिन् । दलित बस्तीको आर्थिक अवस्थामा सुधार ल्याउन बेरोजगारी हटाउन सरकारी निकाय र झाँक्री कुल देवता व्यवस्थापन समितिको पहलमा स्वरोजगार तालिम दिइएको बताउँछिन् । मैनबत्ती उत्पादन तालिम, बाखापालन, भैंसीपाडी वितरण कार्यक्रम जनचेतना जगाउने, गरीबसँग विश्वेश्वर कार्यक्रमहरू सञ्चालन भएकोले सबै समुदायमा समानता र विकासको अनुभूति भएको बताउँछिन् । सार्की समुदायले समाजमा कमजोर आर्थिक अवस्था भएकालाई सहयोग पनि गर्दै आएको बताउँछिन् । पुर्खाहरूले लामाचौर गाउँमा शितल र कचहरीको लागि चौतारी बनाई वरपीपल रोप्ने, क्रियापुत्री बस्ने कार्यक्रम गर्नका लागि पाटी, पौवा निर्माण गरेको बताउँछिन् ।

छुवाछुत प्रथामा निकै कमी आएको बताउँछिन् । आफु सानो हुँदा मेलापात जाँदा खानेकुरा छिमेकीले हातमा नदिने भुइँमा राखिदिने गर्दथे । मेलापात जाँदा दिउँसोको खाजा मकै, चिउरा पटुकामा थाप्ने गरेको बताउँछिन् । पसलमा चिया खाएको भाँडा माझ्नुपर्ने, साहु महाजनकहाँ खाना खाँदा सबै जुठा भाँडा खरानीले मस्काएर राख्नुपर्दथ्यो । अहिले छोइछिटोमा धेरै कमी आएको, पसलमा चिया खाँदा गिलास माझ्नु नपर्ने, मेलापात गर्दा थाल कचौरामा खाजा दिने गरेको बताउँछिन् । तर अझै पूर्ण छुवाछुतको प्रथा भने हटी नसकेको बताउँछिन् ।

**वैयक्तिक अध्ययन - १२**

रीता नेपालीको जन्म वि.सं. २०४७ सालमा भक्तिपथमा भएको हो । उनको घरमा बाबुआमाको मृत्यु भइसकेको र दुई दिदीको पनि विवाह भएकाले उनी अहिले सन्तानमा एक्लै रहेको बताउँछिन् । जेठी दिदीले साथ दिँदै आएकी छिन् । बाबु भारतीय सेक्रेटरी पदमा झण्डै २० वर्ष काम गरे, आमाले खेती किसानी मेलापर्म गरी उनलाई हुर्काएको

बताउँछिन् । आफ्नो स्कुले जीवन रहँदा सम्म बाबुआमाकै काखमा रहेकाले दुःख सुख थाहा भएन । एक्लो छँदाका संघर्षले अहिले बाबुआमाको याद आउने बताउँछिन् ।

बाबुले बाबुबराजेको परम्परागत पेसा अपनाउँदै आएको बताउँदै लामाचौर चोकमा १० वर्ष जति ट्याङ्गीमा जुत्ता सिलाएको आफुले देखेको बताउँछिन् । बाबु भारतमा धेरै बसेकाले एचआइभी जस्तो भयानक रोगबाट चाडै बित्नुभयो । आफुलाई १८ वर्षको उमेरमा बाबुआमाले छाडेकाले एक्लो जीवन विताउनु परेको दुखेसो गर्दछिन् । यी अविवाहित महिलाले स्नातक अध्ययन गरिरहेको बताउँछिन् । लामाचौर भेगका दलित समुदायको सहभागितामा जनउत्थान बचत तथा ऋण सहकारीमा विगत तीन वर्ष देखि व्यवस्थापकको रूपमा एक्लो कर्मचारीका रूपमा कार्यभार सम्हाल्दै आएको बताउँछिन् । पढाइको निरन्तरतासँगै घरको काम र पेसामा संघर्ष गर्दाको जीवन साँच्चिकै संघर्षमय हुँदो रहेछ भनी बताउँछिन् । उक्त संस्थामा सुनार, परियार र नेपाली थरका सदस्य मात्र बन्न पाउने सहकारीमा आफ्नो पनि ५ हजारको सेयर रहेको र मासिक २ सयका दरले जम्मा गरेको बताउँछिन् । छिमेकी आमासमुहले खोलेको संस्थामा पनि मासिक २ सयका दरले जम्मा गर्ने गरेको बताउँछिन् । बाबुबाजेका परम्परागत पेसालाई हाम्रो समुदायले निरन्तरता दिनुपर्दछ । कामले काम सिकाउँछ, सानो ठूलो भइँदैन, सोचको विकास भनेको व्यक्ति विकास हो, आजकल सिलाई पेसा छालाको काम सबै जातिले गर्दै आएकाले प्रतिस्पर्धा गर्नु पर्ने बेला आएको बताउँछिन् । युवाहरू सचेत भई बाबुबाजेको परम्परागत पेसालाई व्यवस्थित एवं संयमतापूर्वक अपनाउन सुझाव दिन्छिन् । दलित जातिको परम्परागत पेसालाई आधुनिकतासँगै समय सापेक्ष परिवर्तन गर्न आधुनिक मेशिनहरू सरकारी एवं राज्य पक्षले सहयोग गरेमा दलितको जीवनयापनमा सहज हुने बताउँछिन् ।

सहकारीको व्यवस्थापन सम्बन्धी तीन दिने ट्रेनिङ लिएको बताउँछिन् । दलित समुदायका महिलालाई पनि सिलाई बुनाई कटिङदेखि लिएर अन्य ट्रेनिङ दिनुपर्नेमा सरकार एवं राज्य पक्ष मौन रहेकोमा दुखेसो पोख्छिन् ।

हलो जोत्ने, छालाको काममा दाजुभाइले मन नगरेका खुलासा गर्दै उनी भन्छिन् हिजो गाउँका धनीमानी साहु महाजनको घरमा हली बस्ने परम्परा थियो । बाँच्नका लागि मात्र मानिसले दुख गर्दथे । वर्षभरि साहु महाजनका खेतबारी जोतेर तोकिएको वार्षिक अन्नले दलित दाजुभाइको केवल जीवन निर्वाहमुखी मात्र हुने गर्दथ्यो । आजकल जुनसुकै जातिका मानिसले पनि जोत्न थालेको बताउँछिन् । गोरुको र हलो जुवाको पैसा कटाएर

दिनगन्ती हलो जोत्दा एउटा हलीको झण्डै दैनिक ज्याला ९ यसा देखि १००० पर्न आउँछ । यो राम्रो आम्दानी हो । तर स्वतन्त्र भएर जीवन निर्वाह गर्नको लागि दलित दाजुभाइलाई बेलाबेलामा आग्रह गरेको समेत बताउँछिन् ।

दलितका लागि अनिवार्य शिक्षा सम्बन्धी विषय राखि पाठ्यपुस्तक समावेश गरिनुपर्दछ । राज्य पक्षले यसमा छिट्टै पहल गरोस् भनि आफ्नो भनाई व्यक्त गर्दछिन् । सरकारले दलितका लागि कोटा दिएर गरेको सहयोग प्रति खुसी व्यक्त गर्दै स्वयम् दलित पनि खुल्ला प्रतिस्पर्धामा उत्रन सक्ने गरी शिक्षा लिन आग्रह गर्दछिन् । समुदायका अन्य गैरदलित ब्राह्मण, क्षेत्री, गुरुङ, मगर सबैसँग सम्मानजनक सम्बन्ध रहेको बताउँछिन् । आफ्नो उमेर समुहका साथीभाइ बिच छोइछिटो, छुवाछुत् भन्ने थाहा नभएको तर बुढापाका भएको ठाउँमा प्रवेश आफुले पनि नगरेको र कसैकसैले हेलत्वको भावनाले हेर्ने गरेको बताउँछिन् उनीहरूमा शिक्षाको कमीले गर्दा परम्परागत संस्कृतिले गर्दा त्यसो गरेको बताउँछिन् । आगामी दिनमा सार्की जातिका एकता र सहकार्यको खाँचो रहेको र जातीय विकासका लागि समाज मार्फत कार्यक्रम सञ्चालन गर्न सकेमा भावी पुस्ताले समेत सार्की जातिको संस्कृति देख्न सक्ने बताउँछिन् ।

आजभन्दा ५ वर्षअघि सम्म समुदायको लागि राखिएको सरकारी धाराबाट पानी ल्याउनुपर्ने बाध्यता थियो । आज घरमै धारो भएकाले सजिलो भएको बताउँछिन् । बिजुली ग्यास पढाई खर्च, खाना खर्च सबै आफैले जुटाएको बताउँछिन् । कच्ची घर शौचालय सबैको व्यवस्था भएको बताउँछिन् । कौशिल्या गोत्र गैरी पिरले थरका मिजारले झाँक्री कुल देवता व्यवस्थापन समिति दर्ता गरी दाजुभाई दिदीबहिनीहरूले पूजाआजा गर्दै आएका छन् । समुदायका महिला पुरुषले अत्याधिक मात्रामा सुर्ती चुरोट, जाँड रक्सी पिउने र अकालमा मर्ने गरेको बताउँछिन् । जातले पाएका भनी रक्सी चुरोट पिउने बानी प्राय पूर्वकालदेखि चल्दै आउका भनी सानै उमेरका दाजुभाईले सिको गरेको र खाने बानी बस्यालेको देख्दा अझै पनि गाउँमा शैक्षिक जागरण चलाउन पर्ने भन्छिन् । कृषि प्रधान देश भएकोले कृषिमा आश्रित रहेका बहुसंख्यक मानिसहरूको सामाजिक आर्थिक सुधार गर्न कृषिलाई आधुनिकीकरण, चक्लाबन्दी र फार्मिङ्ग गरिनुपर्ने बताउँछिन् । सामाजिक रूपमा रहेको दलितहरू माथिको व्यावसायिक बन्देजहरू (होटल, व्यवसायजस्ता) हटाइनुपर्ने राख्छिन् ।

**वैयक्तिक अध्ययन - १३**

आजभन्दा ५५ वर्षअघि लामाचौर-३, भक्तिपथमा जन्मिएका रवि नेपालीको बाल्यकाल कष्टकर रूपमा बितेको बताउँछन् । उनका तीन छोरा र दुई छोरी रहेकोमा दुवै छोरीको विवाह भइसकेको र तिनवटै छोराको विवाह नभएको बताउँछन् । जेठो छोरो सात कक्षा पढी पढ्न छोडेको, माहिला १२ कक्षा पढ्दै गरेको र कान्छा सरकारी विद्यालयमा १० कक्षामा पढ्दै गरेको बताउँछन् ।

परम्परागत पेसाको रूपमा हजुरबुबाले गाउँका साहु महाजनको हलो जोत्दै आएको बताउँछन् । जुत्ता सिलाउने, झोला बनाउने र कुनै मेलापर्वमा लगेर बेचबिखन गर्ने गर्दथे । पुराना जुत्ता चप्पल मर्मत गर्ने गर्दथे भन्छन् । अहिलेको जस्तो कोठा लिएर होइन घरमै निर्माण गर्ने गरेको बताउँछन् ।

बाबु भारतीय सेनामा भर्ती भएको र परम्परागत पेसाको रूपमा जुत्ता सिलाउने, हलो जोत्ने काम गरेको बताउँछन् । भारतीय सेनामा आबद्ध रहेकाले २०४० सालतिर बाबु पेन्सन आई २०५९ सालसम्म हलो जोत्ने मुजुरी पेसा गर्दै आएको बताउँछन् । काम गरे बापत वार्षिक रूपमा मुजुरी दिने चलन रहेको बताउँछन् । जुन दैनिक ज्यालाभन्दा कमी हुने बताउँछन् ।

सामान्य लेखपढ गरेका उनले छोराहरूलाई दुःख गरी पढाएको गुनासो सुनाउँछन् । दारेगौडा गाउँबाट २० वर्षको उमेरमा १८ वर्षकी केटी मागी विवाह गरेको बताउँछन् । उमेरको झण्डै १८।१९ वर्ष कपडामा बुट्टा हान्ने कामका रूपमा भारतमा गार्मेन्ट उद्योगमा काम गरेर छोराछोरी पढाएको, जेठा छोराले राम्रो लाइन नसमातेकाले दुखेसो पोख्छन् । नेपालमा आएर लेकसाइडमा पनि बुट्टा हान्ने काममा जागिरे रहेको बताउँदै ४ वर्ष अनुप टेलर महेन्द्रपुलमा समेत काम गरेको बताउँछन् । समयको क्रमसँगै हिजो बाबु बाजेको सिकाएको परम्परागत पेसाको रूपमा हलो जोत्ने काम गर्दै आएका छन् । आमा घरमा बिरामी भएकाले कर्मचारीको रूपमा रहन नसकेको बताउँदै ५।६ वर्ष भयो । प्राय मानिसले आफूलाई हली संघको उपाध्यक्ष भएर भनेर भन्ने गरेको बताउँछन् । बैङ्क खाता भएको तर पैसाको कारोबार नरहेको बताउँछन् ।

३८ वर्षको उमेरमा कतार पुगी ९ वर्ष बसी कमाएको पैसा आमाको औषधी उपचार, परिवारको खाना खर्चमा मासिक ५।६ हजार लाग्ने हुँदा बचत गर्न नसकेको बताउँछन् । अहिले आमाको पनि मृत्यु भइसक्यो एक वर्ष मुजुरीमा काम गरे बापत एक

माना चामल, रक्सी खाने पैसा दिने र वार्षिक रूपमा ३।४ मुरी धान दिने गरेको बताउँछन् । पछिल्लो समयमा आएर हलो जोतेको दैनिक ज्याला राम्रो भएको छ । आजकल कोही हली बस्दैनन् मुजुरी कहीँ कतै उठाए पनि जोत्ने घरको मात्रा दिनको हिसाबले मुजुरी वार्षिक लिने गरेको बताउँछन् । अब समाजमा एउटै मानिसको धेरै जग्गा हुँदैन, एकएक घरकाले गोरू पाल्न सक्दैनन् तसर्थ अन्य बाहिरका काम गर्ने गर्दा गोरुको हलोको पैसा कटाएर दैनिक झण्डै ८ सयदेखि ९ सय रूपैँया पाउने गरेको बताउँछन् । तर वर्षभरि काम नपाइनुले मारमा परेको बताउँछन् । श्रीमतीले मेलापात गरी आफूलाई सहयोग गरेको बताउँछन् । ट्याक्टरको प्रयोगले आफूलाई असर पुऱ्याएकोमा चिन्ता व्यक्त गर्दछन् । पहिला पहिला सार्की जातिले जाँड रक्सी बढी खाने र मरेका गाईगोरु खाने हुनाले सबैले हेलत्वको भावले हेर्ने गरेकोमा पछिल्लो समयमा परिवर्तन आएको बताउँछन् । श्रीमतीले घरमा कहिलेकाहीँ रक्सी खाई कराउने गरेको देख्दा आफूलाई नरमाइलो लाग्ने बताउँछन् । आफू सुर्ती मात्र सेवन गर्दछन् । लामाचौर आसपासमा कौशिला, हिताङ्ग र धनन्जय तीन गोत्रका सार्कीको आपसमा बिहेबारी चल्ने बताउँछन् ।

परम्परागत अधिया प्रथाले अझै पनि निरन्तरता पाएको आफ्नो खेती गर्ने पर्याप्त जग्गा नभएको कारण समाजमा सम्पन्न र धेरै जग्गा जमिन भएका ब्राह्मण, क्षेत्री, मगर समुदायको खेतबारी अधिया कमाउने चलन रहेको र पहिलाको भन्दा अधिया कमाउने चलनमा कमी आएको छ । आफूले पनि ८।१० रोपनी खेत अधिया कमाएको बताउँछन् । हलो जोत्न परिवारका मानिसले मात्र जग्गा कमाउने गरेको अन्यले भने कमाउने नगरेको बताउँछन् ।

सार्की जातिहरूले खानपानमा त्यति ध्यान नदिएको ताजा र सफा खाने कुरा नखाने मरेका पशुवस्तुको मासु खाने, चुरोट, खैनी, सुर्ती खाने, मदिरा सेवन गर्ने र बिरामी पर्दा औषधी उपचारको सट्टा फुकफाकमा विश्वास गर्ने गरेकाले आर्थिक अवस्थामा प्रभाव परेको बताउँछन् । सार्की जातिमा कृषिको साथै अन्य आयआर्जन गर्ने आयमूलक तालिम तथा सिप विकासको मौकाबाट वञ्चित हुनु परेकाले पछौटेपन देखिएको बताउँछन् । छालासम्बन्धी काम सिकर्मी डकर्मीहरूलाई पनि आधुनिक तालिम उपलब्ध नगराउने हो भने यस पेसाबाट पलायन हुनुपर्ने बताउँछन् । फजुल खर्च, दुर्व्यसनी (रक्सी खाने, तास खेल्ने, धुम्रपान गर्ने) जस्ता कुलतमा दलितहरू फसेको देखिएकाले यसको अन्त्यका लागि विभिन्न कार्यक्रम मार्फत यिनका विरुद्धमा यिनीहरूलाई ज्ञान दिलाउने बताउँछन् । आफ्नो

शिक्षाको कमीले गर्दा बुढेसकालमा पुनः हलो जोत्न सीमित रहनु परेको र सिप अनुसारको काम गर्न लगानी नभएकाले परम्परागत पेसा नै अपनाएको बताउँछन् । छोराहरूले परम्परागत पेसा नसिकेको बताउँछन् ।

विशेषगरी ब्राह्मण, क्षेत्रीले मनाए जस्तै गरी कुलदेवता, नागदेवता, अगेरभगेर पूजा समुहमा मिलेर गर्ने बताउँछन् । प्रायः हिन्दु धर्म मान्ने र केही युवा पिढी क्रिश्चियन धर्म मान्ने गरेको बताउँछन् । प्रमुख चाडपर्वमा दशैँ, तिहार, तिज, साउने संक्रान्ति, माघे संक्रान्ति, चैते दशैँ मान्दै आएको बताउँछन् ।

**वैयक्तिक अध्ययन - १४**

२०४९ सालमा कान्छी छोरीको रूपमा जन्मिएकी जमुना नेपाली व्यवस्थापन सङ्कायमा स्नातक तेस्रो वर्षमा अध्ययनरत छिन् । परिवारमा विवाहित दुई दिदी र एक भाइ गरी घरमा ४ जना रहेको बताउँछिन् । बाबु भारतीय सेनामा कार्यरत रहेको, आमा खेती किसान, कृषि मजदुर रहेको बताउँछिन् ।

घरपरिवारबाट सहयोग पाएर नै आफू स्नातकसम्म अध्ययन गर्न सकेको बताउँछिन् । हालसम्म सधैँ राम्रो नम्बर ल्याएर पास हुने जमुना भविष्यमा असल मान्छे बन्ने बताउँछिन् । समाजमा हुने झैझगडा, कलहले गर्दा उनलाई दुःखी बनाउँछ । गरिबी, अशिक्षा, अज्ञानताका कारण समाजमा विकृति आएको बताउँछिन् । जबसम्म समाज शिक्षित हुँदैन तबसम्म समाजमा केही गर्न नसकिने बताउँछिन् । सरकार र सङ्घसंस्थाबाट केही पाएनौँ भन्नुको सट्टा हामीले के गऱ्यौँ भन्नेतर्फ सोच्नु पर्ने बताउँछिन् । जबसम्म हामी एक आपसमा संगठित हुन सक्दैनौँ तबसम्म हामीलाई सबैले प्रयोग गर्ने बताउँछिन् ।

हजुरबुबाको पुर्खौली पेसा अन्तर्गत हलो जोतेको, बजारमा जुत्ता सिलाउने काम गरेको बताउँछिन् । वर्षभरि हलो जोतेर वार्षिक रूपमा मुजुरी लिने चलन थियो । वार्षिक ३।४ मुरी धान दिने गर्दथे त्यो पनि साहु महाजनका जग्गामा निहित रहने बताउँछिन् । बाबु सैनिक भएकाले हलो नजोतेको र सिलाई पेसा पनि नअँगालेको बताउँछिन् ।

हाल राष्ट्रिय स्तरमा दलितका लागि विभिन्न संस्था गठन एवम् सक्रिय रहेका छन् । हाल लामाचौरका दलित समुदायको सहभागितामा खोलिएको जनउत्थान बचत तथा ऋण सहकारी संस्था र गैरपिरले मिजार झाँक्री व्यवस्थापन समिति गठन भएको देख्दा

आफूलाई खुसी लागेको बताउँछिन् । तर सामाजिक सचेतना शैक्षिक जागरण सम्बन्धी कार्यमा भने सार्की समुदायमा यस्तो चेतना कम रहेको बताउँछिन् । हाम्रा पिता पुर्खामा चेतनाको कमी, अशिक्षाको कारण हामी थिचोमिचोमा परेको बताउँछिन् । हाम्रा पिता पुर्खा अत्यन्त सोझा उच्च वर्गले दिएको वार्षिक अन्न हात थापी जेनतेन जीवन निर्वाह गर्दथे । यसले समुदाय लामो समय शोषणको मारमा परेको बताउँछिन् ।

आजका युवा विद्यार्थीले गाउँटोल समाजमा सामाजिक चेतना अधिकारका बारेमा चासो राख्न पर्ने गाउँ टोलसमाजमा हुने विविधका बारेमा जानकारी लिनुपर्ने बताउँछिन् । दलित जाति अन्तर्गत सार्की जातिका मानिसको जीवन स्तर कमजोर हुनुमा चेतनाको कमी हुनु हो भन्छिन् । कतिपय महिला बिहानदेखि बेलुकासम्म जाँडरक्सी खाने हुनाले छोराछोरीको पढाइमा असर परेको बताउँछिन् । स्पष्ट पार्दै भन्छिन्, हाम्रो समुदायमा महिला पुरुष सबैले अत्याधिक मात्रामा जाँड रक्सी खाने गरेको बताउँछिन् ।

परम्परागत पेसाको बारेमा सार्की वा युवा एवम् विद्यार्थीहरूले पुरानो परम्परागत पेसा गर्दा आफू हेपिएको महसुस हुने हुँदा अब फेरि त्यहीँ पेसा अपनाएर हेपिन्छ कि भनेर नै हलो जोत्ने छालाका काम गर्ने इच्छा नगरेको बताउँछिन् । तर व्यवस्थित समय सापेक्ष बनाएर मर्यादित तरिकाबाट छाला जुत्ता कारखाना खोल्न सकेमा राम्रो हुने धारणा व्यक्त गर्छिन् । परम्परागत पेसालाई जीवन निर्वाहको प्रमुख पेसा छाडेर रोजगारी पाउन पाए हुन्थ्यो भन्ने धारणा रहेको बताउँछिन् । जब जीवनस्तर सुखी र मर्यादित हुन्छ त्यसपछि परम्परागत पेसा बचाउनको लागि सिलाई सिप र पुर्खाहरूको पुर्खौली पेसा जगेर्ना गर्न सकिन्छ । परम्परागत पेसालाई छाडेर रोजगारी गर्ने, व्यापार गर्ने, वैदेशिक रोजगारमा जानेले जीवनस्तर माथि उठाएको, छोराछोरीलाई बोर्डिङ्ग स्कुलमा पढाएको, विवाह व्रतबन्धमा आफ्नो समुदायको अतिरिक्त ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, परियार लगायतलाई आमन्त्रण गरेका पाइन्छ । समाजमा उनीहरू प्रतिष्ठित रूपमा चिनिन चाहन्छन् । जसले गर्दा स्वयम् सार्की जातिमा आत्मग्लानी भएका बताउँछिन् ।

नयाँ पिढीमा दिनानुदिन परम्परागत पेसा छाड्ने मानसिकता रहेको बताउँछिन् । अब केही वर्षमा परम्परागत पेसा लोप हुने खतरा देख्दछिन् । ट्याक्टरको प्रयोगले अब जोत्न धेरै हराइसक्यो, एउटै व्यक्तिको प्रशस्त जमिन नभएको स्थिति छ भन्दछिन् तर आधुनिक छाला जुत्ता कारखाना खोल्न सके प्रशस्त आम्दानी गर्न सक्ने बताउँछिन् ।

आधुनिक आमसञ्चार जस्ता प्रविधिको विकासले वैदेशिक रोजगार सम्बन्धी ज्ञान भएकोले विदेश जानेको सङ्ख्या बढेको र परम्परागत पेसालाई असर पुगेको बताउँछिन् । सार्की समुदाय पेसागत समुदाय हो । यस समुदायलाई माथि उठाउन गरिबी छुवाछुत, अशिक्षाबाट मुक्त पार्दै समाजमा मर्यादित र आर्थिक रूपमा पनि समृद्धि पुऱ्याउनु पर्ने सरकार स्थानीय निकायहरू र गैरसरकारी निकायहरूबाट प्राविधिक तालिम रोजगारी, निःशुल्क गुणस्तरीय शिक्षासहित छाला सम्बन्धी सीप, अभिमुखीकरण तालिम एवम् बनाएका हलो जुवा, लिड्को, विभिन्न प्रकारका छालाबाट निर्मित जुत्ता चप्पल झोला विक्री वितरणको व्यवस्था मिलाउनु पर्दछ । आफूले Co-Cap संस्थाले दिएको हिंसात्मक द्वन्द्व सम्बन्धी २ दिने तालिम लिएको AVP team ले दिएको द्वन्द्व निवारण सम्बन्धी ३ दिने तालिम लिएको बताउँछिन् । यस्ता तालिम एवम् प्रशिक्षणले क्षमता अभिवृद्धि हुने गरेको र आफूमा बोल्ने क्षमताको विकास भएको बताउँछिन् ।

पहिलापहिला सार्की समुदायले मरेको गाई खाने र छालाले विशेष प्रकारका सार्वजनिक ठाउँमा बाटो वरिपरि काट्ने, दुर्गन्ध बढ्ने हुनाले उपल्लो जातिले हेलत्वको रूपमा हेरेको बताउँछिन् । तर आजकल त्यो समस्या नभएको बताउँदै उनी भन्छिन्, छुवाछुत प्रथा केही हटेको दलितका युवायुवती उपल्लो जातका युवायुवतीसँग बजार जाँदा खाजा सँगै खाने गरेको बताउँछिन् । बुढापाकासँग भने घरभित्र प्रवेश गर्न अझै डराउने गरेको बताउँछिन् । सार्की जातिले स्वयम् दमै जातिमाथि छोइछिटो गरेको उदाहरणले दलित माथि दलितको शोषण दमन स्वयम् दलितले हटाउनुपर्ने बताउँछिन् । तर आजकल केही कमी हुँदै आएको बताउँछिन् ।

**वैयक्तिक अध्ययन - १५**

इन्द्र बहादुर नेपालीको वि.सं. २००२ सालमा लामाचौर-३ खत्रीडहरमा जन्म भयो । जेठी श्रीमतीको मृत्यु भएकाले कान्छी श्रीमतीसँगै बस्दै आएको, उनका ३ छोरा, २ बुहारी, २ नातिनी र १ नातिको जन्म भएको छ । कान्छा छोराको बिहे नभएको बताउँछन् ।

बाबुले परम्परागत पेसाअनुसार नै हलो जोत्ने गरेको बताउनुहुन्छ । मुजुरुटी वार्षिक रूपमा अन्न पाउने गरी हलो जोतेको र आमाले खेताला, अर्म पर्म गरेको बताउनुहुन्छ । बाबुसँगै हलो जोत्न सिकेका उनले १५ वर्षको सानै उमेरदेखि ११ वर्ष हलो

जोतेको २१ वर्षको उमेरमा भागेर लाहुरे भएको बताउँछन् । २०४६ सालमा पेन्सन आएका उनी पेन्सनले मात्र छोरा हुर्काएर पढाउन गाह्रो भएकोले पुन हलो जोत्न शुरु गरे बाबु र उनको परम्परागत पेसा भने फरक भएको बताउँछन् । शुरुमा परेली लगाई हलो जोतेको र पेन्सनपछि दैनिक ज्यालामा १२ वर्ष हलो जोतेको बताउँछन् ।

उनका दुई छोरामध्ये जेठा छोरा टेष्ट पास गरेको, कान्छा छोराले एस.एल.सी. पास गरेको बताउँछन् । जेठा छोराले शुरुमा काठको काम गरेको र पछि विदेश जाने आउने गरेको बताउँछन् । बुहारी भने घरमा नै किराना पसल गरेकी छन् । कान्छा छोराले भने छोरीलाई निजी बोर्डिङ्ग स्कुलमा पढाउँदै आएको बताउँछिन् । कान्छा छोरा ७ वर्षसम्म पेन्टिङ्ग काम गर्दै हिँडेको ३ वर्ष भारतीय कम्पनीमा ड्राइभर काम गरेको र हाल ५ वर्षदेखि विदेश जाँदै आउँदै गरी वैदेशिक रोजगारीको भरमा छोराछोरी बोर्डिङ्ग स्कुल पढाएको बताउनुहुन्छ । परम्परागत पेसा भने दुवै छोराले नगरेको बताउनुहुन्छ ।

बुढेसकालमा दोस्रो विवाह गरेका उनी हाल अविवाहित कान्छो छोरालाई लिएर बसेको, पेन्सनले खाने गरेको बताउँछन् । सात कक्षा पढ्दा पढ्दै छोराले पढाई छाडेको र कुलतमा लागेकोले आफूले बुढेसकालमा धेरै दुःख भएको बताउँछन् । ठुलो घटनामा परी जेल चलान भएका छोरालाई पैसा खर्च गरी निकालेको र बागलुङ सुधार केन्द्रमा १ वर्ष राखेको बताउँछन् । पछि छोरीले भाईलाई विदेश पठाउने भनी पैसा दिएको छोरा विदेश गएको तर कुनै खबर नगर्दा आफूलाई दुःख लागेको बताउँछन् ।

बाउबाजेको परम्परागत पेसामा अल्झिएर मात्र बसेको भए अहिले बुढेसकालमा खान पनि नपाउने कुरा व्यक्त गर्दछन् । बेलामा गरेको दुःखले पेन्सन थापी बुढाबुढीलाई जीवन निर्वाह चलेको बताउँछन् । सार्की समुदायमा जाँड रक्सी खाने, युवा कुलतमा फस्ने गरेको देख्दा नरमाइलो लाग्ने बताउँछन् । विशेषगरी बाबु आमाले घरमा जाँड रक्सी खाने हुनाले छोराछोरी बिग्रने गरेको बताउँछन् । घरमा सबै परिवारले जाँड रक्सी खाने गरेकोले आफू पनि त्यसबाट टाढा हुन नसकेकाले दुःख लाग्छ ।

२०४६ सालमा सेती गण्डकीको खोचबाट २ वर्षे बालिका आराधना प्रधानलाई जिउँदै उद्धार गर्ने साहसी बालक कमल नेपाली जस्ता साहसी बालक पनि सार्की समुदायमा भएको बताउँछन् । भावनाले अघि बढेमा सबैको भलो हुने बताउँछन् ।

हिजो सार्की समुदायले सफा सुग्घरमा ध्यान दिने नगरेको, जाँड रक्सीमा जीवन बिताउने गरेको, रक्सी खाने बाटामा हल्ला गर्दै हिँड्ने गरेको बताउँछन् । मानिसले

बानीलाई हेर्ने हो । बानी राम्रो भएन त्यसैकारण हेलाको दृष्टिले हेर्ने गरेको बताउँछन् । आजकल चेतनाको विकासले सार्की समुदायमा शैक्षिक जागरण पढे लेखेका युवा भएकोले हेलाको भावनामा कमी भएको बताउँछन् ।

४ आना जग्गामा सबै परिवारको घर रहेको बताउँछन् । खानामा ग्याँस प्रयोग गर्ने गरेको, सामान्य ढुङ्गा माटाको घरमा बसेको बताउँछन् ।

**वैयक्तिक अध्ययन - १६**

वि.सं. २०१९ सालमा लामाचौर-३ खत्रीडहरमा जन्मेका झपट बसेलको परिवारमा श्रीमती १ छोरा १ छोरी रहेका छन् । श्रीमती वर्ष ४६ हाल कृषि कार्य, घर गृहिणीका रूपमा रहेको छोरी वर्ष २५ निजी विद्यालयमा शिक्षक पेसामा आबद्ध रहेको, छोरा वर्ष २१, स्नातक पढ्दै गरेको बताउँछन् । कक्षा ८ सम्मको अध्ययन गरेका उनी भारतीय सैनिकबाट पेन्सन बसेका छन् । आफूले सामान्य लेखपढ मात्र गर्न जान्ने भएकाले छोराछोरीलाई दुःख गरी पढाएको बताउँछन् ।

बाबुले परम्परागत पेसा अन्तर्गत हलो जोत्ने, जुत्ता सिलाउने गरेको, आमा मेलापात खेती किसानी, अर्मपर्म गर्ने गरेको बताउँछन् । आधुनिक जमानामा परम्परागत पेसा कसले गरोस् भनी घरबाट भागेर लाहुरे भएको बताउँछन् ।

२० वर्षे सैनिक जीवन बिताएको उनले ८ वर्ष मणिपाल टिचिङ्ग हस्पिटलमा ड्राइभरका रूपमा काम गरेको र ५ वर्ष विदेश (इराक) गएका उनले छोराछोरी राम्रोसँग पढाएको झण्डै ५ रोपनी खेतबारी जोडेको बताउँछन् । हाल गण्डकी आवासीय उच्च मा.वि. मा बस चलाउने गरेको बताउँछन् ।

छोराछोरीले पढाई सकेको, छोरी जागिरे समेत रहेकोले उनलाई झनै सजिलो भएको बताउँछन् । छोरालाई विदेश पढ्न पठाउने अब उनको रहर भएको बताउँछन् । मासिक ३०/३५ हजार आम्दानी भित्राउने उनी यो समुदायकै राम्रो आर्थिक अवस्था भएको मानिन्छन् । छोरा लाहुरे हुन नखोजेको, पढाई राम्रो भएकाले विदेश पठाउने योजनामा रहेका छन् ।

परम्परागत पेसा पनि अबको जमानामा अपनाए के हुन्छ भन्ने उनी छोराछोरी नोकरी व्यापारी ठुलो मान्छे भएको मन पराउँछन् । बाबुको पालामा परम्परागत पेसा गर्दा साहु महाजनले हेप्ने गरेको फोहोरी पेसा अपनाएको भनी घृणा गरेको बताउँछन् ।

टोल सुधार समिति लामाचौर-३ खत्रीडहरमा उपाध्यक्ष पदमा रही सामाजिक सेवामा पनि लागि परेका छन् । केही वर्ष अघि लामाचौरका युवालाई एकत्रित गरी निःशुल्क फुटबल सिकाउने प्रशिक्षकका रूपमा पनि काम गरेको बताउँछन् ।

चारकोठे ट्वाइलेट बाथरुम सहितको पक्की घरमा बस्दै आएका उनी घरमा खानेपानी धारा, बिजुली र छोराछोरीको आवश्यकता सामानहरू कम्प्युटर, ल्यापटप सबै उपलब्ध भएको बताउँछन् । खानामा एल.पि. ग्याँस प्रयोग गर्ने गरेको, दाउरा कहाँ पाइन्छ र आफ्नो समुदायको वन नै नभएको बताउँछन् । कृषि कार्यबाट ६ महिना खान पुग्ने बताउँछन् ।

छुवाछुत केही हदसम्म कायम रहेको भए तापनि धारा पँधेरा, होटल पसलमा मठ मन्दिरमा नभएको बताउँछन् जसमा निर्वाध आवत जावत गर्न पाइने तर दलितभित्रै पनि छुवाछुत रहेको बताउँछन् । पहिला पहिला हाम्रा पुर्खाहरूले मरेका गाई गोरु तिनै साहु महाजनको घरबाट ल्याइ खाने गरेकाले पनि हेला गर्ने गरेको बताउँछन् । अहिले सरकारले पनि मरेका गाई गोरु सम्बन्धी जरिवानाको कडा नियम बनाएको र आधुनिकीकरणले शैक्षिक चेतनाले गर्दा पनि खान छोडेको बताउँछन् । अब कसले हेला गर्ने के काटे रगत सबैको रातो मानव मानव बिच कसैले छुवाछुतको आँखाले हेर्न नहुने समाज पनि छुवाछुत सम्बन्धी धेरै जान्ने बुझ्ने भएकोले विस्तारै जातीय छुवाछुत हटेको महसुस गर्दछन् ।

वैवाहिक सम्बन्धबारे पाँचघरे र बाह्रघरे भनिने दुवै समुदायसँग हाम्रो एकघरे समुदायको बिहेवारी चल्ने बताउँछन् । आफ्नो प्रेम विवाह भएको भएपनि मागी विवाह नै राम्रो लाग्ने बताउँछन् । चाडपर्वमा सबै बाहुन क्षेत्रीले मान्दै आएका चाडबाड मान्ने गरेको बताउँछन् ।

**वैयक्तिक अध्ययन - १७**

वि.सं. २०३२ सालमा लामाचौर गाविस-३ भक्तिपथमा जन्मिएका फत्त बहादुर चर्माकार पाँच छोरामध्ये काहिला छोरा हुन् । जेठा दाई भारत गएको तर फर्की नआएको, बेखबर अवस्थामा रहेको बताउँछन् । माहिला भण्डारढिक बसाइसराई गरी गएका, साहिँला र कान्छा दुवै ड्राइभर पेसामा संलग्न रहेको बताउँछन् ।

आफु सानै छँदा बाबुले बगर नालामुखमा ४० वर्ष कोठा भाडामा लिई जुत्ता पसल थापि सिलाउने गरेको बताउँछन् । उक्त समयमा एकै ठाउँमा नबसी, विभिन्न जात्रा, मेला,

चाडपर्वमा बजार लगेर बेच्ने साथै बुटवलसम्म पनि बेच्न पुगेको सम्झना जानकारी गराउँछन् । बाबुले नै आफूलाई जुत्ता सिलाउन सिकाएका तर दाजुभाईले भने नसिकेको बताउँछन् । पछिल्लो समयमा बाबुले १० वर्ष गाउँकै सुवेदार कहाँ हलो जोतेको र वार्षिक अन्न ल्याउने गर्दथे । वर्षायाममा हलो जोत्ने र हिउँदमा भने घरमा जुत्ता सिलाउने काम गर्दथे । आमा भने मेलापात जाने र घर गृहिणीका रूपमा रहेको बताउँछन् । २०६२ सालतिर विदेश गएका उनी पुनः ३ वर्षमै नेपाल फर्के । भनेजस्तो तलब सुविधा नभएको र आफ्नो सिप अनुसारकै काम गरौँ भनी नेपाल फर्केको बताउँछन् । बाबु बाजेको परम्परागत पेसा धान्नु संस्कृतिको जगेर्ना गर्नु आफू जस्ता कर्मठशील युवाको कर्तव्य भएको बताउँछन् ।

२८ वर्षको उमेर हुँदा १८ वर्षकी कास्की शाम्भी बहुमारा गाउँबाट मागी विवाह गरेका उनका ३ छोरी र श्रीमती रहेका छन् । जेठी छोरी १० कक्षा, सरकारी विद्यालयमा ८ कक्षामा पढ्ने र बाँकी दुई छोरी निजी विद्यालयमा २ र १ कक्षामा पढ्दै गरेको बताउँछन् । श्रीमतीले छोराछोरीलाई विद्यालयमा पुऱ्याउने, खुवाउने साथै घरको रेखदेख गर्दछिन्, सामान्य घर खाने कुखुरा पालेको बताउँछन् । लामाचौर चोकमा जुत्ता पसल राखेका उनी भर्खर मात्रै ट्याङ्कीबाट सटरमा प्रवेश गरेका छन् । आफुले जुत्ता सिलाउने, छाला बनाउने, स्कुल तथा क्याम्पसका विभिन्न डिजाइनरका जुत्ताहरू बनाउनुका साथै मर्मत गर्ने बताउँछन् । आफूले चाडपर्व, मेलापातमा कहिले पनि बाबुले जस्तो गरी लगि नबेचेको बताउँछन् ।

सुरुमा जुत्ता पसल राख्दा कमाई थिएन । जेठी छोरीलाई सरकारी स्कुलमा नै पढाएको थिए अहिले भने कमाई केही राम्रो भएकोले दुई छोरी निजी विद्यालयमा अध्ययन गरिरहेको बताउँछन् । सामान्य सिलाई मेशिन राखेबाट काम गर्नु सजिलो त भएको छ नै व्यापार समेत भएको छ भन्दछन् । तर लामाचौर चोकमा ट्याङ्की वृद्धिमा बस्दाको व्यापारभन्दा भित्री सटरमा धेरै व्यापारमा कमी आएको गुनासो गर्दछन् ।

साढे दुई आना जग्गामा ब्लकको ४ कोठाको घर सहित ट्वाइलेट, बाथरुम, धारा, बिजुली भएको बताउँछन् । समयको मागअनुसार हलो जोत्नु अब राम्रो होइन भन्दै प्रतिप्रश्न गर्छन् । अब गोरु कसले पाल्न सक्छ अब सबैका जग्गा दाजुभाईलाई बाँड्दै बासस्थान बनाउँदै सकियो । महङ्गीले गर्दा धेरैले जग्गा बेचबिखन गरिसके, ट्याक्टरले १ दिन लाग्ने खेत २ घण्टामा जोतिसक्छ अब केको हलो जोत्न मलाई यो पेसा राम्रो लाग्दैन

भनी गुनासो सुनाउँछन् । आफ्नो सिप देखाउने हो तर राज्य पक्ष र स्थानीय गाविसले पनि छालाको काम गर्ने पेसावर व्यक्तिलाई न त सहयोग गरेको छ न त कुनै तालिम वा संरक्षणको व्यवस्था गरेको छ भनी बताउँछन् । निजी तथा सरकारी स्कुलमा दलितका छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था हुनुपर्ने बताउँछन् । नवआदर्श सामुदायिक विकास समाज लामाचौरको मध्यस्थतामा सरस्वती आदर्श विद्याश्रमद्वारा दिइने विद्यालय छात्रवृत्ति (कक्षा १ देखि १० सम्म) मा आफ्ना दुई छोरी पढ्दै आएकोमा अन्य विद्यालयले दिएका दलितको घाउमा केही हदसम्म भएपनि मलमपट्टी लगाउने बताउँछन् तर प्रायः जसो गैरदलितका छोराछोरी बढी छात्रवृत्ति पाउने र वास्तविक गरिबी दलित छायाँमा परेको गुनासो व्यक्त गर्दछन् ।

व्यापारबाट आम्दानी बचत गर्न थालेका छन् । दलितका नाममा खोलिएको (कामी, दमाई, सार्की) दलित मात्र सदस्य रहेको जनउत्थान बचत तथा ऋण सहकारीमा दिनको दुई सयको दरले बचत गर्दै आएका छन् । अन्य ठाउँमा २ सय बचत गरेको आवश्यक परेका बेलामा ऋण झिकी खर्च टार्ने गरेको बताउँछन् । पेसाबाट मासिक ५ देखि ७ सय रूपैँया कमाई हुने बताउँछन् । गैरदलित जातका साथीभाइसँग राम्रै सम्बन्ध रहेको, छोइछिटो भन्ने कस्तो हुन्छ थाहा नभएको बताउँछन् तर बुढाबुढी भएका घरमा भान्सामा आफु प्रवेश नगरेको र उनीहरूले हेलाका भावनाले प्रायः हेरेको बताउँछन् । कुनै कुनै बुढाबुढीले भने प्याच्च भन्ने गरेको भन्दा सुन्दा दुःख लाग्छ भनी व्यक्त गर्दछन् । ब्राह्मण, क्षेत्रीसँगको सम्बन्ध राम्रै रहेको बताउँदै हाम्रो दलित बिचमा पनि सानो ठुलोको भेदभावको दृष्टिकोणले बुढापाकाले हेर्ने गरेको आफूलाई नराम्रो लाग्ने बताउँछन् ।

विशेषगरी चाडपर्वमा दशैँ, तिहार, तीज, माघेसंक्रान्ति, जनैपूर्णिमा गैरदलित ब्राह्मण क्षत्रीझैँ मनाउन्छन् । पुर्खाहरूले लामाचैँर गाउँमा शितल र कचहरीको लागि चौतारा बनाई वरपिपल रुख रोप्ने क्रियापुत्री बस्ने कार्यक्रम गर्नका लागि पाटी पौवा निर्माण गरी सामाजिक कार्य गरेको बताउँछन् ।

**वैयक्तिक अध्ययन - १८**

वि.सं. २०१४ सालमा लामाचौर-३ भक्तिपथमा जन्मेका देव बहादुर नेपालीको बाल्यकाल सामान्य परिवारमा बित्यो । बाबु छालाको काम गर्न तथा हलो जोत्न सिपालु रहेको बताउने उनी आमा खेताला जाने, मेलापात गर्ने बताउँछन् । बाबुले हिउँदमा

छालाको काम गरी, जुत्ता सिलाउने, ब्याग, पेटी बनाउने गर्दथे भने बर्खायाममा हलो जोत्ने गरेको बताउँछन् । हलो जोतेको वार्षिक रूपमा अन्न अनाज दिन्थे । बौरामुख हालको बगरमा कोठामा कोडा लिइ बाबुले १० वर्ष जुत्ता सिलाएको र मेला पर्व चाडपर्वमा त्रिवेणी सम्म पुगेर बेच्ने गरेको बताउँछन् । अन्नसँग पनि सामान साटासाट गर्दथे ।

दश कक्षासम्म अध्ययन गरेका देव बहादुरले बाबुसँगै हलो जोत्न सिकेको र २, ३ वर्ष मात्रै आफुले हलो जोतेको बताउँछन् । छालाको काम गर्न सिके पनि पेसा भने अहिले अपनाएनन् । २०३४ सालमा १९ वर्षको उमेरमा भारतीय सेनामा भर्ती भएका उनी २२ वर्षपछि पेन्सन बसे । उनका दुई छोरामध्ये जेठा छोराले ११ कक्षा पढेको र कान्छाले १२ कक्षासम्म पढाएको बताउँछन् । जेठा छोराले परम्परागत पेसाका रूपमा छालाको काम गर्न जानेका छन् भने कान्छा छोराले सिकेका छैनन् । लामाचौर चोकमा रेडियो पसल थापी बसेका जेठा छोरा हालमा वैदेशिक रोजगारमा छन् भने कान्छा छोरा जिन्स पाइन्ट पसलमा सिलाउने काम गरेको बताउँछन् । दुवैका श्रीमती भने मेलापात एवं घर गृहिणीमा नै संलगन रहेको बताउँछन् ।

बुढेसकालमा किराना पसल गरेर बसेका उनी समाजमा जातपात छुवाछुत पहिलाको भन्दा कमी रहेको बताउँछन् । कोही कोही ठाउँमा विशेषतः बुढापाकाले खाएको भाँडा माझ्न लगाउने गरे तापनि आजकल स्वयं बुढाबुढीले पनि माझ्न नदिने बताउँछन् । दलित जातिहरूको सक्रियतामा संगठित जनउत्थान बचत तथा ऋण सहकारी संस्थाको साधारण सभामा बोल्दै उनले गाविसबाट प्रदान गरिने विभिन्न ट्रेनिङ र विकास खर्चमा दलित मध्येको सार्की जातिका लागि पनि छाला सम्बन्धी ट्रेनिङ/कोष भए सहभागी गराउनुपर्ने भनेको बताए । साथै सिप सम्बन्धी कोर्ष खडा गर्नुपर्दछ भनी आफुले व्यक्ति गरेको बताए । सिप सिकेमा मात्र बाँच्न सजिलो हुन्छ भनी बताउँछन् ।

लामाचौर क्षेत्रमा विशेषत ३ थरीका सार्की जातिहरू रहेको बताउँछन् । गैरीपिल्ले भनिने कौशिल्या गोत्रका सार्की जातिहरू जो बाह्रघरेभित्र पर्दछन् । हिताङ्ग भनिने जो पाँचघरे भित्र पर्दछन् । ढुङ्गयान थर भनिने बसेल गोत्रका सार्की जातिहरू एकघरे भित्र पर्दछन् ।

तिन वटै गोत्रका सार्की जातिहरू आपसमा मिलेर भाइचाराको सम्बन्ध गाँसेर बसेका बताउँछन् । यी थरी थरीका गोत्रका दाजुभाई दिदीबहिनी बिच एक आपसमा

विवाहवारी चलेको, नातासम्बन्ध नजिक रहेको बताउँछन् । बाबु बाजेले भनेको छुवाछुतका प्रसंग खोतल्दै भनी भन्दछन् । २०१६-१७ सालतिरको कुरा हो । देव बहादुर मिजार, तिलक बहादुर मिजार र हर्क बहादुर मिजार विन्ध्यवासिनी नि.मा.वि. हाल उच्च मा.वि., बाटुलेचौर कास्कीमा ६।७ कक्षामा अध्ययनरत हुँदा कक्षाको मध्यान्तरमा खेल खेली तिर्खा मेटाउन स्कुलमा राखेको घैंटाको पानी हातमा खानुपर्नेमा घैंटाबाट आफैंले पानी झिकी खाएको पालेले देखेपछि हेडमास्टरलाई खबर हुँदा ३ जनालाई पानी छोए वापत पानी सिस्नु लगाउने सजाय दिने तरखर कक्षाको कोठामा हुँदा उक्त कुरा थाहा पाई पण्डित मुक्तिनाथ शर्माज्यूले ३ जनाको नाम बोलाई पुनः घैंटाबाट पानी झिकेर खान लगाई स्याबास दिनुभएको बताउँछन् । सजाय पाउने डरले काँपेका ३ जनालाई स्याबासी पाउँदा डर हराएको बताउनुभयो । समाजमा कुरीति, अन्धविश्वास, छुवाछुत भेदभाव विरुद्ध सबैले यसरी सहयोग गर्नुपर्ने बताए । आजकल गाउँघरमा कतै पनि खाएको भाँडा माझ्न पर्ने तर बुढापाकालाई देख्दा आफ्नै मन नमानेर सार्की समुदायले माझ्ने गरेको बताउँछन् ।

आजकल समाजमा धनीमानी मानिसहरूको पनि आर्थिक अवस्था कमजोर रहेको वर्षेनी जग्गा जमिन बेच्ने गरेकोले उनीहरूले हलि राख्न छाडेको अवस्था छ । लामा, चाक्ला गरामा ट्र्याक्टरले छिटो हुनाले गोरु पाल्न कम भयो । महङ्गीले गोरु पाल्न समेत नसक्ने भए । त्यसैले हलो जोत्ने पेसा विस्तारै विस्थापित हुँदै गएको बताउँछन् । जुनसुकै जातिले पनि हलो जोत्ने हुँदा कुनै जाति विशेषका लागि पेसागत अनुकूल बन्न नसकेको गुनासो गर्छन् ।

हिजो हलो जोतेर प्राप्त हुने धान, चामल, मकै, कोदो लिने गरेकोमा हाल भने नगदमा परिणत भएको छ । सबैलाई हलो जोत्न, छालाको काम गर्न आउँदो रहेनछ । आजको प्रतिस्पर्धात्मक जमानामा मेशिन प्रविधिको प्रयोग गरेर जुत्ता सिलाउनु पर्दो रहेछ । हलो लिङ्को फाली पनि सोही अनुसार बनाउनुपर्दो रहेछ । नत्र कामले उचित मूल्य पाउन नसक्ने र दुःख मात्र हुने बताउँछन् ।

**वैयक्तिक अध्ययन - १९**

वि.सं. २०३५ सालमा जन्मिएका रामकाजी नेपालीले बराल डाँडा गाउँबाट मागी विवाह गरेका हुन् । उनको श्रीमती, एक छोरा र एक छोरी छन् । दुवै छोराछोरी निजी विद्यालयमा पढ्दै गरेका छन् । श्रीमती घर गृहिणी र कृषि कार्य गर्ने बताउँछन् ।

बाबु भारतीय सेनामा २० वर्ष कार्य गरेको बताउँछन् । परम्परागत पेसाका रूपमा हजुरबुबाले जोत्ने पेसा गरेको, छालाको काम गरेको बताउँछन् । बाबुले भर्ती हुनु अघि र भर्ती भई अवकाश पछि पनि ५ वर्ष दिनगन्तीका रूपमा जोत्ने गरेको बताउँछन् । बाबु सैनिक जीवन पछि गण्डकी आवासीय उच्च मा.वि. मा १० वर्ष सेक्रेटरी गार्डको रूपमा काम गरेको बताउँछन् । दाई र भाइ प्रमाणपत्र तह पढेर छाडेका, आफू प्रमाणपत्र तह पास भएको बताउँछन् । दिदी बहिनीको बिहे भइसकेको बताउँछन् । सबै खर्च बाबुले धानेको बताउँछन् ।

हाल आमा कान्छो भाइसँग बसेको बताउँछन् । ८ वर्षसम्म निजी विद्यालयमा पढाएको, आएको तलबले घर खर्च चलाउँदैमा ठिक्क हुनाले पढाउन छोडी हाल चियापत्ती कारखाना खोलेको बताउँछन् । साथमा यातायात ढुवानी पेसा गर्दै आएको बताउँछन् । केही समय होटलमा काम पनि गरेको बताउँछन् । दाई र भाइले लेकसाइडमा होटल खोली व्यापार व्यवसाय गर्दै आएको बताउँछन् ।

बाबुले गरेको परम्परागत पेसाभन्दा आधुनिक पेसा उनलाई राम्रो लाग्छ । होटल व्यवसाय खोल्नु, व्यापार गर्नु स्वतन्त्र पेसा भएकोले परम्परागत पेसा छाडेको बताउँछन् । चार कोठाको पक्की घरमा परिवार बस्दै आएको प्रयोग गर्ने सामान टि.भी., कम्प्युटर, बिजुली, पानी भात पकाउने सिलिण्डर ग्याँस सबैको प्रयोग गरेको बताउँछन् । छोराछोरीलाइ पढाएर भविष्यमा ठूलो व्यक्ति बनाउनलाई आफूले दुःख गरेको बताउँछन् ।

सार्की जातिमा विगतका इतिहासका बारेमा त्यति जानकारी नभएको बताउने उनी छुवाछुत प्रथा घर घरमा भए तापनि धारा कुवा मन्दिरमा एवम् सार्वजनिक स्थलमा नरहेको विस्तारै हट्दै गएको बताउँछन् । सार्की जाति धेरै हिन्दु धर्मावलम्बी मात्र रहेको, हाल केही केही क्रिश्चियन धमतर्फ झुकाव राखेका छन् । सार्की जातिले मनाउने चाडपर्व हिन्दु धर्मावलम्बीले मनाउने नै भएको बताउँछन् ।

लामो समय शिक्षण पेसा बिताएका उनी ८ आना जग्गा आफ्नो भागमा परेकोले सोही जग्गामा कोदो, मकै, तरकारी लगाउँदै आएको बताउँछन् । घरमा खानेपानीको धारा जोडेको, विद्युतबाट बत्ती बाल्ने गरेको र खाना पकाउन एल.पी. ग्याँस प्रयोग गर्ने बताउँछन् ।

दलितभित्रै पनि छुवाछुत रहेकाले पहिला दलितलाई नै छुवाछुत सम्बन्धी चेतनाको अभ्यास गराउनु पर्ने बताउँछन् । विभिन्न सङ्घसंस्थामा आबद्ध उनी बाबु बाजेको

पालादेखि नै पुर्खाहरू सामाजिक भावनाले ओतप्रोत भएको ठान्दछन् । इन्द्रराज्य उच्च माध्यमिक विद्यालयमा सार्की समुदायकै पुर्खाले १ कोठा भवन निर्माण गरेको, भवन निर्माणमा होम बहादुर मिजारबाट आर्थिक सहयोग गरेको बताउँछन् । अर्मला बिसौनीमा चौतारी निर्माण गरेको, सर्वेश्वर शिवालय घाटमा बुद्धिमाया मिजारबाट पौवा निर्माण गर्नुले पनि पुर्खाहरूबाटै सामाजिक सहयोगको भावना रहेको बताउँछन् ।

**वैयक्तिक अध्ययन - २०**

कोपिला नेपालीको जन्म वि.सं. २०३२ सालमा पर्वतको तिलाहर गाविसमा भएको हो । १८ वर्षको उमेरमै २३ वर्षको केटासँग प्रेम विवाह भएको बताउँछिन् । सन्तानकी जेठी छोरी उनका दुई दाजुभाई र एक बहिनी रहेको बताउँछिन् । २ कक्षा मात्र अध्ययन गरेकी उनले बाबुले घरको खेती किसानी गर्ने हलो जोत्ने पेसा गरेको र आमाले खेती किसान, मेलापात, भैँसी बाखा पालेको बताउँछिन् । बाबु बाँकी समय किराना पसलमा व्यापार गर्ने गरेको बताउँछिन् । पढ्न नपाएको र बिचैमा छोड्नु परेकोमा उनलाई दुःख छ । साना साना भाइबहिनी हेर्नु परेकोले आफु पढ्न नपाएकोमा उनलाई गुनासो छ ।

हाल कोपिलाका श्रीमान् र २ छोरासँगै रहेको बताउँछिन् । दुःखीलाई सुख कहिल्यै नहुँदो रहेछ भन्दै माइतमा पनि दुःख पाएको र घरमा पनि दुःखै भएको बताउँछिन् । उनका दुई छोरामध्ये जेठा कक्षा १२ र कान्छा एसएलसी दिने तयारीमा छन् । श्रीमान्ले हलो जोत्ने, छालाको काम गर्ने कुनै पेसा नजानेकोले सुरुमा कुल्ली काम गरेको र आफू पनि सँगै काम गर्दै छोराछोरी हुर्काएको बताउँछिन् । आजकल श्रीमान्ले मिस्त्री पेसा गर्ने र सानासाना घरपर्खाला ठेक्का लिने गरेको बताउँछिन् । आफु अहिले मेलापात जाने र घरमा तिनचार वटा बङ्गुर पालन गर्दै आएको बताउँछिन् । जसको ६ महिनामा २० देखि २५ हजार आम्दानी हुने तर मेहनत र स्याहारसुसार बढी चाहिने बताउँछन् । नजिकैको रेष्टुरेन्टबाट फालेको भात, मासुको हड्डी आदि पैसा नलिई दिने खासै खर्च नभएको बताउँछिन् । श्रीमान्को आम्दानीले घर खर्च एवम् मासिक जेठा छोराको मासिक शुल्क तिरेको र मासिक २ सयका दरले सहकारीमा जम्मा गर्ने आर आवश्यक परे ऋण त्यहीबाट गर्ने बताउँछिन् ।

७८ आना जग्गामा अधिया भैँसी पाल्दै आएको बताउँछिन् । खानाका लागि थोरै कुखुरा पनि पालेको बताउँछिन् । सामान्य ब्लकको तिनकोठो घरमा बसेको बताउँछिन् ।

घरमा बाबुले हलो जोत्ने आफ्नो जग्गा जमिन थोरै भएकाले समाजमा सम्पन्न बाहुन क्षेत्री परिवारको घरमा हली भई हिउँदभरि खेतीबाली जोतिदिए वापत जमिनको आधारमा वार्षिक रूपमा बाली स्वरूप अन्न लिने चलन भएको बताउँछिन् । यसरी प्राप्त हुने अन्नको साथै दशैं तिहार संक्रान्ति आदि पर्व विशेषमा थप अन्नपात लिने गरेको बताउँछिन् । साथै हलि खर्च वापत माना चामल र तरकारी समेत रोपाई गरिसकेपछि हिलो फाल्ने भन्दै हलीलाई दिने चलन रहेको बताउँछिन् । तर माइतमा बाबुले आफ्नो घरमा मात्र जोत्ने । अरूको खेती अधिया लिने गरेको बताउँछिन् ।

आफ्ना छोराहरूले व्यापारी नोकरी गरिदिए हुन्थ्यो भनी बताउँछिन् । आफ्नो प्रशस्त जग्गा जमिन पनि नभएको छाराहरूमा जोत्ने सिप पनि नभएको बताउँछिन् । आखिर बाबुआमाको यत्रो दुःख पनि त उनीहरूको जीवन सहज ढङ्गले बितोस् भनेर गरेको बताउँछिन् । सार्की समुदायमा कुलतको संस्कारबाट मुक्त हुन नसकेको जाँडरक्सी सेवन गर्नु चुरोट खैनी सुर्तीको सेवन गर्नु सामान्य जस्तै भएको बताउँछिन् । प्रायः जसो दशैं, तिहार, माघेसंक्रान्ति, चैते दशैं आदि पर्वहरूमा उनीहरूले अनिवार्य रूपमा जाँडरक्सी सेवन गरेको बताउँछिन् । आफूले पनि घरमा रक्सी पार्ने र श्रीमान्ले घरमा बसेर खाने गरेको बताउँछिन् ।

सार्की जातिले आर्थिक उपार्जनको लागि विभिन्न पेसा व्यवसाय र रोजगारी गर्ने गरेको र चेतनाको अभाव भएकाले बचत नगर्ने बानीले गर्दा आर्थिक अवस्था कमजोर हुन पुगेको बताउँछिन् । फजुल खर्च गर्ने गरेको जाँडरक्सी तथा चुरोट बिँडी, सुर्ती खैनी जस्ता हानिकारक वस्तु सेवन गर्नाले बचत हुन नसकेको बताउँछिन् ।

छुवाछुतको प्रसङ्गमा बुढापाकाको कोठा भान्छामा आफु नजाने गरेको र आफ्नै उमेरकाले खासै जातपातमा वास्ता नगरेको बताउँछिन् ।

# अध्याय पाँच
# सार्की जातिका परम्परागत पेसाहरू र पेसाप्रतिको धारणा

लामाचौर-३ मा बसोबास गर्ने सार्कीहरू मध्येमा केही सीमित परिवारका व्यक्तिहरूले वर्तमानसम्म पनि परम्परागत पेसा अँगाल्दै आएको र अधिकांश आधुनिक पेसाबाटै पुनः परम्परागत पेसामा फर्केको पाइन्छ । उनीहरूका परम्परागत पेसा के के थिए भन्ने बारेमा अध्ययन गरिएको छ । विगतमा हलो जोत्ने र मेलापात गर्नेको भन्दा हाल हलो जोत्ने र मेलापात गर्नेको आम्दानी बढी रहेको छ ।

सार्की समुदायको परम्परागत पेसामा हलो जोत्ने, जुत्ता सिलाउने, खेताला गएर ज्याला मजदुरी ल्याउने वा हली लाउने, हलो जुवा मादल बनाएर बिक्री गरेर आम्दानी गर्ने रहेको छ । मुख्य पेसा छालाको काम गर्ने, जुत्ता सिलाउने भए तापनि हलो जोते, हलो जुवा, मादल बनाई बिक्री गर्ने, कृषि पेसामा ज्याला अर्मपर्म गर्नु परम्परागत पेसा थियो । यिनीहरूले विभिन्न हटिया मेला, पर्व, चाड जात्रा आदिमा पुर्खौली पेसाको पहिचान दिन्थे ।

नेपालमा परापूर्वकालदेखि बस्दै आउका सार्की जाति जसले छालाको काम गरी आफ्नो पुर्ख्यौली पेसा जोगाउँदै आएका छन् । सार्की जातिलाई मिजार, चर्मकार, बसेल, नेपाली आदि जे नामले पुकारे पनि परम्परागत रूपमा छालाको काम गर्ने सार्की जाति नै हो । सार्की जाति घरमै होस् या बजार छेउछाउका ट्याङ्की वा सटर भाडामा बसी जुत्ता सिलाएर जीविकोपार्जनका लागि आफ्नो सिपअनुसारको आयआर्जन गर्ने जन्मजात छालाको काम गर्ने जाति थियो ।

## ५.१ परम्परागत पेसाहरू

### ५.१.१ छालाको काम गर्ने

कास्की जिल्ला लामाचौर गाउँ विकास समिति वडा नं. ३ मा बसोबास गर्ने सार्की जातिको पुर्ख्यौली परम्परागत मुख्य पेसा छालाको काम गर्नु जुत्ता सिलाउनु नै रहेको छ । परम्परागत छालाको काम गर्ने जुत्ता सिलाउने पेसामा हालसम्म पनि केही व्यक्तिहरू लागि

रहेका छन् । २०४६ सालभन्दा अगाडि धेरै मानिसहरू जुत्ता सिलाउने पेसामा नै संलग्न थिए भने हाल देव बहादुर नेपाली, फत्त बहादुर चर्मकार, बुधे सार्की परम्परागत जुत्ता सिलाउने/छालाको काम गर्ने पेसामा नै हालसम्म संलग्न रहेका छन् ।

वैयक्तिक अध्ययन २ का अनुसार उनका हजुरबुबा र बाबुले जुत्ता सिलाउने काम गरेको बताउँछन् । हजुरबुबाको पालामा जुत्ता सिलाए वापत अन्य अनाजसँग पनि साट्ने गरेको बताउँछन् । बाबुले सिकाएको छालाको काम गर्ने पेसामा हालसम्म आफू लागेको बताउँछन् । परम्परागत रूपमा छालाको काम/जुत्ता सिलाउने र जुत्ता बनाउने पेसालाई निरन्तरता दिँदै आएका उनले १ छोरा बोर्डिङ्ग स्कुलमा पढाएको र छोराको मासिक खर्च किताब कापी खर्च सबै सोही पेसाले धानेको बताउँछन् । ३०० रूपैयाँ दैनिक रूपमा सङ्कलन गरेका उनले मासिक १५,०००।- भन्दा बढी कमाई रहेको बताउँछन् ।

वैयक्तिक अध्ययन १७ हालसम्म छालाको काम गर्ने पेसामा नै लागेको बाबुले छालाको काम गर्न सिकाएको बाबुले ४० वर्षसम्म कोठा भाडामा लिई जुत्ता सिलाएको, उक्त समयमा एकै ठाउँमा नबसी विभिन्न जात्रा, मेला, चाडपर्वमा बजार लगेर बेच्ने साथै बुटवलसम्म बेच्न पुग्ने गरेको बताउँछन् । वैदेशिक रोजगारभन्दा आफ्नै सिप अनुसारको परम्परागत छालाको काम गर्नाले बाबु बाजेको पेसागत संरक्षण भएको बताउँछन् । लामाचौर चोकमा जुत्ता पसल राखेका उनी, स्कुल तथा क्याम्पसका विभिन्न डिजाइनका जुत्ताहरू बनाउनुका साथै मर्मत समेत गरेको बताउँछन् । कमाईबाट आएको पैसाले दुई छोरी बोर्डिङ्ग स्कुल समेत पढाएका छन् ।

वैयक्तिक अध्ययन ७ का छोरा समेत परम्परागत छालाको काम गर्ने पेसामा संलग्न रहेको बताउँछिन् र वैयक्तिक अध्ययन ३ का बाबु समेत उक्त पेसामा संलग्न रहेको देखिन्छ । आफूले समेत छालाको काम गरेको र जुत्ता सिलाउने पेसामा सानो छँदा बाबुबाट सिकेको र बाबुलाई सहयोग गरेको बताउँछन् । वैयक्तिक अध्ययन १२ का बाबुले १० वर्ष जति ट्याङ्कीमा जुत्ता सिलाएको बताउँछिन् ।

वैयक्तिक अध्ययन १५ का बाबुले छालाको काम गरी जुत्ता सिलाउने झोला मादल बनाई मेला पर्वका दिन लगेर बेच्ने गरेको बताउँछन् । वैयक्तिक अध्ययन ४ का बाबुले विशेषगरी जुत्ता सिलाउने, घोडामाथि बिछ्याउने काठी सिलाउने र घोडाको टाप बनाई हाटबजार, मेलापर्वमा लगेर बेच्ने र नेपालीले बनाएको काठी किन्न भनेर मेला हाटबजार जानेको घुइँचो लाग्ने गरेको बताउँछन् ।

### ५.१.२ हली बस्ने/मुजुरी

सार्की जातिको परम्परागत पेसामध्ये हलो जोत्ने/मुजुरी उठाउने पनि एक हो । आफूलाई आवश्यक पर्ने हलो, जुवा, लिडुल्को आदि सार्की स्वयम्ले बनाउने र चिलाउने कुटुसको काठ प्रयोग गर्दथे । विगतका पुर्खा मध्ये वैयक्तिक अध्ययन ४ का अनुसार जोत्ने कार्यलाई पेसा बनाएको बताउँछन् । साहु मुखियाको घरमा बाबुले मुजुरीका रूपमा वार्षिक अन्न लिने गरी हलो जोतेको बताउँछन् ।

वैयक्तिक अध्ययन १ का अनुसार वर्षभरि मकै, कोदो, धान जुनसुकै बाली लगाए पनि वार्षिक रूपमा ३/४ मुरी धान पाइने बताउँछन् । तरकारीको रूपमा गुन्द्रुक, भट्ट, मस्यौरा, खुर्सानी दिने गरेको बताउँछन् । अन्नको निर्धारण भने जोत्ने घरको जग्गा धेरै भए बढी र थोरै भएको भए थोरै पाइने गर्दथ्यो । वैयक्तिक अध्ययन ६ का हजुरबुबाले गाउँका साहु महाजनको हलो जोत्दै आएको र मुजुरी लिने गरेको बताउँछन् । जुन दैनिक ज्याला भन्दा कमी हुने गरेको बताउँछन् । आजकल हलो जोत्नेको दैनिक ज्याला राम्रो भएको कतै उठाए पनि जोत्ने घरको मात्र दिनको हिसाबले मुजुरी वार्षिक रूपमा लिने गरेको बताउँछन् । हाल एकै घरकाले गोरु पाल्न सक्दैन तसर्थ अन्य बाहिर काम गर्दा गोरु, हलोको पैसा कटाएर दैनिक झण्डै ८/९ सय सम्म पाउने गरेको बताउँछन् तर मुजुरीमा जस्तो वर्षभरि काम नपाई बेरोजगार हुनुपर्ने बताउँछन् । वैयक्तिक अध्ययन १५ ले बाबुले परम्परागत पेसा अनुसार नै हलो जोत्ने गरेको, आफूले बाबुसँगै हलो जोत्न सिकेको बताउँछन् । १५ वर्षको उमेरदेखि २१ वर्षको उमेरसम्म हलो जोतेका मुजुरी उठाएको बताउँछन् । छोराछोरीको पालनपोषण शुरुमा मुजुरीमा हलै जोतेर गरेको र सैनिक जीवनपछि उक्त पेसा अपनाएको बताउँछन् । परेली लगाई हलो जोतेको र अन्त्यमा दैनिक ज्यालामा समेत हलो जोतेको बताउँछन् । विशेषगरी वर्षायाममा हलि बस्ने परम्परा रहेको अध्ययनबाट खुलेको छ ।

### ५.१.३ मेलापात/पर्म

सार्की जातिका अधिकांश महिलाहरू श्रीमान्ले जोत्ने घर या छिमेकीको घरमा मेलापात गरी जीविकोपार्जन गरेको पाइन्छ । वैयक्तिक अध्ययन ९ का अनुसार आमा खेताला जाने, मेलापात जाने गरेको बताउँछिन् । हालसम्म आफू पनि मेलापात गर्दै

आएको र माइतमा पनि सानैदेखि मेलापात गरेकोले पढ्न नपाएको बताउँछिन् । श्रीमान्ले आफ्नो घरमा मात्र जोत्ने गरेको र अर्म पर्ममा मात्र अरूको घरमा जोत्ने र खेताला पर्म लाउने बताउँछिन् ।

वैयक्तिक अध्ययन २० का श्रीमान्ले घरैको हलो जोत्ने, आमाले मेलापात, अर्म पर्म गरेको, आमाले बाबुले अरूको खेती अधिया लिएकाले बाबुले हलि पर्म तथा खेताला पर्म र आमाले खेताला पर्म लगाउने गरेको बताउँछिन् । वैयक्तिक अध्ययन ६ का आमाले पनि खेती मेलापात गरी खेताला पर्म लगाउने र आफ्नो खेती गर्ने गरेको बताउँछन् । वैयक्तिक अध्ययन ८ का अनुसार खेत खनजोत गर्‍यो, बाउसे गयो, पर्म लगायो आफ्नो खेती गर्‍यो तर पैसाको बचत नहुने बताउँछन् ।

### **५.१.४ कृषि पेसा, खेतीपाती, पशुपालन**

हिजोको समाज कृषि पेसामा रही जीवनयापन गर्दै आएको थियो । कृषि पेसाबाट नै परिवारको पालनपोषण गर्ने गरेको जानकारी पाइन्छ । सार्की जातिका पुरुषहरू हलो जोत्ने र महिलाहरू सामान्य घरायसी कामकाजका साथै बाखा, भैंसी, कुखुरा पाल्ने र ज्याला मजदुरीका साथै मेलापात समेत जाने गरेको पाइन्छ । वैयक्तिक अध्ययन १ का अनुसार उनी हलो जोत्ने हली पेसामा आबद्ध रहेको र हली काम गरेबापत वार्षिक अन्न लिने गरेको बताउँछन् । विगतमा युवा पुस्ता प्रौढ व्यक्तिहरू बढी कृषि पेसामा आबद्ध रहेका थिए । सार्की जातिका व्यक्तिहरू गाई गोरुका मासु खाने हुनाले बलिया र शारीरिक रूपमा श्रम गर्न सक्ने भएकोले खेती किसानीमा सहयोग गर्ने, अँधिया खेत कमाउने, हल गोरु पालेर दैनिक मेलापत जाने गरेको अवस्था रहेको सामुहिक छलफल कार्यक्रमबाट जानकारी पाइयो । लामाचौर रहेका मध्य अधिकांशको परम्परागत पेसा कृषि थियो । खेती योग्य जमिनको प्राप्तता र जग्गा कमाएर खान पाउने अवस्थाका कारणले गर्दा पनि कृषि पेसा प्रति मानिसको संलग्नता धेरै पाउन सकिन्छ । त्यसैले ३७ घरधुरी मध्ये सम्पूर्ण घरधुरीका एक न एक कृषि पेसामा आबद्ध रहेको भेटियो । कृषिमा आवद्ध रहेका र अधिया खेती गर्ने भएकाले पशुपालन गर्नेको सङ्ख्या समेत उल्लेखनिय रहेको थियो ।

## ५.२ सार्की जातिको परम्परागत पेसाप्रतिको धारणा

परम्परागत रूपमा गर्दै आएका जातिगत पेसाहरू अहिले पनि सार्कीहरूले अँगाल्दै आएका छन् । विगतमा गर्दै आएका पेसा अन्तर्गत ब्राह्मणले जजमानी गर्ने, विश्वकर्माले फलामको काम गर्ने, परियारले कपडा सिलाउने र पञ्चेबाजा बजाउने, सार्की जातिले छालाको जुत्ता बनाउने, कुमाल जातिले माटाका भाँडा बनाउने, गाइनेले सारङ्गी बजाउने, बोटे जातिले माछा मार्ने, बाँडाहरूले धातुका भाँडा बनाउने जस्ता पेसाहरू अहिले पनि गर्दै आएका छन् । तर आधुनिक समयमा धेरैले परम्परागत पेसा छाड्दै गएको पाइन्छ ।

वार्षिक रूपमा अन्न लिएर जीवन धान्दै आएका सार्की जातिको परमपरागत पेसा संकटमा परेको छ। सम्मपरेका खेतबारी सबैले ट्याक्टरको प्रयोग गर्न थालेपछि गोरु पालेर प्रविधियुक्त हलो जोत्ने परम्परा एकातर्फ घट्दै गएको र जोत्ने मानिस पनि आधुनिक रोजगारीतर्फ प्रवेश गरेको र जोत्दै गरेका मानिस पनि संकटमा परेको अवस्था छ। पहिला पहिला एउटै साहुका धेरै जग्गा जमिन हुने र अनय रोजगारको विकल्प नभएकाले खेती गरी जेनतेन जीवन निर्वाह गर्नुपर्ने अवस्था थियो। अहिले कतिपय जग्गाहरू बाझैँ पल्टिएको अवस्था छ ।

विगतमा सार्की जातिमा आर्थिक विपन्नता भएको कमाइखाने जग्गा जमिन आफूसँग प्रशस्त नभएको कारणले गर्दा परम्परागत पेसामा संलग्न रहनुपर्ने बाध्यता थियो। जागिर खानलाई पढे लेखेको नहुनुले उनीहरूलाई हलो जोत्नुपर्ने, सिलाई पेसा गर्नुपर्ने बाध्यता थियो । तर आजकल पेसामा विविधिकरण आएको छ। शिक्षाको उज्यालो पनि पुग्न थालेपछि रोजगारीका लागि सरकारी एवम् निजी क्षेत्रमा आकर्षण बढेको छ। पोखरा आसपासका सम्पूर्ण क्षेत्रमा प्लटिङ्गको व्यवस्था भएकाले टुक्रेटाक्रे जमिनमा मात्र रहेको र डिविसी गर्नाले खेतिपाती गर्न गाह्रो भएको छ ।

### ५.२.१ पेसाप्रतिको सकारात्मक धारणा

सार्की जातिले अपनाएका परम्परागत पेसाहरूप्रति सार्की जातिको धारणालाई प्रस्तुत गर्न खोजिएको छ। यहाँ सार्की जातिका परम्परागत पेसा अपनाउनु पर्दछ। परम्परागत पेसा छाड्नु हुँदैन भन्ने सार्कीहरूको धारणालाई प्रस्तुत गरिएको छ ।

वैयक्तिक अध्ययन १२ का अनुसार बाबु बाजेको परम्परागत पेसालाई हाम्रो सामुदायले निरन्तरता दिनुपर्दछ। कामले काम सिकाएँछ, सानो ठुलो भइँदैन सोचको

विकास भनेको व्यक्ति विकास हो । आजकल सिकाई पेसा छालाको काम सबै जातिले गर्दै आएकोले प्रतिस्पर्धा गर्नुपर्ने बेला आएको छ भनी बताउछिन् । युवाहरू सचेत रही परम्परागत पेसालाई व्यवस्थित एवम् संयमतापूर्वक अपनाउन सुझाव दिन्छिन् । सार्की जातिको परम्परागत पेसालाई आधुनिकतासँगै समय सापेक्ष परिवर्तन गर्न आधुनिक मेसिनहरू सरकार एवम् राज्य पक्षले सहयोग गरेमा दलितको जीवन यापनमा सहज हुने बताउँछिन् ।

वैयक्तिक अध्ययन २ का अनुसार काम सानो ठूलो नहुने, समय चिनेर काम गर्नुपर्ने, हिजो बाबु बाजेको पालामा बनाएका सामान बेच्न, टाढा जानुपर्ने, विक्री गर्न, मेला पर्न कुर्नुपथ्यो, अन्नसँग साट्नपर्थ्यो अहिले सजिलै सँग बेच विखन पनि हुने र मर्मतका लागि विशेष काम पाइनुले पनि पेसा प्रति सन्तुष्ट भएको बताउँछन् । एउटा गाउँमा २/४ जनालाई यो पेसाले रोजगार राम्रै दिने तर बढी भएमा गाह्रो पर्ने बताउँछन् ।

वैयक्तिक अध्ययन १२ का अनुसार वर्ष भरी साहु महाजनको खेतबारी जोतेर तोकिएको वार्षिक अन्नले दलित दाजुभाईको केवल जीवन निर्वाहमुखी मात्र हुने गर्दथ्यो । आजकल जुनसुकै जातिका मानिसले पनि जोत्न थालेको बताउँछिन् । गोरुको र हल जुवाको पैसा कटाएर दैनिक नौ सय/एक हजारसम्म ज्याला पर्न आउँछ । यो राम्रो आम्दानी हो तर स्वतन्त्र भएर जीवन निर्वाह गर्नको लागि दलित दाजुभाईलाई बेला बेलामा आग्रह गरेको समेत बताउँछिन् ।

वैयक्तिक अध्ययन एकका अनुसार सार्की जातिको परम्परागत पेसाप्रति लक्षित गर्दै उच्च स्तरीय मेशिनबाट सिलाई गर्न सके छालाको कामबाट जीविका चलाउन सजिलो हुने र पुर्खाहरूको पुर्ख्यौली पेसा पनि संरक्षण हुने बताउँछन् । ६३ वर्षको उमेरमा अझ पनि हलो जोत्दै गरेका उनले हलो जोत्ने काम मुजुरीमा नभई दैनिक रूपमा हुनुपर्ने बताउँछन् । हलो जोत्नेलाई पछिल्लो समयमा ज्याला राम्रो भएको बताउँदै दैनिक नौसयदेखि एक हजारसम्म आम्दानी हुने बताउँछन् । परम्परागत रूपमा हलो जोत्ने पेसा शुरुको समयमा भने राम्रै थियो भन्दछन् ।

वैयक्तिक अध्ययन १७ का अनुसार आफनै सीप अनुसारको काम गरी बाबु बाजेको परम्परागत पेसा धान्नु, संस्कृतिको जगेर्ना गर्नु हामी जस्ता कर्मठशील युवाको कर्तव्य भएको र जसले जातीय पहिचानलाई जोगाएछ भन्दछन् । परम्परागत रूपमा हलो

जोत्नु राम्रो होइन भन्दै अब गोरु कसले पाल्न सक्छ, सबैका जग्गा दाजुभाईलाई बाँड्दै बासस्थान बनाउँदै सकियो । महँगीले गर्दा धेरैले जग्गा बेचविखन गरिसके, ट्रयाक्टरले १ दिन लाग्ने खेत २ घण्टामा जोतिसक्छ । त्यसैले यो पेसा युवाबाट विस्तापित भएको छ बताउँछन् । राज्य पक्ष र स्थानीय गाउँ विकास समितिले पनि छालाको काम गर्ने पेसागत व्यक्तिलाई सहयोग गर्नुपर्ने र तालिमको व्यवस्था गर्नुपर्ने बताउँछन् ।

### ५.२.२ पेसाप्रतिको सुधारात्मक धारणा

विगतमा सार्कीले अपनाएँदै आएका परम्परागत पेसामा परिवर्तन आएको छ । यहाँ सार्कीहरूका परम्परागत पेसा प्रतिको सुधारात्मक धारणाको विश्लेषण गरिएको छ ।

सार्कीहरू अन्य जातिका मानिसहरूसँग प्रतिस्पर्धामा जान चाहने, समाजका धनिमानि मानिसहरूसँग पनि अब विगतको जस्तो जग्गा जमिन प्रशस्त नहुनाले मुजुरी गर्न असम्भव भएको बताउँछन् । विशेषगरी बुढापाका मात्र हलो जोत्ने/मुजुरी पेसामा संलग्न रहेको र छोराछोरीले सहयोग नगर्ने र अन्य पेसामा संलगन रहेकाले पनि परम्परागत खेतिपातिमा मन नजाने गरेको पाइयो । मरेको गाइको मासु खाने र तिनै छालाको काम गर्ने भनि हेलत्वको भावले हेर्ने गरेको बताउँछन् । सबैलाई हलो जोत्न छालाको काम गर्न नआउने, आजको प्रतिष्पर्धात्मक समयमा मेखित प्रविधिको प्रयोग गरेर जुत्ता सिलाउन आर्थिक अभावको कारण असम्भव रहेको बताउँछन् । युवा पुस्ताले हलो जोत्ने र छालाको काम गर्न ध्यानै नदिएको महंगो ट्यांकिमारा (कोठामारा) तिर्न धौ धौ पर्ने गरेको बताउँछन् । कामले उचित मुल्य पाउन नसकेको र दुख मात्रै हुने गरेको बताउँछन् । परम्परागत जुत्ता सिलाउने पेसालाई समय सापेक्ष परिवर्तन गर्न आधुनिक मेसिनहरू सरकार एवम् राज्य पक्षले सहयोग गर्नुपर्नै देखिन्छ । तर उनीहरू मौन रहेको, युवा पिढी अन्य वैकल्पिक रोजगारमा संलगन हुन थालेको पाइयो । जबसम्म सार्की समुदाय स्वयं एक आपसमा संगठित हुन सक्दैनन् । तबसम्म सबैले उनीहरूलाई कामको रूपमा मात्र लिने गरेको बताउँछन् ।

हिजो बाबु बाजेको पालामा प्रशस्त अन्न पाइन्थ्यो । अधिकांश मानिसहरू कृषि पेसा अंगाल्थे । समाजमा एक आपसमा मिलेर अर्म पर्म लगाउने मेला जाने परिपाटी रहेको थियो । जसले गर्दा जहान परिवार पाल्न सजिलो थियो । तर अहिले एक व्यक्तिले अर्को व्यक्तिलाई सहयोग नगर्ने र वैकल्पिक पेसा अपनाउन थालेको पाइन्छ ।

आजकालका युवायुवाती सार्कीको परमपरागत पेसाप्रति सन्तुष्ट नभएको र जीवनको वृद्ध अवस्था ५० माथि काटेको पुरुष मात्र जोत्न हिंड्ने गरेको र महिला मेलापात जाने गरेको पाइयो । अबको आठ दश वर्ष पछि छालाको काम गर्ने र हलो जोत्न जान्ने व्यक्ति पाउनै नसकिने भएका छ । दिनभर जोतेर वार्षिक रूपमा अन्न पाउनुपर्ने अवस्थामा दैनिक हलो जोतेर, मजदुरी पाउनुपर्ने अवस्थामा दैनिक हलो जोतेर, मजदुरी गरेर, ज्यालामा काम गरेर, विभिन्न रेडिमेट जुत्ता, जाकेट, पेटी लगाउनाले परमपरागत पेसा लोप भएको बताउँछन् ।

सार्की जातिको परम्परागत पेसालाई जगेर्ना गर्नका लागि दलित सम्बन्धी सरकारी गैर सरकारी संस्था स्थानीय निकायबाट समय सापेक्ष सिलाउने तालिम सहित पेसालाई आधुनिकीकरण गरी व्यवसायीकरण गर्नपर्ने देखिन्छ । आधुनिक रूपमा मेसिन आदिको प्रयोग गरी उद्योग धन्दा खोल्नेले प्रशस्त आम्दानी गरेका छन् । गाउँ समाजमा पेसा जगेर्नाका लागि एकजुट भएर लाग्नुपर्ने र जातीय एकता र पहिचानका लागि समेत लाग्नुपर्ने बताउँछन् ।

# अध्याय छ
# परिवर्तित पेसाहरू र परिवर्तनका कारणहरू

## ६.१ परिवर्तित पेसाहरू

सार्की जातिका परम्परागत पेसाबाट आर्थिक सामाजिक उत्थान हुन नसकेपछि मानिसहरू अन्य पेसातर्फ आकर्षित हुन पुगेको पाइन्छ । शिक्षाको विकास तथा आधुनिक विकाससँगै परम्परागत पेसाहरू कतिपय संकटमा परेका छन् भने कतिपय समय सापेक्ष परिवर्तनको पर्खाइमा रहेका छन् । विगत समयदेखि परमपरागत रूपमा अपनाउँदै आएका पेसाबाट जीवनस्तर माथि उठ्न नसकेपछि पेसा परिवर्तन गर्नु बाध्यता बनेको छ । यिनीहरूको परम्परागत पेसामा आधुनिककीकरण सँगै परिवर्तन आएको छ । आधुनिक प्रविधि, टेलिभिजन, रेडियो, एफ.एम, इन्टरनेट आदिबाट प्रत्यक्ष रूपमा सार्की जातिलाई परम्परागत पेसाबाट विस्तापित गरेको छ । जसले गर्दा हाल लामाचौर गा.वि.स. वडा नं. ३ खत्रीडहर/भक्तिपथमा रहेका सार्की जाति निम्न पेसामा संलग्न रहेको पाइयो ।

### ६.१.१ वैदेशिक रोजगार

लामाचौर ३ मा रहेका ३७ घरधुरी मध्ये १३ घरधुरीको आम्दानीको स्रोत वैदेशिक रोजगार (साउदी, कतार, दुबई, इराक) रहेका छ । हाल वैदेशिक सेनामा कार्यरत ४ जना रहेका छन् । वैदेशिक पेन्सनबाट गुजारा गर्ने १२ जना र अन्य पेन्स बस्ने र विदेश जाने गरेको पाइन्छ ।

सार्की जातिका मानिसहरू थोरै खर्चमा जान सकिने भएकोले भारतमा र केही युवकहरू साउदी अरब, कतार, मलेशियातर्फ जाने गरेको पाइयो । यिनीहरू वैदेशिक रोजगारमा जाने क्रममा वृद्धि हुँदै गएको छ । जसले गर्दा वैदेशिक मुद्रा नेपाल भित्रिएको छ । देशको आर्थिक विकासमा सहयोग पुऱ्याएको छ । जीवनस्तर क्रमशः माथि उठेको छ ।

### ६.१.२ व्यापार

सार्की जातिका चार घरधुरीको पेसा व्यापार व्यवसाय रहेको र सार्की जातिहरू समेत व्यापारमा लागेको पाइन्छ। वर्ष ५६ का पुरुषले आफ्नै घरमा किनारा पसल सञ्चालन गरी बसोबास गर्दै हाएको र उक्त पेसाबाट जीवन निर्वाह भएको बताउँछन् । वर्ष ३४ का पुरुषका दाजुले समेत किनारा पसल थापेका बताउँछन् । वर्ष ३८ की महिलाले समेत घरमा रक्सी पार्ने र उक्त पेसाबाट घर खर्च धानेको र बच्चाको पढाई खर्च पुगेको बताउँछिन् ।

यसरी सार्की जातिका मानिसहरू क्रमशः व्यापारमा संलग्न हुँदै जानुले उनीहरूको सोचाइमा परिवर्तन आएको अनुभूति गर्न सकिन्छ । हिजो सार्कीले छोएको खान नहुने भन्ने समुदाय आज उनीहरूको पसलबाट निर्धक्कसँग समान किन्ने र उनीहरूले पारेको रक्सी खाने गरेकोबाट छुवाछुत प्रथामा समेत कमी आएको र सार्की जातिको जीवनस्तर माथि उठ्न खोजेको व्यापारमा संलग्न हुनेको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको देखिन्छ ।

### ६.१.३ स्वदेशी रोजगार

#### ६.१.३.१सरकारी तथा गैरसरकारी

सार्की जातिमा रहेको अशिक्षाको कारणले गर्दा सरकारी सेवामा प्रवेशमा कमि रहेको पाइन्छ । २०६३ साल भन्दा अगाडि सम्म सार्की जातिका मानिस पनि गैरदलितसँग प्रतिष्पर्धा गर्नु पर्ने बाध्यता रहेको थियो । तर हाल सरकारले दलितको लागि आरक्षणको व्यवस्था गरेको छ । हाल युवा पिढीमा स्कुल जाने पढ्ने संस्कारको विकास भएकोले पुरा पुस्ताका अधिकांश निराक्षर रहेको र अधिकांश युवाहरू भने साक्षर रहेका छन् । युवा पुस्तामा एक जना गाविस मुखिया पदमा कार्यरत रहेको पाइयो । एकजना महिला दलित संस्था सहकारीमा व्यवस्थापक पदमा कार्यरत रहेको पाइयो भने एक जना शिक्षकका रूपमा रहेको पाइयो ।

यसबाट के देखिन्छ भने सार्की जातिका मानिसहरू पनि सरकारी तथा गैरसरकारी संस्थामा रोजगारीमा लाग्ने गरेको तर जागिरमा रहेका पनि सामान्य लेखपढका आधारमा जागिर रहेको पाइन्छ । हाल महिला दलितका लागि नेपाल सरकारबाट विशेष आरक्षणको व्यवस्था मिलाएको छ तर आरक्षणका बारेमा कम जनालाई मात्र जानकारी रहेको छ । राज्यका सबै अंगमा दलितको समेत प्रतिनिधित्व गराउने सकारी उद्देश्यलाई पुरा गर्नका

लागि सार्की जातिका सबै युवा पिढीलाई सरकारी जागिर सम्बन्धी प्रशिक्षण दिनुपर्ने देखिन्छ ।

### ६.१.३.२ औद्योगिक नोकरी

सार्की समुदायमा वैकल्पिक पेसा अन्तर्गत एक जना काष्ट उद्योगमा दैनिक ज्यालामा काम गर्दै आएका र विदेश लागेको पाइयो । घरमा नै काष्ठ उद्योग समेत राखि काम गर्दै आएका थिए । वर्ष ३५ का व्यक्तिले चियापत्ति उद्योग खोली व्यवसाय गर्दै आएको पाइन्छ ।

### ६.१.४ होटल

सार्की जातिका मानिसहरू विभिन्न पेसामा आवद्ध रहँदै आएका छन् । परिवर्तन पेसा मध्य होटल सञ्चालन गर्ने र आफै काम समेत गर्दै आएको पाइन्छ । हिजोसम्म दलितले घैटाको पानी छोएको निऊमा हेडमास्टर कहाँ सजायको लागि भागिदार हुनुपर्ने सार्की जातिहरू ऋण तिनै सार्कीले खान पकाएर सेवा गर्दै आएका छन् । वर्ष ३५ का युवाका तिनै दाजुभाइ होटेलमा सम्बन्धित रहेको होटल व्यवसाय खोल्नु स्वतन्त्र पेसा भएकोले परम्परागत पेसा हटेको बताउँछन् ।

### ६.१.५ निर्माण मजदुर

लामाचौर गाविस ३ मा बस्ने सार्कीहरू परिवर्तित घर निर्माणका काममा समेत संलग्न रहेका छन् । घर निर्माणको मिस्त्री र ज्यामी काममा लागेका छन् । उक्त पेसाबाट उनीहरू सन्तुष्ट रहेका छन् । दैनिक रूपमा आम्दानी हुने र आफ्नो सिप क्षमताअनुसार काम गर्दा आत्मसन्तुष्टी हुने भएकाले यो पेसा अंगालेको बताउँछन् । घर निर्माणका लागि मिस्त्रीका रूपमा काम गर्ने र ज्यामीबाट हाल मिस्त्रीका रूपमा काम गर्दै आएको बताउँछन् ।

### ६.१.६ कृषि पेसा

लामाचौर ३ मा रहेका प्रत्येक घरधुरीका व्यक्तिहरू कृषि पेसामा संलग्न रहेका छन् । कृषि प्रधान मुलुक भएकाले कृषि श्रममा आश्रित रहेका बहुसंख्यक मानिसहरू रहेका

छन् । हली हालका दिन बढ्दो जनघनत्वको चाप र सहरीकरण जग्गा, प्लटिङ गर्ने परिपाटीले गर्दा कृषिमा आधुनिकीकरण एवम् मेशिनरी औजारको प्रयोग हुँदै आएको छ । जसका कारण कृषि पेसामा संलग्न रहि मेलापात जाने र आयआर्जन गर्नेको सङ्ख्या घट्दो रहेको छ । पशुपालनको लागि आवश्यक पर्ने घाँस पराल एवम् दानाको समस्याले गर्दा भैँसी गोरु पाल्नेको सङ्ख्या घटेको र बङ्गुर एवम् कुखुरा पाल्ने गरेको पाइन्छ । खेतीपाती गर्ने सम्बन्धमा कुन वाली लगाउने, कति मल हाल्ने, कस्ता पशु पाल्ने भन्ने कुरामा महिलाको संलग्नता बढिरहेको छ ।

पुरुषले काम गरेको परिश्रमिक दर महिलाको भन्दा दोब्बर रहेको देखिन्छ । पुरुषको ज्याला दैनिक ६ सय र महिलाको ज्याला दैनिक ३ सय मात्र रहेको छ । अधिकांश महिलाहरू कृषिमा मजदुरी (मेलापात, खेताला) गर्ने गरेको र केही अधिया खेत कमाउने तरकारी लगाउने र मेलापातबाट जीवन निर्वाह गरेको पाइन्छ । हाल कृषि पेसामा संलगन रहि घरव्यवहार चलाउँदै आएका छन् । निम्न आर्थिक अवस्थाका कारण जग्गा बेचविखन गरेकाले थोरै बारी खेतमा मकै कोदो लगाउने गरेको बताउँछन् ।

### ६.१.७ यातायात मजदुर

लामाचौर ३ मा रहेका सार्की जातिका मानिसहरू यातयात साधनमा मजदुर पेसामा रही काम गर्दै आएका छन् । वर्ष ५१ काम सार्की युवाले विगत २० वर्ष सैनिक जीवनमा गाडी चलाएको र मनिपाल टिचिङ हस्पिटल हुँदै हाल दुई अघि देखि गण्डकी आवसीय उच्च माविको बस चलाउँदै आएका छन् । जसबाट मानिस १२ हजार तलब पाउने उनी ड्राइभिङ पेसाप्रति पूर्ण सन्तुष्ट रहेको बताउँछन् । वर्ष ४४ का सार्की युवा साइकल भाडामा राखेका र साइकल बनाउने र बेच्ने गरेको पाइन्छ ।

### ६.१.८ छालाको काम गर्ने

परम्परागत छालाको काम गराइमा फरक आएको छ । वैयक्तिक अध्ययन १७ का बाबुले ४० वर्ष पहिले कोठा भाडामा लिई जुत्ता सिलाउने गरेको विभिन्न जात्रा, मेला चाडपर्वमा लगेर बेच्ने गरेको बताउँछन् । पोखरा देखि बुटवल सम्म पैदलै बेच्न पुगेको बताउँछन् तर यिनले भने सटरबाट सम्पूर्ण सामग्री विक्री हुने गरेको चाडपर्व कुर्ने, टाढाटाढा सामान लिएर जान नपर्ने यही विक्रिवितरण हुने बताउँछन् । सामान्य छाला

सिउने मेशिन प्रयोग गरेका उनले जुत्ता बनाउन सजिलो भएको र आम्दानी समेत बढेको बताउँछन् ।

वर्ष ३४ का हिजो बाबु पालामा बनाइउका सामग्री बेच्न टाढाटाढा जानुपर्ने विक्री गर्न मेला कुर्नु पर्ने अन्न सँग साट्नुपर्ने थियो तर अहिले सजिलैसँग बेचविखन पनि हुने र मर्मतका लागि विशेष काम पाइनुले पनि पेसा प्रति सन्तुष्ट भएका बताउँछन् ।

### ६.१.९ हली बस्ने/मुजुरी उठाउने

वर्तमान समयमा हली बस्ने र मुजुरी लिने चलन पूर्ण रूपमा हटी सकेको बताउँछन् । साथै हलो जोत्ने घरमा मात्र दैनिक हिसाबले वार्षिक अन्न लिने चलन कहीकतै भने पाइन्छ । वर्ष ६३ का पुरुषले आजसम्म हलो जोत्दै आएको बताउँदै हलो जोत्नेलाई पछिल्लो समयमा ज्याला राम्रो भएको बताउँदै दिनगन्ती हलो जोत्दा ९ सय सम्म आम्दानी हुने गरेको बताउँछन् ।

## ६.२ पेसा परिवर्तनका कारणहरू

सार्की जाति एक पेसागत जाति भएकाले उनीहरू परम्परागत पेसामा अलमलिएका थिए । साहु महाजनको जालोमा फसेका उनीहरूमा ४६ सालमा बहुदलिय प्रजातन्त्रको आगमन भयो तब मात्र सार्कीहरू केही स्वतन्त्र भएका हुन । त्यसपछि विस्तारै परम्परागत पेसा छाडि नयाँ पेसा अपनाउन थाले । यहाँ के कति कारणले गर्दा सार्की जातिको पेसा परिवर्तन हुन पुग्यो । सो को बारेमा शीर्षकगत रूपमा कारण सहित विश्लेषण गर्न खोजिएको छ ।

### ६.२.१ वैदेशिक रोजगारीको अवसर

२०४६ सालपछि सार्की जातिमा वैदेशिक रोजगारीको लागि विदेश जाने परम्परा बढ्दो रहेको छ । वैदेशिक रोजगारीले सार्की जातिको सपरम्परागत पेसा परिवर्तन गर्न सहयोग गरेको छ । विदेशबाट पैसा कमाएर आफू र परिवारको पालनपोषण गर्ने उद्देश्य लिएर वैदेशिक रोजगारीमा गएको पाइन्छ । वैदेशिक रोजगारीबाट बढी आर्यआर्जन हुने हुँदा र स्वदेशमा गरिने दिनहुँको खर्च धान्न नसकेपछि बाध्यताका साथ विदेश लाग्नुपर्ने बाध्यता परेको छ । वैदेशिक रोजगारीले गर्दा केही सार्कीको जीवन उच्च रहेको छ ।

जसको देखासिकीका रूपमा समेत यस पेसालाई लिने गरेको पाइन्छ। आजबल २२,२२ वर्ष पुगेपछि युवाहरू विदेश जाने सोचाई राख्ने हुनाले पेसा परिवर्तनको प्रमुख कारण मध्ये वैदेशिक रोजगारी एक हो।

### ६.२.२ स्वदेशी रोजगारी

हाल नेपालमा जोसुकै मानिसले कानुन बमोजिम निर्वाद रूपमा पेसा व्यवसाय सञ्चालन गर्नका लागि छुट दिएको छ। जुन सुकै व्यक्तिलाई पनि जात, पेसा, धर्मका आधारमा विभेद गर्न पाइँदैन, गरेमा सजायको भागिदार हुनु पर्ने व्यवस्था गरेको छ। विगतमा जातका आधारमा पेसा निर्धारण गरिने यो परम्परा हाल हटेको छ। सिप, क्षमता, पुँजी अनुसार निर्वाद रूपमा पेसा सञ्चालन गर्न पाइन्छ। सार्की जातिमा हाल पेसा परिवर्तनको लहर चलेको छ। हाल स्वदेशी उद्योग प्रतिष्ठा, कलकारखानामा रोजगारीको अवसर सिर्जना भएको छ। जसको उपभोग सार्की जातिका मानिसहरूले गरेको पाइन्छ। सरकारी कार्यालयमा एवम् संस्थानहरूमा समेत विशेष आरक्षणको व्यवस्था मिलाइएको छ। दलित, पिछडिएका अल्पसङ्ख्यकका लागि विशेष व्यवस्था मिलाइएका सार्की जातिका लागि जागिर र रोजगारीको सिर्जना भएको छ।

विगतमा सार्की जातिले गर्दै आएका परमपरागत पेसाहरू अन्य जातिले समेत गर्दै आएको पाइन्छ। हलो जोत्ने, जुत्ता सिलाउने, पेसा सबै जातिको सहभागिता हुँदै आएको छ, जसले गर्दा पेसा परिवर्तनमा सहयोग गरेको छ।

### ६.२.३ कृषिमा आधुनिकीकरण

विगतमा सार्की जातिका मानिसको प्रमुख आम्दानी स्रोत एवम् जीवन निर्वाह गर्ने माध्यम रहेको, खेती गर्ने जग्गा हाल खण्डीकरण भएको छ। हिजो खेतीका लागि प्रयोग गरिने फाँटहरू आज प्लटिङका नाममा घडेरी विकास भएको छ। विगतमा एक जना व्यक्तिलाई वर्ष दिन भरी जोत्न पुग्ने २० रोपनीको फाँट रहेको हुन्थ्यो। तिनै फाँटमा खेती किसान, मेलापात, हली, गोठाला, खेताला काम गर्ने सार्की विस्तारै अर्को पेसामा परिवर्तन हुनु परेको छ। सम्मो परेका फाँटहरू सबै ट्याक्टरले जोत्ने गर्दछ। मानिसले एक दिनभरी जोत्ने खेत ट्याक्टरले २ घण्टामानै सक्दछ।

### ६.२.४ जीवन स्तरमा आएको परिवर्तन

सार्की जातिका मानिसहरूको प्रयाप्त जमिन छैन । कमजोर आर्थिक अवस्थाका कारण दिनप्रतिदिन जग्गा घट्दो छ । अधिकांशको पाखो भिरालो बारीमा कोदो मकै मात्र हुने जसले केही समय पनि खान नपुग्ने अवस्था रहेको छ । अधिकांश सार्कीको घरमा घरयासी खाद्यान्न सामान सबै किन्नु पर्ने अवस्था रहेको छ । हालको महङ्गी जमानामा उनीहरूको परम्परागत पेसाले मात्र बाँच्न कठिन एवम् असम्भव ठानेकाले परम्परागत पेसामा परिवर्तन आएको छ ।

सार्की जातिले अपनाउँदै आएको परम्परागत पेसामा छालाको काम गर्ने, जुत्ता सिलाउने, वार्षिक मजदुरीमा हलो जोत्ने प्रथालाई हाल अन्य पेसाको दृष्टिमा समान तरिकाले नहेर्ने हुनाले र ६ महिना खेत बारीमा काम गरेपछि ६ महिना खाली हुनुपर्ने अवस्थाले गर्दा दीर्घकालिन आम्दानीको खोजी गर्नु पर्ने र हात मुख जोर्न, औषधी उपचार गर्ने र बालबच्चालाई शिक्षा दिन समेत समस्या परेकोले जीवन निर्वाहको लागि समेत पेसा परिवर्तन भएको पाइन्छ ।

### ६.२.५ सामाजिक प्रतिष्ठा

यातायातको सुविधाको कारणले गर्दा सार्की समुदायले नेपालमा पूर्वदेखि पश्चिम महाकाली सम्म नाता सम्बन्ध गाँसेको पाइन्छ । विवाहको कारणले नातासम्बन्ध कायम रहने र एक स्थानको सामाजिक प्रतिष्ठाको विषय अन्यत्र जाने भएकोले उनीहरूले आफ्नो प्रतिष्ठाको ख्याल गर्ने गरेका छन् । बढ्दो शहरीकरणका कारणले उनीहरू समाजमा प्रतिष्ठित रही जीवन यापन गर्न चाहन्छन् । युवाहरू समाजमा सँगसँगै मिलेर काम गर्न चाहन्छन् । सामाजिक प्रतिष्ठा उच्च राख्ने चाहानाले समेत पेसा परिवर्तन भएको पाइन्छ ।

### ६.२.६ शैक्षिक जागरण

सार्की जातिका छोराछोरीलाई पनि पढाउनु पर्दछ भन्ने भावनाको विकास भएको छ । बैकल्पिक पेसामा लागेकोले एवम् परम्परागत पेसामा नै अँगालेका समेत शैक्षिक चेतना कारणले निजी तथा सरकार बोडिङ्ग स्कुलमा पढाउने गरेको पाइन्छ । आज देश लोकतन्त्रमा अगाडि बढिरहेको र शिक्षाको अवसर पनि व्यापक बनेको छ । सरकारी विद्यालयहरूले निःशुल्क शिक्षा दिइरहेका छन् भने नीजि तथा आवसीय विद्यालयले पनि

केही सङ्ख्यामा गरिब तथा दलित छात्रवृत्ति दिएर निःशुल्क पढाइरहेका छन् । उच्च प्राविधिक शिक्षालाई आरक्षण कोटाहरू पनि छन् । सार्की जातिमा शिक्षा प्रति आकर्षण बढेको छ । जब मानिस शिक्षित हुन्छ तब उसले परम्परागत पेसा छाडि वैकल्पिक पेसा सिप अगाल्न पुग्दो रहेछ । अहिले सार्की जातिका युवा पुस्तामा शिक्षा तर्फको आकर्षण बढेको छ । २००७ साल देखि २०४७ सालसम्म स्कुल जाने क्रम कम रहेको तर हाल वि.सं. २०४७ साल देखि यता शैक्षिक जागरण आएको छ ।

### ६.२.७ सूचना र प्रविधिको विकास

२०४७ सालदेखि यता नेपालमा सूचना र प्रविधिमा व्यापक परिवर्तन आएको छ । रोजगार वैदेशिक रोजगारीका समाचारहरू दैनिक जसो पत्रपत्रिका, एफ.एम. रेडियोले भनिरहेको अवस्था त्यसमा पनि सार्की जातिको परम्परागत हलो जोत्ने र छालाको काम गर्ने पेसामा बढी असर पुगेको पाइन्छ । सूचना र प्रविधिको विकासले पेसामा विविधीकरण गर्ने र पेसा छनोटका अधिकारप्रति सार्कीलाई सचेत पारेको छ । हातहातमा मोबाइल रहेको आजको अवस्थाका देश विदेशका खबरहरू आदानप्रदान हुनाले मानिसको पहिलो प्राथमिकता सञ्चार बनेको छ । जसले सार्कीका युवायुवतीमा असर परेको र त्यसले पेसा परिवर्तन गर्न सहयोगीको भूमिका निर्वाह गरेको छ ।

### ६.२.८ पूँजीवादको प्रभाव

पूँजीवादले समाजमा नयाँ पेसा व्यवसाय र बजारको विकास गरेको छ । यसै अनुसार लामाचौर गाविसका सार्कीहरूमा पनि पूँजीवादको प्रभावसँगै परम्परागत पेसा छाडी वैकल्पिक खालका पेसा अँगाल्दै आएको पाइयो । पूँजीवादका कारणले व्यक्तिवादी सोचको विकास भएको छ । परम्परागत पेसामा पनि व्यवसायीकरण भएको छ । हिजोका हलो जोत्ने मानिस र छालाको काम गर्ने मानिसको काम गर्ने शैलीमा धेरै परिवर्तन पाउन सकिन्छ । अब विभिन्न समुदायले हलो जोत्ने तथा जुत्ता सिलाउने पेसा अपनाएको पाइन्छ । अब तीव्र प्रतिस्पर्धा गर्नुपर्ने भएको छ । जसले गर्दा प्रतिस्पर्धा र आधुनिकता उन्मुख भएको देखिन्छ ।

### ६.२.९ सहरीकरण

लामाचौर गाविसको घोषणा पश्चात यहाँका सार्की जातिमा समेत त्यसको असर परेको पाइयो । हिजो गाउँ अवस्थामा समाजमा एक आपसमा मिलेर बस्ने परम्परा रहेको थियो । आजकल गाविसमा नै विभिन्न जातजातिका मानिसहरूको बसोबास रहने भएकाले यहाँको बसोबासमा समेत असर परेको छ । बढ्दो शहरीकरणका कारणले गर्दा लामाचौर गाउँ नगरमा जोडिएको कारणले विभिन्न खालका अवसर पाइने आसमा बसोबास सर्ने र अध्ययन क्षेत्रमा समेत दिनहुँ घर निर्माण हुने गरेको पाइयो । विगतमा चिनेका सार्की जातिका बारेमा जानकारी व्यक्तिको सङ्ख्या बढिरहेको हुन्थ्यो तर आजकल बढ्दो शहरीकरणसँगै अपरिचित मानिसको बसोबासु बढ्दै गएको छ । एक घरका मानिसले अर्को घरका मानिसलाई नचिन्ने परिपार्टीले गर्दा सहयोगको भावनामा कमी आएको जसले गर्दा पेसा परिवर्तनमा सहयोग गरेको पाइन्छ ।

परम्परागत पेशाले बदलिँदो परिवेशमा अस्तित्वमा रहन गाह्रो भयो, कठिन भयो । जीवन जिउनेदेखि समकालीन आवश्यकता पुरा गर्न, पूँजीवादको आवश्यकता पर्‍यो त्यसको लागि आयआर्जनको क्षेत्र विस्तार र व्यापक बनाउनपर्‍यो । फलतः रुचि, क्षमता र स्रोतको सीमितताका कारण विभिन्न पेशाहरू अँगाल्न थाले ।

### ६.२.१० सामाजिक सुरक्षा

सार्की जातिका मानिसहरू विगतमा परम्परागत पेसामा रही जीवन निर्वाह गरेका थिए । बुढेसकालको उमेरमा परम्परागत पेसा अँगाल्दा बचत गर्न नसकेकोले बुढेसकालमा सहाराविहीन हुनुपरेको अवस्था थियो । त्यसैले पेसामा परिवर्तन आएको छ । उमेर, वैश हुँदा हलो जोत्ने, जुत्ता सिलाउने आज काम गर्न पनि नसक्ने अवस्थामा पुगेका छन् । बुढेसकालमा छोराबुहारीले देलान् र खाउँला भनी बस्नु परेकोले दिन उमेरमै युवापुस्तालाई पैसा कमाउने पेसामा लाग्न सुझाव दिएका छन् । जससम्म सामाजिक सुरक्षाको अनुभूति गर्न पाइँदैन तबसम्म पेसा परिवर्तन भइरहन्छ ।

माथिल्लो अध्ययन एवम् विश्लेषणका आधारमा सार्की जातिको परम्परागत पेसामा क्रमशः परिवर्तन हुँदै आएको पाइन्छ । आजकल राजनैतिक रूपमा समेत सार्की जातिमा चेतनाको विकास भएको छ । टोलविकास संस्थाको अध्यक्ष, सहकारिताको विकास, महिला संघको अध्यक्ष, उपभोक्ता समितिको अध्यक्ष, कोषाध्यक्ष, सचिवसम्म भएका छन् । नपढ्ने

युवा खोज्नुपर्ने अवस्था छ। स्वास्थ र चेतनामूलक कार्यक्रममा स्वयम् अग्रसर भएको पाइन्छ र समाजमा सामुदायिक कार्यविकास गर्नका लागि जातीय सांस्कृतिक रूपमा सङ्ख्या गठन गरेको पाइएको छ। जस्तै : गैरीपिप्ले, मिजार झाँक्री, कुल देवता, व्यवस्थापन समितिले सार्की जातिलाई एकत्रित गरेको छ। यस अध्ययनबाट सार्की जातिको पेसाहरू क्रमशः थपिँदै गएको जसले गर्दा उनीहरूले जीवनस्तर समेत सुधार एवम् परिवर्तन आएको पाइयो। परम्परागत अवस्था अँगाल्नेको भन्दा परिवर्तित पेसा अँगाल्नेको अवस्था धेरै राम्रो रहेको र पेसा परिवर्तनले सार्की जातिको परम्परागत पेसा लोप हुने अवस्था रहेको छ।

# अध्याय सात

# सारांश, निष्कर्ष र सुझावहरू

## ७.१ अध्ययनको सारांश

यस अध्ययनमा सार्की समुदायको परम्परागत पेसामा आएको परिवर्तनको प्रवृत्तिको बारेमा अध्ययनका लागि सार्की जातिको बसोबास रहेको कास्की जिल्लाको लामाचौर गाविस वडा नं. ३ लाई छनोट गरिएको छ ।

परम्परागत पेसामा नै अडिनेको आर्थिक अवस्था कमजोर रहेको अन्य व्यवसाय गर्ने र रोजगारी गर्नेहरूको आर्थिक अवस्थामा सुधार आएको र शैक्षिक स्तर बढ्नुको साथै सामाजिक हैसियत पनि अभिवृद्धि भएको पाइन्छ । परम्परागत रूपमा हलो जोत्ने (मुजुरी), छालाको काम गर्ने (जुत्ता सिलाउने), खेतीपाती र पशुपालन हाल केही सीमित व्यक्तिले मात्र गर्दै आएका छन् । यो पेसा नयाँ युवापिढी मुजुरीको रूपमा हलो जोत्ने र छालाको जुत्ता बनाउने र मेला पर्वमा लगेर बेच्ने पेसालाई नराम्रो ठान्दछन् । त्यसैले बुढापाकाको शेषपछि क्रमशः यो पेसा छाडी युवाहरू नयाँ देखिएको वैकल्पिक आधुनिक पेसाहरू (जस्तै : रोजगारी, व्यवासय, सिपमूलक काम) तर्फ लाग्ने देखिन्छ । सबैको चाहना रोजगारी र व्यवसायतर्फ भएको तर कोहीमा परम्परागत जुत्ता सिलाउने र दैनिक ज्यालाका रूपमा हलो जोत्ने रहेकाले संरक्षण गर्न छाला जुत्ता कारखाना खोल्नुपर्ने र आवश्यक तालिमको साथै पेसावर व्यक्तिलाई सहयोग गरी सार्की जातिको पेसालाई जोगाउनुपर्ने विचार पनि सचेत युवापिँढी र नेतृत्वमा पाइन्छ ।

सन्दर्भ साहित्यको समीक्षा अन्तर्गत सैद्धान्तिक समीक्षा गर्दै जसअन्तर्गत वैज्ञानिक सिद्धान्तहरू परिधिभित्र रही अनुसन्धान गरिएको छ । आधुनिकीकरण सिद्धान्त, संरचनात्मक प्रक्रियावादी सिद्धान्त, उद्विकासवादी सिद्धान्त र मार्क्सवादी सिद्धान्त, विश्व व्यवस्था सिद्धान्त सम्बन्धित रही गरिएको छ । सार्की समुदायको बारेमा विगतमा गरिएका अध्ययन, दलित जातिका बारेमा गरिएका अध्ययनका सामग्री जस्तै पुस्तक, पत्रपत्रिका, लेखरचनाहरू र अप्रकाशित शोधपत्रहरूको अध्ययन एवम् समीक्षा गरिएको छ । परम्परागत पेसाको

परिवर्तनले सामाजिक आर्थिक अवस्थामा पारेको प्रभावका बारेमा केही पूर्व कथनहरूको अध्ययन गरिएको छ । सार्की जातिको ऐतिहासिक पृष्ठभूमिको चर्चा गरिएको छ ।

परम्परागत हलो जोत्ने/मजदुरी पेसामा लागेका छालाको काम गर्ने पेसामा लागेका, परम्परागत कृषि पेसामा लागेका (हलि खेताला) राजनैतिक कार्यकर्ता, सामाजिक कार्यकर्ता, वैदेशिक रोजगारमा लागेका, स्वदेशी रोजगारीमा विद्यार्थी, युवाव्यापारी विभिन्न उमेर समूहका महिलापुरुष र पुस्तान्तर हुने गरी २० जनाको वैयक्तिक अध्ययन गरिएको छ। जसमा यिनीहरूको अध्ययनबाट परम्परागत पेसा छालाको काम गर्ने (जुत्ता सिलाउने), हलो जोत्ने, मुजुरी पेसामा हालसम्म पनि रहेका दुई तीन जना बाहेक अरू सबैको जीवनस्तर आर्थिक अवस्था कमजोर रहेको छ । परम्परागत दैनिक ज्यालामा काम गर्ने कृषि मजदुरी पेसामा रहने पनि छन् भने परिवर्तित आधुनिक पेसा, वैदेशिक रोजगारी, व्यापार, स्वदेशी रोजगार, होटल, यातायातका साधनमा काम गर्न आकर्षित रहेको पाइयो । परम्परागत पेसाप्रतिको धारणालाई सकारात्मक र सुधारात्मक रूपमा राखी विश्लेषण गरिएको छ। सकारात्मक धारणा अन्तर्गत सार्की जातिको परम्परागत पेसा, संस्कृति जगेर्ना गर्नुपर्दछ । मानिसलाई आवश्यक पर्ने जुत्ता, चप्पल, छाता, मादल पुस्तौंदेखि दक्षता हासिल पेसागत सार्की जाति नै बनाउन सिपालु हुनाले यसको संरक्षण गर्नुपर्ने धारणा व्यक्त गर्दछन् । सबै जातिविशेषले उक्त काम गर्दै आएकाले जातीय पहिचान गुम्ने धारणा व्यक्त गरेका छन् भने सुधारात्मक धारणामा परम्परागत पेसाबाट जीवन निर्वाह नभएको प्रतिस्पर्धा रहेको, सामाजिक हेलत्वका दृष्टिले हेरिएको, सामाजिक सुरक्षाको कमी भएको धारणा व्यक्त गर्नेका चर्चा साथै विश्लेषण समेत गरिएको छ। परम्परागत पेसा परिवर्तनका कारणहरूका बारेमा चर्चा गरिएको छ ।

सार्की समुदायको परम्परागत पेसाबाट जीवन निर्वाहमा कठिनाई भएको समुदायले हेलत्वको दृष्टिले हेरेको नियमित आम्दानी नहुनु, ज्यालामा कमी भएको कारणले र आधुनिकता सँगै परम्परागत पेसा छाड्ने र आधुनिक पेसा अँगाल्ने परिपाटीको विकास तीव्र रूपमा बढेको पाइयो । साथै स्वदेशी रोजगारी, व्यापार, वैदेशिक रोजगार, कृषि मजदुर, औद्योगिक मजदुरीमा आबद्धताले उनीहरूको जीवनस्तर केही माथि उठेकोले सुधारोन्मुख रहेको र जसले गर्दा नियमित आम्दानीको स्रोत, सामाजिक मर्यादा बढेको, आम्दानी बढी हुने गरेको देखिन्छ ।

## ७.२ निष्कर्ष

सार्की जातिमा विगतमा रहेको अशिक्षाले गर्दा प्रशासनिक निकायमा र जागिरमा उपस्थिति देखिँदैन । सबै जना शारीरिक श्रममा लागेको पाइन्छ । हाल सार्की जातिमा परम्परागत पेसा अँगाल्नेका बिच ठूलो भिन्नता पाइन्छ । आधुनिक पेसा अँगाल्नेको सामाजिक हैसियत माथि उठेको छ, जसले गर्दा शिक्षाको स्तर पनि राम्रो हुँदै गएको पाइन्छ । छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेतनाको विकास भएको पाइन्छ भने परम्परागत पेसा अँगाल्नेको आर्थिक अवस्था, सामाजिक स्तर र शैक्षिक अवस्था अझै पनि पछाडि परेको छ । सार्की समुदाय आधुनिक पेसातर्फ लाग्नुपर्नेका विभिन्न कारणहरू रहेको पाइयो । परम्परागत पेसाहरूबाट जीवन चल्न कठिनाई भएको, छुवाछुतको दृष्टिले हेरेकोले सामाजिक मर्यादामा कमी भएकोले उक्त पेसा छाडेर स्वदेशी रोजगारी र निजी क्षेत्रमा रोजगारी, व्यापार, वैदेशिक रोजगारी जस्ता आधुनिक पेसामा उनीहरूको सोचाई बढेको देखिन्छ । यसरी आमसञ्चारको प्रविधिले समेत परम्परागत पेसा र संस्कृतिलाई विस्थापन गर्न खोजेको छ । हाल सार्की समुदायले पनि आफूलाई समयको गतिसँगै हरक्षेत्रमा विकास गर्दै लैजानु पर्दछ ।

मार्क्सवादी सिद्धान्तअनुसार सामन्ती उत्पादनको स्वरूपमा समाजमा भूमिपति तथा दास जोताहा वर्गमा समाज विभक्त रहेको थियो । समाज पुरातन धर्म संस्कृति तथा प्रचलनलाई निरन्तरता दिन्थ्यो । जोताहा वर्गहरू सधैँ सम्पन्न/भूमिपतिको पहुँचमा रहन्थे । भूमिपतिहरूको इच्छाहरूले नै ती वर्ग तथा समुदायको जीवन पद्धति चलेको हुन्छ । समाजमा भूमिपति असमानता व्याप्त रहेको हुन्छ । यस व्यवस्थामा धनी, गरिब, सामन्त, दास, शक्तिशाली, निरिह आदि कसैले सिर्जना गरेको नभई पूर्व जन्मको फलको रूपमा लिने भएकाले समाजमा शोषण गर्नु र शोषित हुनु सामान्य रूपमा लिइन्थ्यो । यसैका कारण समाजमा विरोध तथा अन्तरकलह सिर्जना गर्ने परिपाटी थिएन । पछिल्ला समयमा भने भूमिपतिहरूका बढी नियन्त्रण र शोषणले गर्दा जोताहा वर्गमा जागरुकता आएको थियो ।

सार्की जातिमा समेत भूमिपतिले उत्पादनको व्यवस्थापनमा असर पारेको थियो । भूमिपतिका नाममा प्रशस्त जग्गा जमिन रहेको र सार्की जातिका नाममा थोरै मात्र जग्गा रहेको अध्ययनबाट जानकारी पाउन सकिन्छ । सार्की जातिमा रहेको सेवा गर्नुपर्दछ भन्ने सङ्कीर्ण सोचले गर्दा उनीहरूमा उत्पादन प्रणालीमा संलग्नता नरहेको पाइन्छ । सार्की

जातिका महिला पुरुषहरू भूमिपतिका घरमा काम गर्ने, मेलापात गर्ने, हलो जोत्ने काममा संलग्न रहेका थिए। समाजमा असमानता रहेको थियो। वास्तविक जोताहा किसानका नाममा जग्गा थिएन, उनीहरूसँगै भूमिपतिको नियन्त्रणमा रहनुपर्ने बाध्यता रहेको थियो। सधैँ शोषित भई जीवनयापन गरेको पाइन्छ। उनीहरूमा समेत परम्परागत पेसालाई पूर्वजन्मको फलको रूपमा लिने गरेको पाइन्छ। उनीहरूमा समाज विद्रोह गर्ने र अन्तर्कलह ल्याउने गरेको पाइँदैन। सधैँभरि जे पाइन्छ सोहीमा चित्त बुझाइ दुःख सुख जीवन निर्वाह गरेको पाइन्छ। सार्की जातिको परम्परागत पेसाको अध्ययन विश्लेषण गर्दा सामन्ती उत्पादनको ढाँचा अन्तरगत रही गरिएको थियो।

मार्क्सवादी सिद्धान्त अनुसार पूँजीवादी उत्पादनको स्वरूपमा समाजमा पूँजीपति वर्ग र श्रमिक वर्ग रहेका हुन्छन्। जसअन्तर्गत पेसागत जातजातिहरू र अन्य जातजातिका जातिगत समूहहरू र विभिन्न सङ्घसंस्थाहरू आदिको विकास भएको हुन्छ। समाजमा उत्पादन प्रक्रियाका कारणले श्रम विभाजन भई समाज सञ्चालित रहेको हुन्छ। समाजमा महिलाहरू पनि कामका लागि घरबाहिरका उत्पादनमूलक काममा संलग्न रहेका हुन्छन्। आधुनिक मेशिनको प्रयोगले गर्दा परम्परागत श्रमलाई विस्थापन गरेको हुन्छ। परिवारको हकमा संयुक्त परिवारबाट क्रमशः सकारात्मक रूपमा परिणत हुँदै जाँदा परिवारमा वृद्धहरूको स्थिति सुरक्षित नहुने र व्यक्तिवादी प्रवृत्ति विकास हुने र कमाउने धन्दामा नै सबै लाग्ने हुँदा सामाजिक प्रक्रिया प्रचलनहरूमा शिथिलता आउँछ। सामुहिकताको भावना हराउँदै जान्छ, उत्पादनमा हुने अधिकताका कारण उद्योग धन्दाका अझ बढी विकास हुन्छ। समाजमा औद्योगिकीकरणले गर्दा पेसामा समेत परिवर्तन आउँछ। सामाजिक संस्कार र मान्यतामा परिवर्तन ल्याउँछ, मानिसको चिन्तन शैलीमा परिवर्तन आउने भएकलो पूँजीवाद अर्थव्यवस्थाको स्वरूपले समाजलाई औद्योगिकीकरण प्रक्रियामा रूपान्तरण गर्ने हुँदा नयाँ नयाँ प्रविधिको विकासले समाजमा सजिला र अप्ठ्यारा परिस्थितिको सृजना हुन्छ। परम्परागत उत्पादन प्रणालीमा व्यापक परिवर्तन आउँछ। सामुदायिक स्तरको उत्पादन प्रणाली प्रायः समाप्त नै हुन्छ। यसले आन्तरिक उत्पादन रोजगारी परम्परागत ज्ञानको प्रयोग आदिमा नकारात्मक असर पार्दछ।

यस उत्पादन ढाँचा अन्तर्गत सार्की जातिलाई राखेर अध्ययन गर्नुपर्दा पूँजीवादको प्रभावले गर्दा उनीहरूमा पेसा परिवर्तनको लहर चलेको पाइयो। अधिकांश सार्की जातिका

युवाहरू वैदेशिक रोजगारीमा जाने गरेको र स्वदेशमा समेत विभिन्न औद्योगिक काममा संलग्न रहेको बढ्दो सूचना र प्रविधिका कारणले गर्दा अन्य रोजगारी सम्बन्धी ज्ञान भएको पाइयो । सार्की समुदायमा समेत विदेश जाने मोह र विदेशीहरूले समेत सार्की जातिको परम्परागत पेसाका बारेमा खोज अनुसन्धान गरेको पाइन्छ । विगतमा धान चामल अन्नसँग साटिने (छालाको काम) निर्मित जुत्ता आजकल नगदमा साटिने र दैनिक ५।६ सयसम्म कमाउने गरेको पाइयो । सार्की जातिमा आएका चेतनाको विकास र औद्योगिकीकरणका कारणले र पूँजीवादी प्रभावले गर्दा उत्पादन प्रणालीमा परिवर्तन आएको पाइन्छ । महिलाहरू पनि निर्माणका काममा व्यापारमा संलग्न रहेको र महिलाहरू क्रमशः आत्मनिर्भर हुने खालका उत्पादन प्रणालीमा आबद्धता रहेको पाइयो । पूँजीवादका कारण विगतमा परम्परागत पेसामा रहेको मानिस हाल वृद्ध अवस्थामा भोकै बस्नुपर्ने अवस्था आएको छ । पूँजीवादी उत्पादन ढाँचा अनुरूप सार्की जातिको पेसा परिवर्तनको प्रक्रियाका बारेमा विश्लेषण गरिएको थियो । आधुनिकीकरणको प्रभावले विविध पेसा र रोजगारीका अवसरहरूको सिर्जना भएको हुनाले परम्परागत पेसाप्रतिको नकारात्मक (सुधारात्मक) धारणाको विकास र प्रभाव पारेको देखिन्छ । सार्की समुदायका लागि स्वदेशमा रोजगारीको अवसर सृजना गरी स्वरोजगार व्यवसाय सञ्चालन सिप विकास गरी दलित नाममा खोलिएका सङ्घसंस्था, सरकारी तथा गैरसरकारी निकायसँगको सहकार्यबाट सार्की जातिको उत्थानमा लाग्ने र सार्की जातिको पेसागत संस्कृतिको जगेर्ना गर्ने इच्छाशक्ति सहितको सार्थक कदम चाल्न सकेमा भावी पुस्ताले समेत सार्की जातिको परम्परागत पेसा देख्न पाउने छन् । परम्परागत पेसालाई परिमार्जित गरी उद्योग/कारखानाका रूपमा आधुनिकीकरण गर्न सके राम्रो आम्दानी हुने रूपमा अपनाउनेहरू त्यस पेसामा अडिने र बाँकी पलायन हुने देखिन्छ । समाजमा छुवाछुतको अन्त्य नभएको र अधिकांश व्यक्तिहरूले हेलाहा गरेको, प्रतिष्ठामा कमी आएको कारणले पेसा परिवर्तनमा असर परेको देखियो । हाल परम्परागत सोचमा परिवर्तन आई अछुत कायम गरिएका सम्मानित सार्की जातिमा क्रमशः आधुनिकताको प्रभाव परेको छ । विगतदेखि हाम्रो समाजले यस जातिलाई दलित, अछुत जातिको रूपमा हेरेको तथा आफ्नो पुर्ख्यौली पेसा अपहेलित भएको, उचित सम्मान नभएको, बाँच्न कठिन भएको हुनाले उनीहरूले अन्य पेसा अँगाल्न थालेको पाइयो ।

## ७.३ सुझावहरू

सार्की जाति नेपालकै पेसागत समुदाय हो । सार्कीहरू सामाजिक, आर्थिक र राजनैतिक रूपमा हालसम्म पछाडि रहेका छन् । केवल पेसागत रूपमा मात्र धनी सार्की समुदायलाई सबल बनाउनका लागि गरिबी न्यूनीकरण, जातीय छुवाछुत र अशिक्षाबाट मुक्त बनाउनुपर्छ । सार्की जातिको उत्थानको लागि दलितसँग सम्बन्धित दलित उत्थान समन्वय समिति, नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट उचित कदम चाली सार्की जातिको उत्थानको लागि कार्यक्रम तय गर्नुपर्ने देखिन्छ । सार्की जातिका लागि सिपमूलक प्राविधिक शिक्षा विनाधितो ऋण, सार्की जातिका बालबालिकाका लागि गुणस्तर शिक्षा, उच्च शिक्षासम्म निःशुल्क पठनपाठन शैक्षिक सामग्रीको उपलब्धता, विद्यालय खाजा, कार्यक्रम, सार्की जातिको युवायुवतीका लागि जीवन उपयोगी सिपअन्तर्गत विभिन्न किसिमका छाला र आवश्यक सामानका बारेमा कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

सार्की जातिको छालाको जुत्ता सिलाउने र पेसागत संस्कृतिको महत्व रहेको हुनाले संरक्षण गर्नुपर्ने देखिन्छ । सम्पूर्ण सार्की जातिलाई एक आपसमा बाँधिने गरी सार्की हकहित संरक्षण केन्द्र स्थापना दर्ता गरी सोही संस्थामार्फत आवश्यक विविध कार्यक्रम सञ्चालन गर्नुपर्ने र दलित अल्पसंख्यक सार्की जातिलाई स्थानीय निकायबाट विनियोजन गरिने रकम समेत सही सदुपयोग गर्नुपर्ने देखिन्छ । सोका लागि अभियान सञ्चालन समेत गर्नुपर्ने देखिन्छ ।

- सार्की जातिमा रहेको हीनताबोध नैराश्यता आत्मग्लानिको अवस्थालाई सामाजिक, कानुनी र राजनैतिक तहबाट समाधान गरी शहरी गरिबी न्यूनीकरण गर्नुपर्ने ।
- सार्की जातिका बारेमा परम्परागत पेसामा गर्न सकिने सुधार बारेमा अभिमुखीकरण गर्ने र सामाजिक राजनैतिक चेतनाको विकास गर्नुपर्ने ।
- छुवाछुत सम्बन्धी कानुनी नियमलाई व्यवहार संगत सबैले पालना गर्नुपर्ने ।
- सार्की जातिका पेशा परिवर्तन सम्बन्धी उचित तालिम, अभिमुखीकरण, सुलभ ऋण, विधि, प्रविधि, काम र स्वरोजगारप्रति सम्मानको भावना जागृत गर्नुपर्ने ।

# सन्दर्भ सामग्री


आहुति (सन् २००४), **हिन्दु समाजमा दलित जातीय मुक्तिको प्रश्न**, नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तनमा उद्धृत ।

इन्सेक (१९९३), **नेपालमा जातीय छुवाछुत,** काठमाडौँ : अनौपचारिक क्षेत्र सेवा केन्द्र ।

ए.पि., कप्लान (१९७२), **प्रिष्ट एण्ड कब्लर्स,** लण्डन : इन्टेष्ट पब्लिसर्स ।

के.सी., सुरेन्द्र (२०५६), **नेपालमा कम्प्युनिष्ट आन्दोलन,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खतिवडा, सोमप्रसाद र पेशल दाहाल (२०५७), **नेपाली समाज र संस्कृति नेपाली,** काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

गिरी, जीवेन्द्र देव (२०५४), **दलित समुदायका शैक्षिक तथा सांस्कृतिक समस्या र समाधनका उपायहरू,** ..................... ।

गुरुङ, के.बि. (२०६२), **समता सन्देश,** काठमाडौँ : समता समाज प्रकाशन ।

गोरखापत्र दैनिक (४ वैशाख २०५७, ९ वैशाख २०६२, २४ मंसिर २०६५) ।

**दलित समुदायका समस्या विषयक राष्ट्रिय परामर्श कार्यक्रम,** काठमाडौँ : अन्तर्राष्ट्रिय ऐक्यबद्धता समूह (ग्रिन्सो)

**नेपालको अन्तरिम संविधान २०६३** (दो.सं.), २०६४), काठमाडौँ : हिमाली प्रकाशन ।

नेपाल सरकार स्थानीय विकास मन्त्रालय, पुलचोक, ललितपुर ।

नेपाली बृहत् शब्दकोश (२०५०), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पराजुली, शेखर र भाष्कर गौतम (२०५८), **पत्रकारिता दलितको न्यून सहभगिता विकास,** वर्ष १०, अङ्क २० भदौ), "छापामा दलितमा उदृत"

पाण्डे, मधुसुदन (२०६३), **नेपालका दलितहरू,** काठमाडौँ : पैरवी प्रकाशन ।

पौडेल, डि.आर. (२०६५), **नेपाली समाजमा दलित,** काठमाडौँ : आत्मनिर्भर विकास मन्च ।

बराइली, रणेन्द्र (२०६४), **नेपाली दलित आन्दोलन एक पचिरय,** काठमाडौँ : आत्मनिर्भर विकास मन्च ।

बिष्ट, डोरबहादुर (१९९१), **फेटालिज्म डेभलपमेन्ट,** लन्डन : पब्लिर्सस ओराइन ।

बिष्ट, डोरबहादुर (२०५५), **सबै जातको फूलबारी,** ललितपुर : साझा प्रकाशन ।

विश्वकर्मा, पद्मलाल (२०६२), **नेपालका दलित र मानव अधिकार,** "नेपालको मानव अधिकार तथा कानुनी उपचार" मा उदृत ।

रावल, धनबहादुर (२०५९), **बझाङ जिल्ला मटेला गा.वि.स. वडा नं. ७ जीवली गाउँका सार्की जातिको सामाजिक तथा आर्थिक पक्षको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

राष्ट्रिय योजना आयोग (२०५५), **नवौं योजना (२०५४-२०५९) मा दलित तथा उपेक्षित समुदाय सम्बन्धी नीति तथा कार्यक्रम,** "छापामा दलितमा" उदृत ।

रिटजर्ज, जर्ज (२०००), **क्लासिकल सोसियोलोजिकल थेउरी** (तेस्रो संस्करण), बेस्टन म्याग्रोहिल ।

स्थानीय विकास मन्त्रालयको वार्षिक प्रतिवेदन (२०६३) ।

हेमचुरी, कमला (१९९९), **दलित महिलाहरूको चुनौती र सम्भावनाहरू,** सेन्टर फर इकोनोमिक एण्ड टेक्निकल स्टडिज (सेट्स) द्वारा फेडरिक एवर्ट स्टिफटुङ्गको सहयोगमा आयोजित प्रजातन्त्र र दलित समाजमा छुवाछुतको समस्या विषयक राष्ट्रिय गोष्ठीमा प्रस्तुत कार्यपत्र ।

## अनुसूची (क)

# प्रश्नावली सूची/आधारभूत जानकारी

ठेगाना : जाति : लिङ्ग :

लामाचौर गा.वि.स. वडा नं. ३ (भक्तिपथ, खत्रीडहर निवासी वर्ष ......... का ..........................................)

- तपाईको परिवार सङ्ख्या कति छ ?

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- तपाईको मुख्य पेसा के हो ?

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- तपाईको परम्परागत पेसा के हो ?

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- तपाईको परम्परागत पेसाबाट तपाईको जीवन गुजारा चल्छ ?

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- तपाईको परिवारका सदस्य अन्य के के पेसामा रहेका छन् ?

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

- तपाईको परिवारमा को को कति कति वर्षका हुनुहुन्छ ?

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

- तपाईको कुन कुन रोजगारीबाट मासिक कति आम्दानी हुन्छ ?

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

- तपाईको परिवारमा कति कति पढ्ने कति जना हुनुहुन्छ ?

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

- तपाईको परिवारको आम्दानीले खाना, स्वास्थ्य, उपचार र शिक्षामा कति कति खर्च गर्नुहुन्छ ?

……………………………………………………………………………………………

……………………………………………………………………………………………

……………………………………………………………………………………………

- तपाईको भविष्यको जीवनस्तर उठाउन के गर्नुपर्छ भन्ने ठान्नुहुन्छ ?

........................................................................................................

........................................................................................................

........................................................................................................

- तपाईलाई यस पेसामा सुधार ल्याउन के कस्तो संस्थाले सहयोग गरेको छ ?

........................................................................................................

........................................................................................................

........................................................................................................

- तपाई आफ्ना छोराछोरीलाई के पेसामा लगाउन चाहनुहुन्छ ?

........................................................................................................

........................................................................................................

........................................................................................................

- तपाईसँग जमिन कति छ ?

........................................................................................................

........................................................................................................

........................................................................................................

- तपाईको छिमेकीसँग कस्तो सम्बन्ध छ ? किन ?

........................................................................................................

........................................................................................................

........................................................................................................

- तपाईको मासिक वचत हुन्छ कि हुँदैन ?

क) हुन्छ (    )          ख) हुँदैन (    )

- विवाह भएपछि छुट्टिएर बस्नुपर्नाको कारण के हो ?

  क) घरमा कोठा नभएर ( )

  ख) आफ्नो खुट्टामा उभिन सक्ने भएर ( )

  ग) चलनै यस्तो भएर ( )

- तपाईको छिमेकी छुत (उपल्लो जात भनिने) सँग सम्बन्ध कस्तो छ ?

  क) मित्रतापूर्ण ( ) ख) राम्रै ( )

  ग) ठिकठिकै ( ) घ) खराब ( )

- तपाईको परिवार कस्तो हो ?

  क) संयुक्त ( ) ख) एकल ( ) ग) अरू कुनै ( )

- तपाईको विचारमा कस्तो विवाह राम्रो हुन्छ ?

  क) मागी विवाह ( ) ख) प्रेम विवाह ( )

  ग) अन्य कुनै ( )

- परम्परागत पेसाप्रति तपाईको धारणा के छ ?

  क) ठिक छैन ( ) ख) राम्रो छ ( )

- के तपाईलाई परम्परागत पेसाले जीवन निर्वाहका लागि पर्याप्त पुग्छ ?

  क) पुग्छ ( ) ख) जेनतेन ( )

  ग) निर्वाह हुन्छ ( ) घ) पुग्दैन ( )

- भविष्यमा तपाईको छोराछोरीले के पेसा गरुन् भन्ने चाहनुहुन्छ ?

  क) परम्परागत पेसा ( ) ख) नोकरी/रोजगारी ( )

  ग) कृषि ( ) घ) व्यापार ( )

  ङ) अन्य कुनै ( )

- तपाईको मासिक आम्दानी कति हुन्छ ?

  क) रु ३००० भन्दा कम (    )  ख) रु ३०००-रु ६००० सम्म (    )

  ग) रु ६००० भन्दा माथि (    )

- तपाईको शैक्षिक अवस्था कस्तो छ ?

  क) अशिक्षित (    )  ख) साक्षर (    )

  ग) एस.एल.सी पास (    )  घ) आइ.ए. पास वा सो सरह (    )

  ङ) स्नातक (    )  च) स्नातकोत्तर (    )

पारिवारिक विवरण

| क्र.सं. | नाता | उमेर | साक्षर | निरक्षर | शिक्षित |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

- वार्षिक कृषि उत्पादन मुरीमा

  क) धान ....................  ख) मकै ....................

  ग) कोदो ....................  घ) तोरी ....................

  ङ) आलु ....................  च) अन्य ....................

- आफ्नो आम्दानीले कति समय खान पुग्छ ?

  क) ० देखि ३ महिना (    )  ख) ३ देखि ६ महिना (    )

  ग) ६ देखि ९ महिना (    )  घ) ९ देखि १२ महिना (    )

- फलफुल खेती र नगदेबालीबाट हुने वार्षिक आम्दानी

  रु. ............................

- घरको आयस्रोतले खान लाउन पुग्छ ?

  क) पुग्छ ( ) ख) पुग्दैन ( )

- पुग्दैन भने कस्तो काम गर्नुहुन्छ ?

  क) ज्याला मजुदरी ( ) ख) अन्य ( )

- काम खोज्न कहाँ जानुहुन्छ ?

  क) ............................ ख) ............................

- ऋण सापट लिने गरेको छ कि छैन ?

  क) छ ( ) ख) छैन ( )

- छ भने ऋण सापट कोसँग लिनु हुन्छ ?

  क) बैङ्कसँग ( ) ख) साहुमहाजनसँग ( )

  ग) छिमेकीसँग ( )

- साहुमहाजन अन्तर्गत को पर्दछन् ?

  क) धनी सार्की ( ) ख) बाहुन ( )

  ग) क्षेत्री ( ) घ) अन्य ( )

- ऋण केका लागि लिएको ?

  क) खाना खर्चको लागि ( ) ख) लुगाफाटा किन्नको लागि ( )

  ग) घर बनाउनका लागि ( ) घ) विवाह गर्नका लागि ( )

  ङ) पढाई खर्चका लागि ( ) च) अन्यको लागि

- घरको किसिम

  क) कच्ची (   )   ख) पक्की (   )

- छानाको प्रकार

  क) जस्ता (   )   ख) खर (   )   ग) ढुङ्गा (   )

- गाह्रोको प्रकार

  क) ढुङ्गामाटाको (   )   ख) सिमेन्टीको (   )

- परम्परागत पेशाबाट वार्षिक आय कति हुन्छ ?

  क) बालीबाट (अन्न) मुरी ....................   पाथी ............................

  ख) ज्यालाबाट .........................   ग) अन्य .........................

- परम्परागत पेशामा सघाउने छोराछोरीको सङ्ख्या

  क) छोरी (   )   ख) छोरी (   )   ग) कोही छैन (   )

- परिवारका सदस्य देश बाहिर गएको भए त्यसको विवरण

  क) छन् (   )   ख) छैनन् (   )

- विदेश जाँदा कसरी गए ?

  क) आफुखुशी (   )   ख) अरूको लहैलहैमा लागेर (   )

  ग) पैसा कमाउन (   )   घ) विदेश हेर्ने रहरले (   )

- चर्पी छ कि छैन ?

  क) छ (   )   ख) छैन (   )

- छ भने कस्तो छ ?

.................................................................................................

.................................................................................................

.................................................................................................

- सञ्चारका साधन के के छन् ?

क) रेडियो ( ) ख) टेपरिकर्डर ( )

ग) टेलिभिजन ( ) घ) भिडियो डेक ( )

- घरमा बिजुली सुविधा छ कि छैन ?

क) छ ( ) ख) छैन ( )

- तपाईको घरमा तल उल्लेख भएका मध्ये कुन कुन समान छन् ?

क) रेफ्रिजेरेटर ( ) ख) मोटरसाइकल ( )

ग) साइकल ( ) घ) वासिङ्ग मेसिन ( )

ङ) अन्य ( )

- खाना पकाउनको लागि के प्रयोग गर्नुहुन्छ ?

.................................................................................................

.................................................................................................

.................................................................................................

- तपाईले आफ्नो परम्परागत पेशा (जुत्ता सिउने) गर्दै हुनुहुन्छ ?

क) छ ( ) ख) छैन ( )

- छ भने त्यसमा आएका समस्या के छ ?

.................................................................................................

..............................................................................................................

..............................................................................................................

- छैन भने किन छोड्नुभएको ? कारण ।

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- जाति अनुसार गरिने मुख्य पुजाआजा

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- वर्षभरि मनाइने चाडपर्वहरू

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- आफ्नो जीवनक्रममा गरिने संस्कारहरू

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- छोराछोरीको अन्तरजातीय विवाह भएको छ ?

क) छ (   )       ख) छैन (   )

- यदि विवाह भएको भए कहिले ? कहाँ ? कोसित ? कसरी ?

  ......................................................................................................

  ......................................................................................................

  ......................................................................................................

- तपाईका छिमेकका अन्य दलित (कामी, दमाई, सुनार) जातिले तपाईसँग कस्तो व्यवहार गर्दछन् ?

  क) समान (   )     ख) असमान (   )

- तपाईले अन्य दलित जातिसँग कस्तो व्यवहार गर्नुपर्छ ?

  क) माथिल्लो जातिलाई गरिने व्यवहार (   )

  ख) आफूभन्दा तल्ला जाति मानेर गरिने व्यवहार (   )

- छिमेकका अन्य जाति जनजातिले तपाईलाई कस्तो व्यवहार गर्दछन् ?

  क) समानमूलक (   )     ख) असमानमूलक (   )

- चिया पसलमा पसलेले तपाईसँग समान व्यवहार

  क) गर्छ (   )     ख) गर्दैन (   )

- गर्दैन भने

  क) तपाईलाई अलग चिया दिन्छ। (   )

  ख) चिया खाएपछि गिलास धुन लगाउँछ। (   )

  ग) अरू ग्राहक आएपछि अलग बस्न भन्छ। (   )

- तपाई वर्तमानको अवस्थामा सन्तुष्ट हुनुहुन्छ ?

  क) छु (   )     ख) छैन (   )

- छैन भने किन ?

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

- तलका जनजातिहरूले तपाईलाई उनीहरूका घरको कहाँसम्म पस्न दिन्छन् ?

| | पिढीसम्म | तलासम्म | भान्छासम्म |
|---|---|---|---|
| क) कामी, दमाई<br>ख) जनजाति<br>ग) ब्राह्मण, क्षेत्री | | | |

- सामाजिक र आर्थिक अवस्था माथि उठाउने सम्बन्धमा केही भन्न चाहनु हुन्छ कि ?

.....................................................................................................

.....................................................................................................

.....................................................................................................